


# ओरेक

## वार्षिक प्रगति प्रतिवेदन

२०७६/७७

WOMEN'S REHABILITATION CENTRE
NEPAL 1991

WOREC

# वार्षिक प्रगति प्रतिवेदन

२०७६/७७

WOREC

ललितपुर, नेपाल

# विषय-सूचि


भूमिका ७
१. संस्थाको परिचय १०
२. महिला हिंसाविरुद्धको अभियान १३
३. महिला स्वास्थ्य अधिकार कार्यक्रम ४१
४. महिलाको गतिशीलताको अधिकार तथा सुरक्षित स्थानागमन कार्यक्रम ५०
५. दिगो जीविकोपार्जन कार्यक्रम ६३
६. महिलावादी नेतृत्व ७४
७. प्रकाशन ७६
८. पत्रपत्रिकामा प्रकाशित ओरेकसँग सम्बन्धित केही समाचारहरु ७८
९. आ.व. २०७५/०७६ को आयव्ययको विवरण ७९

# भूमिका

महिला अधिकार आन्दोलनको इतिहासको एक हिस्साको रुपमा ओरकले आफ्ना अभियानमूलक गतिविधिहरूलाई स्थापित गरेको छ । स्थापनादेखि नै महिला अधिकारका सवाललाई समुदायतहदेखि उठान गरि सम्बोधनका लागि राज्यको नीति निर्माण तहमा पैरवी गरिरहेको यससंस्था महिलाको मानव अधिकार र समाजिक न्यायमा समर्पित छ । नेपालको संविधान २०७२ ले प्रस्तावनादेखि नै सबै किसिमको विभेदको अन्त्य गर्ने संकल्प गरि महिला, बालबालिका, दलितको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । संविधानले विशेष गरि महिलालाई अंश र बंशको समान हकको व्यवस्था, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यको हक, हिंसाविरुद्धको हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुन पाउने हक, शिक्षा, स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था साथै सम्पत्ति तथा पारिवारिक मामलामा दम्पत्तिको समान हकको व्यवस्था गरेको छ । संस्थाले देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू भएसँगै सामाजिक रुपान्तरणका लागि राज्यका तीनवटै तहसँग सहकार्य गरि सामाजिक सचेतना, सशक्तिकरण तथा पैरवीका कार्यहरू गरिरहेको छ ।

प्रदेश तथा स्थानीय तहमा जननिर्वाचित जनप्रतिनिधि आएसँगै लैङ्गिक समानताका लागि नीतिगत व्यवस्था गर्न संस्थाले सुरुवाती बेलादेखि नै सहजीकरण तथा पैरवी गरिरहेको छ । यसवर्ष पनि संस्थाले आफू कार्यरत जिल्लाका स्थानीय तहहरूमा लैङ्गिक समानता नीति तथा रणनीति, लैङ्गिक उत्तरदायी बजेटका लागि सहजीकरण तथा पैरवी गरेको छ । संस्थाले ११ वटा जिल्लाको २९ वटा स्थानीय तहमा लैङ्गिक नीति निर्माणको मस्यौदा तयारीका लागि सहजीकरण गरेको छ । कतिपय जिल्लामा लैङ्गिक नीति निर्माण भई कार्यपालिकाबाट पारित भएको अवस्था छ भने कतिपयमा मस्यौदा निर्माणका लागि समिति गठन भई कार्य भइरहेको छ । संस्थाले सामुदायिक संस्थाहरूको नेतृत्वमा स्थानीय सरकार, महिला सञ्जाल, महिला मानव अधिकार रक्षक सञ्जालको सहकार्यमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरू लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान, अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस, अन्तर्राष्ट्रिय शान्ति दिवस, बालिका दिवस, अन्तर्राष्ट्रिय युवा दिवसलाई एक अवसरको रुपमा लिई आफ्ना अभियानहरू समुदायतहसम्म व्यापक गरेको छ ।

हिंसा मुक्त जीवन बाँच्न पाउनु महिलाको मानव अधिकार हो र संवैधानिक हक भएतापनि हाम्रो समाजमा महिलाहरू हिंसामा बाँच्न बाध्य छन् । हिंसा प्रभावितहरूले सुरक्षित रुपमा न्याय पाउने अधिकारको सुनिश्चितताका लागि संस्थाले सहयोगी संयन्त्रको सवलीकरणका लागि सहयोग तथा सुरक्षावास संचालन गरिरहेको छ । हाल संस्थाले ६ वटा जिल्लामा सुरक्षावास संचालन गरिरहेको छ । स्थानीय तहमा सुरक्षावासको महत्वको बारेमा गरिएको निरन्तरको पैरवी पछि हाल ४ वटा स्थानीय तहले सुरक्षावास व्यवस्थापनमा सहकार्य गरि सेवा प्रदान गरेका छन् भने केही स्थानीय तहमा संस्थाको व्यवस्थापकीय तथा प्राविधिक सहयोगमा पालिका आफैंले सुरक्षावास सेवा संचालन गरेका छन् । हिंसा प्रभावितहरूको सहयोगका लागि स्थानीयतहदेखि राष्ट्रियतहसम्म गरेको निरन्तरको पैरवीले यसवर्ष नीतिगत रुपमा नै सबै स्थानीय तहमा लागू हुने गरि लैङ्गिक हिंसा निवारण कोषको स्थापना भएको छ ।

राज्यले अनुमोदन गरेका विभिन्न अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूको कार्यान्वयनका लागि सरोकारवालाहरूको ध्यानाकर्षण गराई स्थानीय समुदायलाई सुसूचित गराउने कार्यहरू भएको छ । विशेष गरि सिड, मानवअधिकार, दिगो विकास लक्ष्यका सूचकहरूको बारेमा अभिमुखीकरण गरि स्थानियकरणका लागि सम्बन्धित सबै सरोकारवालहरूलाई जानकारी गराइएको छ । सिमान्तकृत तथा हिंसा प्रभावित र द्वन्द्व प्रभावित महिलाको आर्थिक सशक्तिकरण तथा दिगोजीविकोपार्जन का लागि प्राविधिक ज्ञान तथा सीप प्रवर्द्धन गरि व्यावसायिकताको लागि संस्थाले सहयोग गरिरहेको छ । स्थानीय तह तथा सरकारी निकायहरूसँग भएका सेवा सुविधामा कृषकहरूको पहुँच अभिवृद्धिका लागि सहयोग भएको छ । संस्थाले लामो समयदेखि महिलाको पहिचान र शरीरमाथिको अधिकारका लागि महिला स्वास्थ्य अधिकारको सवालमा समुदायस्तरमा महिला स्वास्थ्य अधिकार कार्यक्रममार्फत महिला स्वास्थ्य परामर्श

केन्द्र, मनोविमर्श केन्द्र, महिला स्वास्थ्य मेला संचालन गरि सचेतनाका साथै स्थानीय सरकारलाई महिलाको स्वास्थ्य अवस्था र त्यसको कारणको बारेमा जानकारी गराइ सम्बोधनका लागि पैरवी गरिरहेको छ । जसका कारण दाङको शान्तिनगर गाउँपालिकाले महिला स्वास्थ्य नीति निर्माण गरि योजनाबद्ध रुपमा कार्य गरेको छ भने अन्य स्थानीय तहले महिला स्वास्थ्य मेलाको लागि कार्यक्रमसहित बजेट विनियोजन तथा महिला स्वास्थ्य मेला संचालनमा सहकार्य गर्ने गरेका छन् । यसै गरि मनोविमर्शकेन्द्र संचालनका लागि पालिका तथा वडामा सहकार्य भएको छ । पालिकामा मनोसामाजिक सहयोगका लागि मनोविमर्शकर्ताको आवश्यकताको बारेमा निरन्तर गरिएको पैरवीको कारण यस वर्ष ७ वटा पालिकाले महिलाहरूलाई मनोविमर्शकर्ता तालिमका लागि बजेट विनियोजन गरि सहयोग गरेका छन् । यसैगरि संस्थाले घरेलु कामलाई मूल्यांकन गरि राज्यको कूल गार्हस्थ उत्पादनमा समावेश गराउन महिलाको काम तथा गतिशीलताको अधिकारका लागि सचेतना तथा पैरवीका कार्यहरू गरिरहेको छ । स्थानीय तहले वैदेशिक रोजगारीबाट फर्किएर आएकाहरूको सीप तथा व्यवसायका लागि योजना निर्माण गरेका छन् ।

यस वर्ष वर्षाको समयमा भएको तराइ डुबान र कोभिड महामारीका क्रममा भएको बन्दाबन्दीको असहज परिस्थितिमा स्थानीय सरकारसँग सहकार्य गरि सिमान्तकृत महिला, गर्भवती, सुत्केरी, किशोरी, अपाङ्गता भएका महिला, एकल र बृद्धाहरूलाई तत्काल सहयोग पुऱ्याउन खाद्य तथा मर्यादा सामग्री, मनोविमर्श तथा स्वास्थ्य परामर्श र सुरक्षावास सेवा उपलब्ध गराइएको थियो । हाम्रो जस्तो पितृसत्तात्मक सामाजिक संरचना भएको देशमा महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण तथा व्यवहारका कारण बन्दाबन्दीको समयमा महिलाहरू परिवारका सबै सदस्यसँग सँधै घरभित्र नै रहनु परेको अवस्थमा महिलामाथि घरेलु हिंसा तथा यौनिक हिंसाका घटना बढेका छन् हरू । क्वारेन्टिनहरूमा बलात्कार र यौनजन्य हिंसाका घटना भए । विविध कारणले हिंसा प्रभावितहरूले सहयोग पाउने वातावरण असहज भयो । यस अवस्थमा संस्थाले क्वारेन्टिनहरूको अनुगमन गरि घरपरिवार तथा क्वारेन्टिनमा भएका लैङ्गिक हिंसाका घटनाहरूलाई विश्लेषण गरि प्रभावितको न्याय सुनिश्चितताको लागि भर्चूअल माध्यमबाट प्रहरी, पत्रकार, संघीय सांसदहरू, अधिकारकर्मीहरू बीच अन्तरकृयात्मक छलफल गरेको थियो । यसले प्रभावितको सहयोगको लागि विभिन्न हटलाइनको व्यवस्था गर्न, सुरक्षित आवासलाई नियमित र व्यवस्थित गर्न सहयोग गऱ्यो । जसले गर्दा सरकारी निकायबाट पनि आवश्यक कार्यविधि तथा निर्देशिका जारी भएका छन् भने ओरेकले पनि विभिन्न निर्देशिका तथा कार्यविधिहरू तयार गरि कार्य गर्न सफल भयो । महामारीका अवस्थामा मानव अधिकारको सवाल, लैङ्गिक समानता र समावेशीकरणको मुद्दालाई संस्थाले विभिन्न कार्यक्रम मार्फत (क्वारेन्टिन व्यवस्थापन, मनोसामाजिक सवाल, समावेशी सन्देश, राहतमा आत्मसम्मानलगायतका मुद्दा) उजागर गर्न सफल भएको छ । ओरेकले क्वारेन्टिन तथा आईसोलसन(एकान्तवास)मा लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम तथा सम्बोधन सम्बन्धी मापदण्डस्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको सहकार्यमा तयार गरेको छ । हाल उक्त मापदण्डलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पारित गरि प्रयोगमा ल्याएको छ । विपदको अवस्थामा कैलालीको गौरीगंगा नगरपालिका र काठमाण्डौको बूढानीलकण्ठमा पालिकासँगको समन्वयमा संचालन गरिएका सुरक्षावास सेवा समुदायको आवश्यक्ताको महशुस भई गौरीगंगा नगरपालिकाले निरन्तरता दिइएको छ । जुनसुकै विपदको समयमा पनि सरकारसँग हातेमालो गरि समुदायमा काम गर्ने संस्थाको आफ्नै अभ्यास रहेको छ ।

विपद समस्या मात्र हैन अवसर पनि हो भन्ने यथार्थलाई यस वर्ष कोभिड महामारीमा पुष्टि भएको छ । भौतिक रुपमा मात्र कार्यक्रमको अभ्यास भएका हामी कोभिडका कारण प्रविधिको प्रयोग गरि भर्चुअलरुपमा कार्यक्रमहरू अगाडी बढाउने अवस्थामा प्रवेश गऱ्यौं । यसले समुदायका महिलाहरू, प्रत्यक्ष रुपमा विधायिका लगायत अन्य नीति निर्माताहरूसँग जोडिन पाउनुभयो । आफ्ना समस्या सिधै राख्ने अवसर प्राप्त भयो । समुदायका महिलाहरू अनलाइन मिडियासँग अभ्यस्त हुनुभयो । सुरुमा भिडियो कन्फ्रेन्स एप्सहरू चलाउन गाह्रो मान्ने महिला जनप्रतिनिधिहरूलाई जुम बैठकमा सहभागी भई सहज असहज परिस्थितिका बारेमा आफ्ना विचार संघीय सांसदहरू समक्ष राख्ने अवसर प्राप्त भयो । यसले हामी नेपाली महिलाको सशक्तिकरणमा सहयोग गरेको छ । यसैगरि संस्थाले कोभिड १९ महामारीका कारण भएको बन्दाबन्दीको समयमा अनलाइन माध्यमबाट

महिलाका विभिन्न सवालमा अध्ययन तथा अनुसन्धानात्मक कार्यहरू गरेको छ। जसमा लैङ्गिक विभेदमा आधारित हिंसाको जोखिम र रोकथामको अवस्थाको अनलाइन सर्वेक्षण, कोभिडको समयमा कामकाजी महिलाको कामको बोझको अवस्था अध्ययनका लागि अनलाईन सर्वेक्षण, वैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरूको सामाजिक, आर्थिक अवस्थाको अध्ययन, कोभिडको समयमा महिलाको खाद्य सुरक्षाको अवस्था बारे सर्वेक्षण गरिएको छ। यी अध्ययनबाट प्राप्त नतिजा तथा सुझावहरूलाई सम्बन्धित सरोकारवालाहरू बीच छलफल गरि ध्यानाकर्षण गराउने कार्य संस्थाले गरेको छ।

अन्त्यमा, महिला अधिकारको आन्दोलनको अग्रपंक्तिको योद्धाको रुपमा रहेका समाजका ती हजारौं फुलमायाहरू प्रति नतमस्तक हुँदै संस्थाको अभियानलाई सफल पार्न समुदायदेखि केन्द्रस्तरसम्म प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने स्थानीय तह तथा सरकारी निकायहरू, संचारकर्मी, सम्पूर्ण सहयोगी दातृ संस्थाहरू, सहकार्य गर्ने महिला सामुदायिक संस्था तथा विभिन्न समूहहरू, महिला सञ्जालहरू गैरसरकारी संस्थाहरू, ओरेकका संस्थापक, सल्लाहकार तथा कार्यसमितिका पदाधिकारी तथा सदस्य लगायत सम्पूर्ण कर्मचारीहरूप्रति संस्था हार्दिक आभार प्रकट गर्दछ।

धन्यवाद

लुभराज न्यौपाने
कार्यकारी निर्देशक
महिला पुनर्स्थापना केन्द्र (ओरेक)

# १. संस्थाको परिचय

### १.१ पृष्ठभूमि

महिला पुनर्स्थापना केन्द्र (ओरेक) महिला अधिकारप्रति समर्पित एवम् सामाजिक न्यायका निम्ति सङ्घर्षरत एक राष्ट्रियस्तरको गैरसरकारी संस्था हो । २०४७ चैत्र १९ मा स्थापित यो संस्थाले महिला अधिकारको क्षेत्रमा २९ वर्षको लामो यात्रा पार गरेको छ । संस्थाले स्थापनाकालदेखि नै सामाजिक न्याय र महिला अधिकारको क्षेत्रमा विभिन्न स्तरमा अभियानहरू सञ्चालन गर्दै आएको छ । महिलाको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितताका लागि महिला हिंसाविरुद्धको अभियान, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अभियान र यी दुवै अभियानलाई जोड्दै मानव अधिकार तथा सामाजिक न्यायको अभियान संचालन भएको छ । महिलाको घरभित्र र घर बाहिरको नेतृत्वदायिक भूमिकाका लागि सशक्तिकरण र सहजीकरणमा सहयोग गरि लैङ्गिक समानताको लागि कानुन तथा नीति निर्माण, परिमार्जन तथा प्रभावकारी कार्यान्वयनमा निरन्तर पैरवी गर्दै आइरहेको छ । समुदायमा सामाजिक, राजनैतिक तथा आर्थिक रूपमा पछाडि पारिएका महिला, किशोरीहरू, सिमान्तकृत, दलित, अपाङ्गता भएका महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको अधिकार हनन्को तथ्याङ्कका आधारमा स्थानीय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत न्यायोचित सम्वोधनको लागि दबाब समेत दिँदै आएको छ । अभियान सञ्चालन गर्ने क्रममा ओरेकले सामुदायिक सङ्घ/संस्थाहरूको सवलीकरण र सुदृढीकरण गर्दै सामाजिक न्याय स्थापित गर्न ग्रामीणदेखि राष्ट्रियस्तरसम्म विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यसैगरी शिक्षा, स्वास्थ्य, पोषण, रोजगारलगायत अन्य सामाजिक तथा राजनीतिक क्षेत्रमा महिला र बालबालिकामाथि गरिने विभेदपूर्ण व्यवहार महिलाको आधारभूत मानव अधिकारको हनन् भएकाले त्यसको अन्त्य गर्नका लागि महिलाका विशिष्ट अधिकारहरू सुनिश्चित गरिनुपर्दछ भन्ने मान्यता यस संस्थाको रहेको छ ।




ओरेक नेपाल मानवअधिकारको सम्वर्द्धन र सामाजिक न्यायमा आधारित दिगो सामुदायिक विकासका लागि अभियानरत रहने छ ।

महिला सशक्तिकरणको माध्यमबाट आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई सुनिश्चित गर्दै महिलाविरूद्ध हुने हिंसाको न्यूनीकरण गर्ने ।

सामाजिक न्यायमा आधारित महिलाअधिकार सुनिश्चिततासहितको समाज ओरेक नेपालको परिकल्पना हो ।

## १.२ रणनैतिक उद्देश्यहरू

- महिलाहरूलाई आफ्नो अधिकार प्राप्तिको लागि तथा आफूविरुद्ध हुने हिंसाको अन्त्यको लागि सङ्गठित तथा स्वतःर्स्फूत रुपमा परिचालन हुने वातावरण तयार गर्ने ।
- महिला अधिकार प्राप्तिका लागि महिला अधिकारकर्मी तथा अधिकारवाला समूहको क्षमता अभिवृद्धिमा सहजीकरण गर्ने ।
- महिला अधिकार तथा सामाजिक न्यायका लागि वकालत तथा अभियानहरू सञ्चालन गर्ने ।
- पितृसत्तात्मक मूल्य, मान्यतामा आधारित संस्कृतिलाई लैङ्गिक समानतामा आधारित संस्कृतिमा परिवर्तन गर्नका लागि आमसचेतीकरण गर्ने ।
- समान उद्देश्य भएका स्थानीयदेखि अन्तर्राष्ट्रियस्तरसम्मका संस्थाहरू तथा जनसङ्गठनहरूसँग सहकार्य गर्ने ।

## १.३ मूल्य मान्यताहरू:

सामाजिक न्याय, इमान्दारी, एकता, महिलाले अगुवाई गरेको सामूहिक नेतृत्व, लोकतान्त्रिक पद्धति, स्वंयसेवी भावना, अधिकारमा आधारित सोच, प्राकृतिक स्रोतहरूको संरक्षण र सम्वर्द्धन, तथ्य र तथ्याङ्कमा आधारित पैरवी यस संस्थाका मूल्यमान्यता हुन् ।

## १.४ संस्थागत रणनैतिक मुद्दाहरू:

- सामूहिक महिला नेतृत्वको विकास र राजनीतिमा महिलाको सहभागिता
- महिलामाथि हुने हिंसाको र विभेदको अन्त्य
- हानिकारक परम्परागत अभ्यासहरूको अन्त्य
- महिला मानव अधिकार रक्षकहरूको पहिचान र सुरक्षा
- प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन दिगो जीविकोपार्जन
- जलवायु न्याय
- महिलाको स्वास्थ्य अधिकार
- महिला सशक्तिकरण (आर्थिक र सामाजिक अधिकार) र दिगो बिकास
- संस्थालाई सिक्ने र सिकाउने थलोको रुपमा विकास

कर्मचारी संख्या : जम्मा १३३ (महिला : ११२, पुरुषः २१)

## १.५ संस्थाको कार्यक्षेत्र

महिला पुनर्स्थापना केन्द्र ओरेकले आफ्नो विभिन्न अभियानहरूमा प्रत्यक्ष रुपमा २२ जिल्लामा अभियान तथा कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्दै आईरहेको छ भने महिला हिंसाविरुद्धको अभियान अन्तर्गत आवश्यकता अनुसार ७७ वटै जिल्लामा महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल तथा जिल्ला सञ्जालसँगको समन्वय र सहकार्यमा महिला हिंसा विरुद्धको अभियानलाई निरन्तरता दिँदै आएको छ ।

## १.६ संस्थाको संरचनागत विवरण:

| ओरेकका जिल्लागत संरचना | मोरङ | उदयपुर | सिराहा | धनुषा | सुनसरी | काठमाण्डू | दाङ | कैलाली | रुकुम | बर्दिया | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सुरक्षा आवास | १ | १ | | १ | | २ | १ | २ | | | ८ |
| महिला स्वास्थ्य परामर्श केन्द्र | | | | | | | १० | | २ | | १२ |
| महिला मनोसामाजिक परामर्श केन्द्र | २ | ६ | २ | १ | १ | ६ | ३ | | १ | | २२ |
| मनोसामाजिक परामर्श केन्द्र व्यवस्थापन समिति | | ४ | | | | | | | | | ४ |
| समुदायमा आधारित संस्था | २३ | १० | ६ | ३ | २४ | | ५ | | | | ७१ |
| महिला समूह | ३५ | २६६ | ३५ | १३ | ५० | | ३३ | २२ | ३१ | १४ | ४९९ |
| महिला समूह महिला सहकारी | | ९ | | | १ | | २ | | | | १२ |
| युवा महिला समूह | | | | | २ | | | | | ४ | ६ |
| महिला अधिकार संजाल | १ | | | १ | | | | | १ | १ | ४ |
| महिला स्वास्थ्य वकालत सञ्जाल | | | १ | | | | १ | | १ | | ३ |
| महिला स्वास्थ्य संजाल | | | | | | | ५ | | | | ५ |
| युवा समूह | २ | | ५ | | | | ३ | | | ७ | १७ |
| युवा सूचना केन्द्र | | | | | | | | २ | | | २ |
| युवा संजाल | | १ | १ | | २ | | | २५ | | | २९ |
| किशोर किशोरी समूह | १ | ४ | १५ | ८ | ६ | | ३ | ९ | १४ | ६ | ६६ |
| विवाहित किशोर किशोरी समूह | | | | | | | १ | | ५ | | ६ |
| किशोर किशोरी मैत्री विद्यालय | | | | | | | २० | | | | २० |
| बाल संजाल | | | | | | | १ | | १६ | २ | १९ |
| कृषक समूह | | ४ | ११ | ७ | | | ५ | | १० | | ३७ |
| आप्रवासी सूचना तथा स्रोत केन्द्र | १ | | | | | | | | | | १ |
| सामुदायिक सूचना केन्द्र | | | | | | | | | | | ० |
| फर्केर आएका आप्रवासीमहिला श्रमिकहरुको संजाल | ६ | ४ | | | १ | | | | | | ११ |
| सामुदायिक क्लिनिक | | १ | | | | | १ | | | | २ |
| पशु चिकित्सा क्लिनिक | | | | | | | १ | | | | १ |
| तालिम केन्द्र | | १ | | | | | १ | | | | २ |
| परम्परागत पर्यावरणमैत्री गाँउ | | ५ | २ | | | | ३ | | | | १० |
| खरायो फार्म, गाई फार्म, बगैचा फार्म र पुस्तकालय | | ६ | | | | | | | | | ६ |
| नमुना फार्म | | ४ | २ | | | | ८ | | | | १४ |
| पर्यावरणीय गाउँ व्यवथापन समिति | | ५ | २ | | | | ३ | | १ | | ११ |
| कृषि सहकारी | | ३ | | | | | ४ | | | | ७ |
| द्वन्द्व प्रभावित समूह | | | | | | | १ | ३ | ३ | | ७ |
| हिंसा प्रभावित समूह (अग्रणी) | | १ | | | | | १ | | | | २ |
| जम्मा | ७२ | ३३४ | ८२ | ३४ | ८७ | ८ | ११६ | ६३ | ८५ | ३४ | ९६२ |

# कार्यक्रमको प्रगति विवरण

## महिला हिंसाविरुद्धको अभियान

### पृष्ठभूमि


महिला भएकै कारण महिलामाथि हुने सम्पूर्ण हिंसात्मक कार्य महिलामाथि हुने हिंसा हुन् । 'महिलाविरुद्धको हिंसा सार्वजनिक वा नीजि जीवनमा लिङ्गका आधारमा हुने हिंसाजन्य कार्य हो । जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने सम्भावना हुन्छ । यस अन्तरगत त्यस्तो कार्य गर्ने धम्की, दबाब र स्वेच्छाचारी रूपमा महिलाको स्वतन्त्रतामा वन्देज गर्ने कार्यसमेत पर्दछ ।'[1]

नेपालको संविधानले नै लैङ्गिक विभेदको अन्त्य गरि आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । नेपालको संवैधानिक व्यवस्थाले महिला अधिकार एवम् लैङ्गिक समानतालाई अगाडि बढाउनका लागि सामाजिक न्यायका सिद्धान्तलाई प्रगतिशील रूपमा अपनाएको छ । सन् २०३० सम्ममा समानता, सामाजिक न्यायलाई केन्द्रमा राख्दै संसारबाट गरिबी हटाउने अभिप्रायका साथ दिगो विकास लक्ष्य तयार गरी आत्मसात गरिएको छ । लैङ्गिक समानतालाई विकास र समृद्धिका सवालका रुपमा स्थापित नगरेसम्म देशमा दिगो विकास, समानता, शान्ति र समृद्धिको स्थापना हुन नसक्ने तथ्यलाई विश्वले आत्मसात गरिसकेको छ । तर लामो समयदेखि स्थापित संरचनागत विभेद र यसले निर्माण गरको असमानताका खाडलहरूका कारण महिलाले विभिन्न विभेद र हिंसाको सामना गर्नुपरेको छ । महिलामाथि हुने सबै प्रकारको विभेद र हिंसालाई सरकारले अपराधका रुपमा घोषणा गरि प्रभावितको न्याय, क्षतिपुर्तिको व्यवस्था र पीडकलाई कार्वाहीको व्यवस्था गरेको छ । यसै वर्ष सरकारले एसिडजन्य अपराधविरुद्धको कानुन, बलात्कारका घटनामा सजाय बढाउने, मिलापत्र गराउनेलाइ कानूनको दायरामा ल्याउने गरि अध्यादेश ल्याएको छ । यद्यपी महिलामाथि हुने हिंसाका घटनामा .कमी आउन सकेको छैन । भएका कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिलाले थप पीडा र चूनौतीको सामना गर्नुपरेको छ । महिला भएकै कारण हुने विभेदको परिणामस्वरुप महिलामाथि हुने हिंसाले निरन्तरता पाएको छ । 'संरचनात्मक असमानताबाट सिर्जित भेदभावको अन्तरनिहित कारणको' सम्बोधन बिना महिलामाथि हुने हिंसाको अन्त्य सम्भव छैन । यसका लागि राज्यले 'महिलाले आफ्नो स्वपहिचानका' साथ जीवनयापन गर्न पाउने अधिकारको सुनिश्चित हुने वातावरण सिर्जना गर्नु र समुदायतहदेखि व्यक्तिको सोच र व्यवहार रुपान्तरित गर्नुका साथै अहिलेसम्मको स्थापित संरचनाबाट प्रभावित व्यक्तिहरूको न्यायमा पहुँच पुग्ने वातावरण निर्माण गर्न आवश्यक छ ।

समाजमा महिलालाई हेर्ने दृष्टिकोणमा व्यावहारिक परिवर्तन नहुँदासम्म लैङ्गिक समानता कायम हुन सक्दैन । महिलाको शरीरलाई सम्पत्ति, साधन र उपभोग्य वस्तुको रूपमा हेर्ने सामाजिक सोच तथा व्यवहारका कारण महिलाको पहिचान र आत्मसम्मानलाई नीति, कानून तथा व्यवहारले स्वीकार गर्नसकेको छैन । यस्ता सवाललाई सम्बोधनका खातिर लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजनाहरू निर्माण एवं संशोधन गर्न दबाबमूलक अभियानलाई निरन्तरता दिइएको छ । यसवर्ष संस्थाले राजनीतिमा महिला सहभागिताका लागि समुदायदेखि राष्ट्रियस्तरसम्म कार्यक्रमहरू सञ्चालन गरेको छ । समुदायमा क्रियाशील महिला सामुदायिक संस्थाहरूसँगको सहकार्यमा महिलाहरूलाई अभिमुखीकरण, तालिम, अन्तरक्रिया लगायतका कार्यक्रमहरू सम्पन्न भएका छन् । राज्यका तिनैतहका निर्वाचित जनप्रतिनिधिहरू सँग विषयगत सवालहरूमा अन्तक्रिया तथा सहकार्यमा कार्यक्रमहरू सञ्चालन भएका छन् ।

*[1] महिलाविरुद्धको हिंसा उन्मुलन गर्ने सम्बन्धी घोषणापत्र, संयुक्त राष्ट्र सङ्घ १९९३*

# महिला हिंसाविरुद्धको कार्यरणनीति




## महिला हिंसाविरुद्धको अभियानको लक्ष्य र उद्देश्य

लक्ष्य: सामुदायिक संघसंस्थाको अगुवाईमा समानता, समावेशी र सामाजिक न्यायको संवैधानिक अधिकार स्थानीयस्तरमा कार्यान्वयन भएको अवस्था ।

**उद्देश्य :**

**उद्देश्य नं** १: किशोरी र युवा महिलाहरूको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गर्ने ।

**उद्देश्य नं** २ : लैङ्गिक संवेदनशील र सामाजिक समावेशीकरणका लागि नीति तथा कार्यक्रम कार्यान्वयनका लागि पहल र सहजीकरण गर्ने ।


**उद्देश्य नं** ३: हिंसा तथा द्वन्द्वबाट प्रभावित महिलाहरूको सामाजिक न्याय प्राप्त गर्ने अधिकार सुनिश्चित हुने वातावरण तयार गर्ने ।


**उद्देश्य** ४ : सामुदायिक संघसंस्थाहरूको सयुंक्त प्रयासमा विभेदपूर्ण सामाजिक मूल्यमान्यताविरुद्ध सामाजिक रुपान्तरणका लागि अभियान सञ्चालन गर्ने ।

## महिला हिंसाविरुद्धको अभियान अन्तर्गत सम्पन्न भएका मुख्य क्रियाकलापहरु

### १. जनप्रतिनिधिलाई रुपान्तरित नेतृत्व र लैङ्गिक उत्तरदायी बजेट तर्जुमा विषयक ३ दिने तालिम

स्थानीय तहमा बन्ने नीति तथा कार्यक्रमहरूलाई लैङ्गिक संवेदनशील बनाउन र लैङ्गिक उत्तरदायी बजेट निर्माणका लागि सहजीकरण गर्ने उद्देश्यले यस वर्ष ८ वटा जिल्लामा रुपान्तरित नेतृत्व र लैङ्गिक उत्तरदायी बजेट तर्जुमा विषयक ३ दिने तालिम जनप्रतिनिधिहरूका लागि आयोजना गरिएको थियो । यस तालिमले स्थानीय तहका प्रतिनिधिहरूलाई रुपान्तरित नेतृत्व, स्थानीय तहमा लैङ्गिक समानता नीतिको आवश्यकता र लैङ्गिक उत्तरदायी बजेटको महत्वका बारेमा बुझ्नका लागि सहयोग गरेको छ। सुनसरी, मोरङ उदयपुर, धनुषा, सिराहा, कैलाली, दाङ र बर्दिया लगायतका जिल्लामा तालिमको आयोजना गरिएको थियो । जसमा २९६ जना जनप्रतिनिधिको सहभागिता रहेका थियो ।




## २. न्यायिक समितिहरूलाई कानुनी प्रावधान (मुलुकी फौजदारी तथा अपराध संहिता) र न्याय सुनिश्चित गर्नका लागि न्यायिक समितिको भूमिका सम्बन्धी ३ दिने तालिम



लैङ्गिक समानता, सामाजिक न्यायको विषयमा अवधारणागत स्पष्टता ल्याउने, र स्थानीय तहदेखि नै लैङ्गिक समानता सुनिश्चित हुने वातावरण तयार गर्नका लागि न्यायिक समितिको सुदृढीकरणमा सहजीकरण गर्ने प्रमुख उद्देश्यका साथ सुनसरी, मोरङ, उदयपुर, धनुषा, सिराहा, दाङ, कैलाली, रुकुमलगायतका जिल्लामा ३ दिने तालिमको आयोजना गरिएको थियो ।

तालिममा, लैङ्गिक समानता, सामाजिक न्याय, मानव अधिकारमुखि अवधारणा, मुलुकी फौजदारी तथा अपराध संहिताका मुख्य व्यवस्थाहरू, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतका कानुनी व्यवस्थाका बारेमा प्रशिक्षण गरिएको थियो । तालिममा ७ जिल्लाका २३१ जना न्यायिक समितिका सदस्यको सहभागिता थियो ।

## ३. आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी ३ दिने तालिम

समुदायमा आधारित सामुदायिक महिला संस्था तथा समूहका सदस्यहरूको मानव अधिकार र विशेषगरी आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको बारेमा अवधारणागत स्पष्टता ल्याउनका लागि सहजीकरण गर्ने र महिलाको आर्थिक तथा सामाजिक अधिकार सुनिश्चित गर्नका लागि सामुदायिक संघसंस्थाको भूमिकाका विषयमा छलफल गरि पैरवी योजना तर्जुमा गर्ने प्रमुख उद्देश्यका साथ आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी ३ दिने तालिम आयोजना गरिएको थियो । तालिममा दाङ , उदयपुर, सिराहा, सुनसरी, मोरङ, धनुषाका गरि ३२ जना सामुदायिक महिला संस्थाको प्रतिनिधीको सहभागिता रहेको थियो ।

मानव अधिकार र मानव अधिकारका विश्वव्यापी घोषणापत्र र मानव अधिकारको सिद्धान्त, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार महासन्धि र महिला अधिकार सुनिश्चित गर्न भएका प्रयास, महिला अधिकार प्रवर्द्धनका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको खाका लगायतका विषयमा प्रशिक्षण दिईएको थियो । तालिमका समयमा सामुदायिक संघसंस्थाका प्रतिनिधिले आर्थिक तथा सामाजिक अधिकारको प्रवर्द्धनका लागि गर्दै आएका कार्यहरूका बारेमा समीक्षा गरि आगामी दिनमा यी अधिकार प्रवर्द्धनका लागि गर्न सकिने कार्यहरू समेटेर पैरवी योजना समेत तयार गरेका थिए ।

## ४. लैङ्गिक समानताका लागि सञ्चारकर्मीको भूमिका : लैङ्गिक संवेदनशील रिपोर्टिङ्ग सम्बन्धी ३ दिने तालिम"

लैङ्गिक समानताको विषयमा सचेतीकरणका लागि सञ्चारमाध्यमले प्रमुख भूमिका निर्वाह गर्दछ। यद्यपी सञ्चारकर्मीहरूमा लैङ्गिक संवेदनशील समाचार सकंलन र




लेखनप्रति ज्ञानको अभाव कारण सञ्चारमाध्यमले निर्वाह गर्ने भूमिका पूर्ण हुन सकेको छैन । यसै सन्दर्भमा लैङ्गिक संवेदनशीलता, लैङ्गिक संवेदनशील रिपोर्टिङ्ग र लैङ्गिक समानता र मानव अधिकारको प्रवर्द्धनमा सञ्चारमाध्यमले खेल्न सक्ने भूमिकाको विषयमा अवधारणागत स्पष्टता ल्याउने उद्देश्यका साथ ओरेकले सञ्चारिका समूहसँगको सहकार्यमा ३ दिने लैङ्गिक संवेदनशील रिपोर्टिङ्ग सम्बन्धीतालिमको आयोजना गरेको थियो । तालिममा २६ जना सञ्चारकर्मीको सहभागिता थियो ।

## ५. समुदायका महिलाहरूलाई नेतृत्व विकास सम्बन्धी ३ दिने तालिम





रोहिङ्गा समुदायका महिलाहरूको नेतृत्व सीप तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले समुदायका महिलाहरूलाई नेतृत्व विकास सम्बन्धी ३ दिने तालिम सम्पन्न गरिएको छ । तालिममा रोहिङ्गा समुदायका ३८ जना महिलाको सहभागिता रहेको थियो ।

तालिममा मुश्लिम समुदायका महिलाको अधिकारको क्षेत्रमा निरन्तर कार्यरत सेख नाहिदा बानु र सिमा खानले तालिमलाई सहजीकरण गर्नुभएको थियो । तालिममा सहभागीहरूको स्तर अनुसार विभिन्न खेल, चित्र, भिडियो डकुमेन्ट्रीको माध्यमबाट सहभागितात्मक विधिबाट सञ्चालन गरिएको थियो । तालिममा समूह, समूहको आवश्यक्ता र महत्व, नेतृत्व सीप, क्षमता, असल नेतृत्वमा हुनुपर्ने गुण, नेतृत्व गर्दा वा व्यक्तिगत विकासका सिलसिलामा आइपर्ने समस्या महिलावादी नेतृत्व सीप के हो, सामाजिक न्याय तथा सामाजिक समावेशीकरण, आदि विषयवस्तुमा केन्द्रित भइ छलफल गरिएको थियो । तालिमको अन्त्यमा सहभागीहहरूले समूहको महत्व बुझेर आफ्ना समस्या राख्ने र त्यसको समाधानका उपाय खोज्नका लागि २ वटा समूह निर्माण गरिएको थियो । समूहमा सबै सदस्यले नेतृत्व गर्नेलाई साथ दिने र समूहलाई निरन्तर अगाडी बढाउने प्रतिवद्धता समेत व्यक्त गरेका थिए ।

## ६. लैङ्गिक समानता नीति तथा रणनीतिहरूको निर्माण तथा कार्यान्वनका लागि स्थानीय सरोकारवालासँग अन्तरक्रियात्मक कार्यशाला


सामुदायिक संघसंस्थाको अगुवाईमा स्थानीय तहमा लैङ्गिक समानता र महिला सशक्तिकरणका लागि कार्ययोजना/रणनीति/नीति तयार तथा कार्यान्वयनका लागि पैरवीमूलक गतिविधि स्थानीय तहसँगको समन्वयमा सम्पन्न भएको छ । जसमा संस्थाले प्रत्यक्ष रुपमा कार्यरत जिल्लाका गाउँपालिका तथा नगरपालिकामा नीति, रणनीति तथा कार्ययोजनाका लागि सम्बन्धित जिल्लाका कर्मचारी तथा विषयगत विज्ञहरूको संलग्नता रहेको थियो । यस अवधिमा सुनसरी, मोरङ, उदयपुर, धनुषा, सिराहा, कैलाली, दाङ, बर्दिया, रुकुमलगायतका जिल्लामा ४६ वटा कार्यशाला सम्पन्न भएका छन् । जसमा १५०० भन्दा बढी जनप्रतिनिधि, समूह सञ्जालका पदाधिकारी स्थानीय महिला अधिकारकर्मी तथा अन्य सरोकारवालाहरूको उपस्थिति थियो । कार्यशाला सम्पन्न भएका अधिकांश पालिकाहरूले लैङ्गिक समानता नीति/रणनीति तयार गरि लागू गरिसकेका छन् । साथै यसको कार्यान्वयका लागि बजेट समेत विनियोजन गरेका छन् । लैङ्गिक हिंसा प्रभावितका लागि सुरक्षावास सेवा प्रदान गर्नका लागि दुधौली नगरपालिकाले ३० लाख, कमलामाईले डेढ करोड भवन निर्माणका लागि तथा अन्य नगर तथा गाउँपालिकाले ११ लाख रुपैयाँ बजेट आर्थिक वर्ष २०७६/२०७७ मा छुट्याएका छन् । धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिकाले सुरक्षित आवासका लागि ४ लाख, बटेश्वर गाउँपालिकाले महिला स्वास्थ्य मेला आयोजनाका लागि ३ लाख, उदयपुर जिल्लाको त्रियुगा नगरपालिकाले सुरक्षा आवास सञ्चालका लागि रु ५ लाख र बेलका नगरपालिकाले गर्भवती र सुत्केरी महिलाको सहयोगका लागि रु ५ लाख बजेट विनियोजन गरेका





छन् । काठमाण्डौ जिल्लाको किर्तिपुर र चन्द्रागिरी दुवै पालिकाले हिंसा प्रभावितको आर्थिक सशक्तिकरणका लागि सीप तथा व्यावसायिक तालिम सञ्चालनका गर्न रु १-१ लाख ओरेकलाई उपलब्ध गराएका छन् । हालसम्म ओरेकले कैलाली जिल्लाको गौरीगंगा र घोडाघोडी नगरपालिका, बर्दिया जिल्लाको गुलरीया नगरपालिका र बढैयाताल गाउँपालिका, सिन्धुली जिल्लाको कमलामाई नगरपालिका, दुधौली नगरपालिका, सुनकोशी गाउँपालिका, सुनसरी जिल्लाको बाराहक्षेत्र नगरपालिका, दुहवी नगरपालिका, कोशी गाउँपालिका, ओखलढुङ्गा जिल्लाको सिद्धिचरण नगरपालिका, मोलुङ गाउँपालिका, मानेभन्ज्याङ्ग गाउँपालिका, उदयपुर जिल्लाको कटारी नगरपालिका, बेलका नगरपालिका, चौदण्डीगढी नगरपालिका र त्रियुगा नगरपालिका, धनुषा जिल्लाको मिथिला नगरपालिका, लक्ष्मीनिया गाउँपालिका, धनुषाधाम नगरपालिका, सिराहा जिल्लाको लहान नगरपालिका र बिष्णुपुर गाउँपालिका, दाङ जिल्लाको शान्तिनगर गाउँपालिका, घोराही उपमहानगरपालिका, तुलसीपुर उपमहानगरपालिका र दंगिशरण गाउँपालिका, रुकुम जिल्लाको मुसिकोट नगरपालिका, त्रिवेणी गाउँपालिका र वाफिकोट गाउँपालिकामा लैङ्गिक समानता रणनीति मस्यौदा तयार गर्नका लागि सहजीकरण गरेको छ । साथै उक्त रणनीतिलाई केही पालिकाको नगरसभाबाट पारित भईसकेको छ भने केही पालिकामा उक्त नीतिमाथि छलफल भईरहेको छ ।

### ७. सुरक्षित आवास र महिला स्वास्थ्य परामर्श केन्द्रको महत्व र सुरक्षित आवास तथा महिलामैत्री स्वास्थ्य सेवाका लागि पालिकास्तरमा बजेट विनियोजनका लागि पैरवी

हिंसा प्रभावितहरूको न्याय पाउने अधिकार सुनिश्चित गर्न सुरक्षित आवास, मनोपरामर्श सहायतालगायतका सहयोगी संयन्त्रको महत्व निकै उच्च हुन्छ । यी सेवाहरूलाई प्रभावित मैत्री र पहुँचयोग्य बनाई प्रभावितले आत्मसम्मानका साथ जीवनयापन गर्ने वातावरण सुनिश्चित गर्न पैरवी गर्दै ओरेकले यस वर्ष पालिका, जिल्ला र प्रदेशस्तरीय कार्यशाला सम्पन्न गरेको छ । यस कार्यशालामा विशेषतः सुरक्षित आवासे र महिला स्वास्थ्य परामर्श केन्द्रको आवश्यकताका बारेमा छलफल गर्दै यसको व्यवस्थापनका लागि जनप्रतिनिधिहरूलाई अनुरोध गरिएको थियो । मोरङ, सुनसरी, उदयपुर, सिराहा, धनुषा, कैलाली, बर्दिया, दाङ, सिन्धुलीलगायतका जिल्ला गरि १२ वटा जिल्ला स्तरीय कार्यशाला र प्रदेश नम्बर १, २ र ७ मा गरि ३ वटा प्रदेश स्तरीय कार्यशाला सम्पन्न भएको छ । जिल्ला स्तरीय कार्यशालामा १९८ जना पुरुष र २१२ जना महिला गरि जम्मा ४१० जनाको सहभागिता थियो भने प्रदेशस्तरीय कार्यशालामा ४३ जना पुरुष, ११३ जना महिला र ३ जना लैङ्गिक तथा यौनिक अल्पसंख्यक गरि जम्मा १५९ जनाको सहभागिता थियो ।



## ८. अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्र र दिगो विकासको लक्ष्य सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम




नेपाल सरकार ठुला ९ महासन्धिमध्ये ७ वटाको पक्ष राष्ट्र रहेको छ। यस्तैगरी सरकारले विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी संयन्त्रहरूको कार्यान्वयनका लागि प्रतिवद्धता समेत जनाएको छ। सरकारले लैङ्गिक समानता कायम गर्ने, बालविवाहको अन्त्य गर्ने, हिंसा प्रभावितको न्यायको अधिकार सुनिश्चितता लगायतको प्रतिवद्धता समेत गरेको छ। यद्यपी समाजमा विद्यमान हानिकारक परम्परागत सोच र यसबाट निर्देशित सामाजिक मूल्यमान्यताका कारण हिंसा र विभेदले निरन्तरता पाउँदै आएको छ। यसै सन्दर्भमा स्थानीय तहदेखि मानव अधिकारको प्रवर्द्धनका लागि महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन महासन्धि, समितिले नेपाल सरकारलाई दिएको सुझाव, दिगो विकास लक्ष्य, बेईजिङ्ग प्लाटफर्म फर एक्सन (BPfA) लगायतका विषयमा ११० वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका छन्।

## ९. अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेज तथा दिगो विकासको लक्ष्यको स्थानीयकरण सम्वन्धी वडा, नगर तथा जिल्लास्तरीय अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम


दिगो विकास लक्ष्य सामाजिक, आर्थिक र वातावरणीय विकासको एक विश्वव्यापी अवधारणा हो। यसअन्तर्गत सन् २०३० सम्ममा सबै प्रकारका विभेदहरू उन्मूलन गरि समानता र न्यायमा आधारित समाजको आधार तयार गर्न आवश्यक पर्ने लक्ष्य राखिएका छन्। दिगो विकास लक्ष्यले समानता, न्यायमा आधारित समाज, मानव, पृथ्वी, समृद्धि र शान्ति जस्ता सवालसँगै व्यवस्थापन र साझेदारीबाट मात्रै सम्भव छ भनी स्पष्ट बनाएको छ। यसका लागि नागरिक समाज, समुदाय, र अन्य सरोकारवालाहरू मिलेर काम गर्न जरुरी छ भन्ने दिगो विकास लक्ष्यमा स्पष्ट पारिएको छ। त्यसैले ओरेकले दिगो विकास लक्ष्य भनेकै के हो, यसका सूचकहरू र यसको स्थानीयकरणका लागि गर्नुपर्ने कार्यक्रमका सम्बन्धमा विभिन्न सरोकारवालाहरू युवा, महिला, वडा, पालिका तथा जिल्लाका विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरूमाझ अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ।

## १०.स्थानीयस्तरमा उपलब्ध सेवाहरूलाई लैङ्गिक संवेदनशील बनाउन सम्बन्धित सेवा प्रदायक निकायहरूसँग समन्वय बैठक तथा अन्तरक्रिया

लैङ्गिक हिंसाबाट प्रभावितहरूका लागि स्थानीय तहमा विभिन्न सेवा उपलब्ध छन्। कतिपय अवस्थामा उपलब्ध सेवा हिंसा प्रभावितमैत्री नहुँदा र सेवा प्रदायक निकायमा रहेर सेवा दिने व्यक्तिहरू लैङ्गिक संवेदनशील हुन नसक्दा ती सेवामा हिंसा प्रभावितको पहुँच पुग्न नसकेको र प्रभावितहरू सेवाका लागि जान असहज मान्ने गरेको अवस्था छ।


नेपाल सरकारले वि सं २०७६ लाई लैङ्गिक हिंसाविरुद्धको वर्षको रुपमा घोषणा गरेको छ। त्यस्तैगरी लैङ्गिक हिंसा प्रभावितहरूलाई न्यायिक प्रक्रियामा सहयोग गर्न तथा आवश्यक सेवा तत्काल प्रदान गर्नका लागि वैतनिक वकिलको व्यवस्था, एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC), सुरक्षा आवास, प्रहरी भित्र महिला तथा वालवालिका सेवा केन्द्र जस्ता संयन्त्रहरू छन्। तथापि प्रभावितले सहज र सरल तरिकाले न्याय पाएको अवस्था छैन। लैङ्गिकमैत्री संरचनाको अभाव, तालिम प्राप्त तथा लैङ्गिक संवेदनशील सेवा प्रवाहमा कमी, सरकारी संयन्त्रहरू बीच मै पनि समन्वयको अभाव तथा झन्झटिलो कानुनी प्रक्रियाले गर्दा प्रभावितलाई प्रभावकारी सेवा प्रदानमा अवरोध सिर्जना भएको छ। यसर्थ सेवा प्रदायक निकायहरूको अवस्था, संचालन प्रक्रिया, घटनाको प्रकृति, प्रभावकारी सेवा प्रदान गर्न नसक्नुका कारण, चूनौती तथा आगामी दिनमा सेवामा प्रभावकारिता ल्याउन गर्न सकिने कार्यहरूका बारेमा छलफल गरि आगामी दिनमा सेवा केन्द्रहरूबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन सम्बन्धित सरोकारवालाहरूको भूमिकाका बारेमा छलफल गरि लैङ्गिक हिंसा प्रभावितहरूले छिटो, सहज र

सरल तरिकाले न्याय पाउने वातावरण सिर्जनाका लागि पैरवी गर्ने उद्देश्यले समन्वय बैठक तथा अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न भएका छन् । यस वर्ष संस्थाले मोरङ, धनुषा, सिराहा, दाङ , कैलाली र काठमाण्डौं गरि जम्मा ३७२ जना सेवा प्रदायक निकायका प्रतिनिधिहरूसँग अन्तरक्रिया गरेको छ ।




## ११. महिला हिंसाको अवस्था र न्यायिक संयन्त्र स्थापनाका लागि न्यायिक समितिको भूमिका सम्बन्धी न्यायिक समितिका सदस्यसँग संवाद कार्यक्रम

स्थानीय तहलाई लैङ्गिकमैत्री बनाउन, संविधानले व्यवस्था गरेको समानताको हकलाई स्थानीय तहदेखि व्यवहारतः कार्यान्वयन हुने वातावरण सिर्जना गर्न, हिंसा प्रभावितको आत्मसम्मानका साथ जीवनयापन गर्ने अधिकार सुनिश्चितताका लागि ओरेकले स्थानीय तहमा लैङ्गिक हिंसाको अवस्था तथा न्यायिक संयन्त्रको स्थापनाका लागि न्यायिक समितिको भूमिका विषय संवाद कार्यक्रमको आयोजना गरेको थियो । घरेलु हिंसालगायतका मेलमिलापमा जान सकिने घटनाहरूको सुनुवाईका लागि न्यायिक समितिले पहल गरिरहेको सन्दर्भमा प्रभावितमैत्री र प्रभावित केन्द्रित न्याय सम्पादनका लागि पैरवी गर्न यस संवाद कार्यक्रमको आयोजना गरिएको थियो । सुनसरी, मोरङ, उदयपुर, धनुषा, सिराहा, दाङ, कैलाली, रुकुमलगायतका जिल्लामा गरिएको यस कार्यक्रममा जम्मा ७२७ जनाको सहभागिता रहेको थियो ।




## १२. सामुदायिक संघसंस्थाका सदस्य, युवा समूह तथा सञ्जाललाई नयाँ कानुन, नीति, नियम, रणनीति तथा कार्यक्रमहरुको बारेमा स्थानीय तहमा अभिमुखीकरण

महिला सामुदायिक संघसंस्था, युवा सञ्जाल, युवा समूह तथा सञ्जालहरूको सवलीकरणका लागि संस्थाले विभिन्न तालिम, अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दै आएको छ । संस्थाको सहजीकरणमा सामुदायिक संघसंस्थाको नियमित नविकरण, अडिट भईरहेको छ । साथै २१ वटा सामुदायिक संघसंस्थाले कार्ययोजना/रणनैतीक योजना बनाएको, पालिका र अन्य संघसंस्थासँग बजेट निकाशा गरि महिला सशक्तिकरण तथा सीपमूलक तालिम सञ्चालन गर्दै आएका छन् ।

सामुदायिक संघसंस्थाहरूका सदस्य तथा युवा समूह सञ्जाललाई संस्थाले नयाँ कानुनी व्यवस्था, रणनीति, अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रलगायतका विषयमा अभिमुखीकरण गर्ने कार्य गर्दै आएको छ ।

## १३. प्रदेशस्तरीय तथा राष्ट्रिय कार्यशाला :

प्रतिवेदन तयारीका लागि ७ वटै प्रदेशमा प्रदेशस्तरीय कार्यशालाको आयोजना गरिएको थियो । कार्यशालामा मानव अधिकारको विश्वव्यापी आवधिकसमीक्षाको दोस्रो चक्रको समीक्षामा आएका सुझावे कार्यान्वयन अवस्थाको समीक्षा र तेस्रो चक्रको समीक्षाका लागि उठान गर्नुपर्ने प्रमुख सवाल तथा सुझावहरू संकलन गरिएको थियो । कार्यशालामा मानव अधिकारको क्षेत्रमा क्रियाशील विभिन्न संस्थाका प्रतिनिधि, महिला मानव अधिकार रक्षकहरू, सामुदायिक संघसंस्थाका प्रतिनिधि, सञ्चारकर्मी, राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि, स्थानीय सरकारका प्रतिनिधितथा सांसदहरूको समेत सहभागिता रहेको थियो ।

## १४. लैङ्गिक हिंसाको व्यवस्थापनका लागि एकद्वार संकट व्यवस्थापन केन्द्रको सेवाको प्रभावकारिता विषयक कार्यशाला



नेपाल सरकारले लैङ्गिक हिंसाको समस्यालाई सम्बोधन गर्न ल्याएको 'लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजना २०१०' ले अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रको स्थापना र संचालन गर्न निर्देश गरे बमोजिम 'लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तिकरण सम्वन्धि राष्ट्रिय रणनीति तथा कार्ययोजना' को ८ औं रणनीतिअनुसार २०६८ सालमा लैङ्गिक हिंसा प्रभावितहरूका लागि सुलभ रुपमा स्वास्थ्य तथा अन्य सेवा प्रदान गर्न अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रको स्थापना भएको हो। हाल नेपालका सातवटै प्रदेशमा गरि ५७ वटा एकद्वार संकट व्यवस्थापन केन्द संचालनमा रहेका छन् र यसलाई व्यवस्थापन गर्न नेपाल सरकारले २०६७ मा नै निर्देशिका तयार गरि हाल उक्त निर्देशिका परिमार्जन प्रक्रियामा रहेको छ। लैङ्गिक हिंसासम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना गरेर हिंसा प्रभावितहरूलाई स्वास्थ्य उपचारलगायत अन्य आवश्यक सेवाहरू एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था मिलाई लैङ्गिक हिंसा नियन्त्रणमा योगदान पुर्‍याउने उद्देश्यका साथ यी केन्द्रको स्थापना भएको हो। यो केन्द्र लैङ्गिक हिंसाका घटनाहरूबाट प्रभावित व्यक्तिहरूलाई एउटै केन्द्रबाट सवै प्रकारका आवश्यक सेवा उपलव्ध गराई पीडितका समस्या एकैठाउँबाट सम्बोधन गर्न बनाईएको वा निर्माण भएको सरकारी संयन्त्र हो।

यी केन्द्रहरूको हालको अवस्था, संचालन प्रक्रिया, कस्ता प्रकारका घटनाहरू आईरहेका छन् र प्रभावकारी रुपमा सेवा पाएका छन् वा छैनन, प्रभावकारी सेवा प्रदान गर्न नसक्नुको कारण, चूनौती तथा आगामी दिनमा सेवामा प्रभावकारिता ल्याउन गर्न सकिने कार्यका बारेमा छलफल गर्ने र केन्द्रहरूबाट प्रदान गरिने सेवालाई आगामी दिनमा प्रभावकारी बनाउन सम्बन्धित सरोकारवालाहरूको भूमिकाका बारेमा छलफल गरी लैङ्गिक हिंसा प्रभावितहरूले छिटो, सहज र सरल तरिकाले न्याय पाउने वातावरण सिर्जना गर्न पैरवी गर्ने उद्देश्यले यस कार्यशालाको आयोजना गरिएको थियो। कार्यशालामा जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा प्रतिनिधि, जिल्ला बार, जिल्ला सरकारी वकिल, ओसिएमसी, यही क्षेत्रमा कार्यरत सुरक्षा आवास संचालन गर्ने संस्थाका प्रमुख तथा प्रतिनिधि तथा अन्य गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि गरि जम्मा ६० जनाको उपस्थिति रहेको थियो।

## १५. सचेतना अभिवृद्धि

संविधानतः सुनिश्चित भएको मौलिकहकको (समानताको हक (धारा १८), महिलाको हक (धारा ३८), सामाजिक न्यायको हक (धारा ४२), देवानी तथा फौज्दारी संहितामा भएका कानुनी प्रावधान आदिका बारेमा महिला समूह, सामुदायिक संघसंस्था, युवा समूह, नागरिक समाज रसंचारकर्मीसँग सचेतना अभिवृद्धि तथा आम सचेतीकरण कार्यक्रम अर्न्तगत विषयगत अभिमुखीकरण वडा भेला, विद्यालय शिक्षा तथा घुम्ती गोष्ठी गरी यसवर्ष १३१ वटा अभिमुखीकरण दाङ, मोरङ, सिन्धुली, काठमाण्डौ, भक्तपुर, ललितपुर, कैलाली, धनुषा, रुकुम, सिरहा, उदयपुर, सुनसरी, बर्दिया, ओखलढुङ्गामा सम्पन्न भएका छन्। २७३१ जना महिला र १८५४ जना पुरुष गरि ४५८५ जनाले यस विषयमा जानकारी पाएका छन्। महिला अधिकारका सवाललाई स्थानीयस्तरमा रहेका समूह संस्था तथा सञ्जालहरूलाई सचेतना अभिवृद्धि गर्दै सम्बन्धित सवालको उठान र आम सचेतिकरण गर्ने उद्देश्यका साथ यस कार्यक्रम संचालन गरिएको थियो। यस कार्यक्रम अर्न्तगत लैङ्गिक विभेदमा आधारित हिंसा, यौनजन्य दुर्व्यवहार, घरेलु हिंसा कसुर तथा सजायँ ऐन, दिगो विकास लक्ष्य र महिला सशक्तिकरणसँग सम्बन्धित विषयहरू पनि समेटिएका थिए। संविधानमा भएका मौलिक हक विशेषगरी महिलाको हक, समानताको हक तथा सामाजिक न्यायको हक, देवानी तथा फौजदारी संहिता आदि सम्बन्धी अभिमुखीकरण, वडा भेला, विद्यालय शिक्षा सम्पन्न भएका छन्।

## १५.१ किशोरी मेला कार्यक्रम



ओरेक तथा बूढानीलकण्ठ नगरपालिका वडा नं ११ को आयोजना र एकिकृत महिला विकास समितिको समन्वयमा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत डिसेम्बर ९, २०१९ मा कपन ११ मा अवस्थित श्री ग्राम शिक्षा उच्च माध्यमिक विद्यालयमा किशोरी मेला कार्यक्रमको आयोजना गरिएको थियो । मेलाको माध्यमबाट सहभागीहरूलाई लैङ्गिक हिंसाको बारेमा सचेत गराउने, महिला शसक्तिकरणको बारेमा सार्वजनिक रुपमा युवाहरूलाई बोल्न प्रोत्साहन गर्ने तथा लैङ्गिक विभेदमा आधारित हिंसा तथा महिला शसक्तिकरणको बारेमा जानकारीमूलक सामग्रीहरू प्रस्तुत तथा वितरण गरिएको थियो । कार्यक्रममा १६ दिने अभियानभर स्वयम्सेवकको रुपमा कार्यरत रहेका मेघा, सेन्ट लरेन्स, के एण्ड केलगायतका कलेजका विद्यार्थीसहित बूढानीलकण्ठ, टोखा, धापासीका ७ देखि १० कक्षामा अध्ययनरत ७ भन्दा बढी विद्यालयका विद्यार्थी, रोहिंगा (म्यानमारका शरणार्थीहरू) समुदायका सदस्फहरू, युवा क्लव, महिला समूहहरू, विभिन्न संघ संस्थाका प्रतिनिधिसहित ३०० भन्दा बढीको सहभागिता रहेको थियो ।

कार्यक्रममा लैङ्गिक समानतासहितको हाम्रो भविष्य, हिंसाको प्रतिकार गरौं, हिंसाविरुद्ध आवाज उठाऔं जस्ता विषयवस्तुसँग सम्बन्धित रहेर कविता वाचन तथा चित्रकला प्रतियोगिता र सूचना सामग्री प्रदर्शनी, अभिमुखीकरण, डान्स मोभमेन्ट थेरापी, नाटकलगायतको कार्यक्रम आयोजना गरिएको थियो ।

## १५.२ घरदैलो कार्यक्रम

ओरेकले कार्यक्षेत्रमा रहेका रोहिंगा समुदायमा दैनिक रुपमा महिलाहरूलाई लक्षित गरि घरदैलो कार्यक्रम सञ्चालन गर्दै आएको छ । घरदैलोका क्रममा सामाजिक परिचालक, सामुदायिक स्वयम्सेवक तथा परामर्शकर्ताले समुदायका महिलालाई यौनिक तथा लैङ्गिक विभेदमा आधारित हिंसा, लैङ्गिक समानता, व्यक्तिगत तथा महिनावारी सरसफाई, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, जस्ता विषयमा छलफल गर्दछन् । रोहिंगा समुदायका महिलाहरूको गतिशीलतामा रहेको अवरोधका कारण छलफल तथा विभिन्न कार्यक्रममा सहभागी हुन चूनौतीपूर्ण वातावरण रहेको थियो । समुदायमा निरन्तर गरिएका सचेतनामुलक कार्यक्रमबाट सचेतना अभिवृद्धि भए पश्चात घरदैलो कार्यक्रमका क्रममा समुदायका पुरुष सदस्यहरूसँग समेत गरिएको छलफल कार्यक्रमहरु अगाडी बढेको छ । यस अवधिमा १७० वटा घरदैलो कार्यक्रम सम्पन्न भएका छन् ।

## १५.३ अन्तरधार्मिक सञ्जालको अगुवाईमा हानिकारक परम्परागत अभ्यासविरुद्ध सचेतना

हाम्रा समुदाय र घर परिवारमा प्रचलनमा रहेका अनेकौं सामाजिक रीतिरिवाज, संस्कृति, आस्था र परम्पराहरू हाम्रा धरोहर हुन् । हामी यी धरोहरहरूको सम्मान गर्छौं । तर हाम्रा धरोहरभित्र रहेका सबै पक्षहरू राम्रा नै छन् भन्न सकिन्न । परापूर्वकालदेखि अभ्यास गर्दै आएका केही सामाजिक क्रियाकलापहरू सहज नै लागेपनि ती क्रियाकलापहरूले समाजमा नकारात्मक प्रभाव पारिरहेका हुन्छन् । अझ केही परम्पराहरू त गलत हुन् भन्ने जान्दाजान्दै पनि नागरिकले स्वीकार्दै आएका छन् । यस्ता परम्पराहरूले सुसंस्कृत तथा समुन्नत समाज विकासमा नकारात्मक प्रभाव पारेका छन् । समाजमा रहेको सबै हानिकारक परम्परागत अभ्यासको अन्त्यका लागि कानुनी व्यवस्थाहरू छन् । तर व्यक्तिमा रहेको सोच, धारणा र व्यवहार परिवर्तन बिना हानिकारक परम्परागत अभ्यासहरूको अन्त्य सम्भव छैन । यसर्थ ओरेकले व्यक्तिको सोच, धारणा र व्यवहारमा परिवर्तन ल्याउनका लागि अन्तरधार्मिक सञ्जालको अगुवाईमा महिनावारी हुँदा गरिने विभेद, महिनावारी सम्बन्धी रहेका गलत धारणाहरू, धर्म संस्कृतिका आडमा हुने बालविवाह लगायत सामाजिक कुरीति र विसंगतीविरुद्ध समुदायमा सचेतना जागरण कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसवर्ष संस्थाले कैलाली, सिन्धुली, सुनसरी र बर्दिया जिल्लामा अन्तरधार्मिक सञ्जालसँगको समन्वयमा किशोरी तथा उनीहरूका परिवारबीच अन्तरसंवाद, समुदायमा सचेतना कार्यक्रम,


विद्यालय शिक्षा, घरदैलो कार्यक्रमलगायत १६ वटा कार्यक्रम सञ्चालन गरेको छ। जसबाट करिब २ हजार व्यक्तिले प्रत्यक्ष रुपमा यस्ता हानिकारक परम्परागत अभ्यासविरुद्ध सूचना प्राप्त गरेका छन्। यी बाहेक अन्तरधार्मिक सञ्जालले सञ्चार पैरवी गर्दै अन्तर्वाताहरू दिने, लेखरचना प्रकाशन गर्ने, स्थानीय सरकारसँगको समन्वयमा पालिकामा सप्ताहव्यापी सचेतना कार्यक्रम सञ्चालन गर्ने कार्य गर्दै आएका छन् ।

## १६. अन्तरक्रिया तथा छलफल कार्यक्रम

स्थानीय सरकारसँगको समन्वय तथा महिला समूह सञ्जाल तथा सामुदायिक संस्थाहरूको अगुवाईमा दिगो विकास लक्ष्यको स्थानीयकरण तथा कार्यान्वयन, महिला सशक्तिकरण, समुदायका महिलाको सवाल र चूनौती तथा समाधानका लागि स्थानीय तहको भूमिका, लैङ्गिक संवेदनशील सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका,मनोविमर्श केन्द्र संचालनमा स्थानीय सरकारको जवाफदेहिता, हानिकारक परम्परागत अभ्यास न्यूनीकरणमा स्थानीय तहको  भूमिका, नयाँ कानुनी प्रावधानका बारेमा स्थानीय जनप्रतिनिधिसँग अन्तरक्रिया, हिंसा प्रभावितको सामाजिक सुरक्षाका लागि रणनीति निर्माणमा सरोकारवालाहरूको भूमिका जस्ता कार्यक्रमहरू धनुषा, सिन्धुली, रुकुम, उदयपुर, मोरङ , सिन्धुली, ओखलढुङ्गा , दाङ , सिराहा  सुनसरी र कैलाली जिल्लामा १११ वटा अन्तरक्रिया गोष्ठी र छलफल सम्पन्न गरेको छ। जसमा २२६४ महिला १६१०  पुरुष र ११ जना लैङ्गिक तथा यौनिक अल्पसंख्यक गरी ३८८५ जनाको सहभागिता रहेको थियो ।

दिगो विकास लक्ष्यको स्थानीयकरण तथा कार्यान्वयन, महिला सशक्तिकरण, समुदायका महिलाको सवाल र चूनौती तथा समाधानका लागि स्थानीय तहको भूमिका, लैङ्गिक संवेदनशील सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका, मनोविमर्श केन्द्र संचालनमा स्थानीय सरकारको जवाफदेहिता, हानिकारक परम्परागत अभ्यास न्यूनीकरणमा स्थानीय तहको भूमिका, नयाँ कानुनी प्रावधानका बारेमा स्थानीय जनप्रतिनिधिसँग अन्तरक्रिया, हिंसा प्रभावितको सामाजिक सुरक्षाका लागि रणनीति निर्माणमा सरोकारवालाहरूको भूमिका आदि विषयमा अन्तरक्रिया तथा गोष्ठी सम्पन्न भएका छन् ।

कार्यक्रम संचालनपश्चात स्थानीय तहले लैङ्गिक संवेदनशील सेवा प्रवाहका लागि स्थानीय प्रहरी, कानुनी सेवा प्रदायक तथा अन्य सेवा प्रदायकहरूलाई संवेदनशील भई सेवा प्रवाह गर्न निर्देशन दिएको थियो भने स्वयं सेवा प्रदायकहरूले पनि सेवा प्रवाहमा संवेदनशीलता अपनाउने प्रतिवद्धता जनाएका थिए। त्यस्तैगरी स्थानीय तहले हिंसा प्रभावित महिलाहरूलाई सेवा प्रवाहमा सहयोग गर्न सुरक्षा आवास निर्माण तथा संचालन र ओसिएमसी संचालनका लागि योजना बनाई रकम छुट्याएका छन्।




## १७. फैसला कार्यान्वयन सम्बन्धी कार्यशाला

प्रभावित महिलाहरूले कानुनी रुपमा प्राप्त गरेका अधिकारलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न नपाएको अवस्थालाई मध्यनजर गर्दै स्थानीय सरोकारवालाहरूको ध्यानाकर्षण गर्ने उद्देश्यका साथ यस कार्यक्रमको आयोजना गरिएको थियो। फैसला कार्यान्वयन नभइ  पूर्ण न्याय प्राप्त हुन सक्दैन। नेपालको संविधान २०७२ ले मुद्दा मामिलामा अदालतले दिएको आदेश वा निर्णय नेपाल सरकारलगायत सबैले पालना गर्नुपर्ने दायित्व निर्धारण गरेको छ। यद्यपी अदालतबाट अन्तिम फैसला भएका कतिपय फैशला वा निर्णयहरू वर्षौंसम्म कार्यान्वयन हुन सकेका छैनन्।  अदालतबाट प्रभावितको पक्षमा फैसला भएपनि फैसलाको पूर्ण कार्यान्वयन नहुँदासम्म प्रभावितले न्यायको महशुस गर्न नसक्ने अवस्था छ।  यसै सन्दर्भमा भएका फैसलाहरूको कार्यान्वयनको अवस्था, फैसला कार्यान्वयमा प्रभावितले भोग्नुपरेका चूनौतीहरूका बारेमा छलफल गरि, फैसलाको पूर्ण कार्यान्वयन गर्न पैरवी गर्ने उद्देश्यका साथ यसवर्ष मोरङ, सुनसरी, उदयपुर, कैलाली, दाङ, धनुषा र सिरहा जिल्लामा गरि ७ वटा कार्यक्रम सम्पन्न भए। कार्यक्रममा २१७ जना सरोकारवाला तथा हिंसा प्रभावितको सहभागिता  थियो ।



## १८. युवा महिला मानव अधिकार रक्षक : हामी कहाँ छौं र कहाँ जान चाहन्छौं ? विषयक राष्ट्रिय परामर्श

महिला मानव अधिकार रक्षकहरूको अन्तर्राष्ट्रिय दिवस २९ नोभेम्बरका दिन, २२ जिल्लाका ८० भन्दा बढी युवा महिला मानव अधिकार रक्षक काठमाण्डौंमा भेला भई, महिलाको मानव अधिकारको संरक्षण र प्रवर्द्धनकालागि समुदायस्तरमा रहेर युवा महिला मानव अधिकार रक्षकहरूले गरिरहेका कार्यहरूको समीक्षा गरे । यस अवशरमा उनीहरूले भोग्नुपरेका चूनौतीहरूका बारेमा समेत छलफल गरि युवा महिला मानव अधिकार रक्षकहरूको कामको पहिचान, सम्मान र सुरक्षाको ग्यारेण्टी गर्नका लागि ७ बुंदे घोषणापत्र जारी गरिएको छ ।

हरेक वर्ष २९ नोभेम्बरलाई महिला मानव अधिकार रक्षकहरूको अन्तर्राष्ट्रिय दिवसका रुपमा मनाईदै आईएको छ । समुदायमा मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि कार्य गरिरहेका युवा महिला मानव अधिकार रक्षकहरूको अनुभव, चुनौती तथा सिकाईका विषयमा छलफल गर्ने तथा महिला मानव अधिकार रक्षकहरूको कार्यलाई सुदृढीकरण गर्नका लागि आवश्यक रणनीति तयार गर्ने प्रमुख उद्देश्यका साथ यस परामर्शको आयोजना गरिएको थियो ।

परामर्शमा युवा रक्षकहरूले आफुहरू समुदायमा रहेर मानव अधिकार हनन्का घटनाहरूको अभिलेखीकरण गरेको, प्रभावितको न्यायका लागि संगठित भएर आवाज उठाईरहेका, हानिकारक परम्परागत अभ्यास, लैङ्गिक विभेदविरुद्ध सचेतनामूलक कार्यहरू गरिरहेको बताएका थिए । यसरी समुदायमा कार्य गर्ने युवा रक्षकहरूलाई परिवारका सदस्यले महिला भएर नेता जस्तो नबन भन्ने, चरित्रमाथि आरोप र लाञ्छाना लगाउने, जोखिमपूर्ण समूह, महिला लागुपदार्थ सेवनकर्ता र एचआईभी संक्रमित, यौनकर्मी महिलाहरूसँग काम गरेकै कारण विभिन्न लाञ्छाना लगाउने, सरकारले प्रदान गरका ा सेवाहरू उपभोग गर्नबाट वञ्चित हुनुपर्ने, पीडकहरूले विभिन्न धम्की दिने, अपाङ्गता भएका व्यक्तिको अधिकारका लागि काम गर्ने रक्षकहरूका लागि अपाङ्गतामैत्री संरचनाहरू नहुँदा आधारभुत सेवाहरू समेत प्राप्त गर्नबाट वञ्चित हुने, युवा महिलाको क्षमतामा सबैले प्रश्न गर्नेलगायतका चूनौतीहरू भोगिरहेको बताएका थिए । युवा महिला मानव अधिकार रक्षकहरूले स्थानीय तहदेखि संघस्तरसम्म संगठित भएर आफ्ना हक अधिकारका लागि लड्ने र आफ्नो अधिकार सुनिश्चित नभएसम्म अभियानलाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गरेका थिए ।

यी मुद्दाहरू उठानका लागिसामुदायिक संघसंस्थाका प्रतिनिधि र युवाहरू गरि हजार जना भन्दा बढीलाई विभिन्न सवालहरूमा प्रशिक्षण गरिएकोछ ।

## १९. मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाका लागि राष्ट्रिय महिला सञ्जालको तर्फबाट प्रतिवेदन तयारी र पेश

संयुक्त राष्ट्रसङ्घले आफ्ना सदस्य राष्ट्रहरूको समग्र मानव अधिकारको अवस्थाका बारेमा आवधिक रूपमा जानकारी पाउन तथा मानव अधिकार अवस्थामा सुधार गर्न आवश्यक सिफारिस गर्ने प्रयोजनको लागि प्रत्येक साढे चार वर्षमा सम्बन्धित देशको मानव अधिकार अवस्थाको पुनरावलोकन

गर्ने प्रक्रिया नै मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा हो । यसलाई संयुक्त राष्ट्रसङ्घले मानव अधिकारको अनुगमन गर्ने विभिन्न प्रक्रियाहरूमध्येको एक प्रक्रिया पनि भन्न सकिन्छ । यस प्रक्रियाअन्तर्गत संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरूको समग्र मानव अधिकार अवस्थाको बारेमा अनिवार्य रूपमा समीक्षा हुन्छ । यस समीक्षामा नागरिक समुदायका तर्फबाट समेत प्रतिवेदन पेश गर्न सक्ने प्रावधान छ । ओरेकले मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाको बारेमा समुदायस्तरमा सूचना दिने, समीक्षाबाट आएका सुझावहरू कार्यान्वय गर्नका लागि स्थानीयदेखि संघतहका सरकारलाई जवाफदेही बन्न विभिन्न कार्यक्रम तथा पैरवी गर्दै आएको छ । मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाका लागि महिला सञ्जालको सचिवालय समेतको भूमिका निर्वाह गर्दै, यसवर्ष संस्थाले विभिन्न प्रादेशिक तथा राष्ट्रिय परामर्शको आयोजना गरि प्रतिवेदन बुझाउन सफल रहेको छ ।

## २०. "हाम्रो मानव अधिकार कहाँ छ ?" विषयक राष्ट्रिय परामर्श

१५ जिल्लाका ३७ जना हिंसा तथा द्वन्द्व प्रभावितहरूको उपस्थितिमा हाम्रो मानव अधिकार कहाँ छ ? विषयक २ दिने परामर्शको आयोजना गरिएको थियो । प्रभावितहरूले न्यायका लागि आफुले भोगेका चूनौती तथा सवालहरूमा केन्द्रित रही माग पत्र बुझाएका थिए । घरेलु हिंसाबाट घर निकाला गरिएका, बलात्कार प्रभावित भई सामाजिक रुपमा तिरस्कार भोगिरहेका, बोक्सीको आरोपमा शारीरिक तथा मानसिक यातना खेपेका, आर्थिक स्रोत, सम्पत्ति तथा सरकारी सेवा सुविधाबाट वञ्चित गरिएका, नागरिकताविहिन तथा बच्चाको जन्मदर्ता र नागरिकताबाट वञ्चित हिंसा प्रभावित तथा द्वन्द्वको समयमा हिंसा भएका र न्याय नपाएकाहरूको उपस्थिति रहेको थियो ।

हिंसा तथा द्वन्द्व प्रभावितहरूले गृह, कानुन तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग समक्ष नागरिकता, क्षतिपुर्ति पाउने अधिकार, पीडकलाई अनिवार्य सजायको व्यवस्था, सहयोगी संयन्त्रहरूमा सहज पहुँच, हिंसा प्रभावित तथा हिंसा प्रभावितबाट जन्मिएका बच्चाहरूको उच्च शिक्षा प्राप्त गर्ने अधिकार, छिटो, छरितो कानुनी प्रक्रिया निर्माण, दिगो जीविकोपार्जन र आत्मसम्मानसहित सामाजिक पुनर्स्थापना हुने वातावरण तयारीका लागि माग प्रस्तुत गरेका थिए ।

विवाह दर्ताको कागजात हुँदा पनि नागरिकता लिनका लागि वडाले सिफारिस नदिएका कारण बच्चाको पनि नागरिकता बनाउन समस्या, बैंक कारोवारका लागि समस्या, सामाजिक सुरक्षा भत्ताबाट वञ्चित, अंश दाबी गर्न समस्या भएको एक सहभागीले बताएका थिए । विवाहपछि श्रीमान् र परिवारका सदस्यहरूले कुटपिट गरि घर निकाला गरेको र सम्बन्धित निकायमा पटक पटक जादाँ समेत आफ्नो नागरिकता बनाउन, बच्चाको जन्मदर्ता गर्न पाउने नैसर्गिक अधिकारबाट बञ्चित भएको अर्को सहभागीले बताएका थिए । आफू बिरामी भएको अवस्थामा उपचार नगरी , मारेर वेपत्ता पार्ने धम्की दिई घर निकाला गरेको, ४ वर्षको बच्चालाई समेत भेट्न नदिएको र स्थानीय तहसम्म छलफल हुँदा पनि कुनै निर्णय नभएको एक सहभागीले बताएका थिए । त्यस्तैगरी श्रीमान्ले दोस्रो विवाह गरि दोस्रो श्रीमतीलाई पहिलो बनाई विवाह दर्ता गराएको, वास्तविक पहिलो श्रीमती र छोराछोरीलाई बेवास्ता गरेको र यसको सुनुवाई तथा सहयोग कसैले नगरेको जस्ता समस्या सहभागीले कार्यक्रममा राखेका थिए । अदालतले फैसला गरेको तर व्यवहारिक रुपमा अदालतले फैसला गरे अनुरुपको अधिकार भोगचलन गर्न नपाएको अवस्थाका बारेमा प्रभावितले सरोकारवालाको ध्यानाकर्षण गराएका थिए ।

कार्यक्रममा राष्ट्रिय महिला आयोगका सचिव दिपेन्द्र काफ्ले, राष्ट्रिय मानव अधिकार आयोगका उपनिर्देशक मञ्जु खतिवडा, गृह मन्त्रालयका उपसचिव कमलराज ढकाल, कानुन मन्त्रालयका उपसचिव पुरुषोत्तम नेपाल, प्रहरी निरिक्षक चेतना पोखरेल र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि भेषराज काफ्ले लगायतले उठेका सवालहरू सम्बोधनका लागि सम्बन्धित आयोग तथा मन्त्रालयमार्फत हिंसा प्रभावितको न्याय सुनिश्चित गर्न आफुहरू प्रतिबद्ध रहेको बताएका थिए । राष्ट्रिय महिला आयोगका सचिव दिपेन्द्र काफ्ले कानुनी व्यवस्थाहरू हुँदाहुँदै पनि प्रभावितको समस्यालाई आत्मसात गरि सम्बोधन गर्ने संवेदनशीलताको कमीका कारण न्याय नपाईरहेको र जस्तोसुकै अवस्थामा पनि महिला आयोगले प्रभावितलाई व्यवहारिक सहयोग गर्ने प्रतिबद्धता व्यक्त




गर्नुभएको थियो । हिंसा प्रभावितहरूको राष्ट्रिय सञ्जाल अग्रणीका अध्यक्ष शान्ति पासवानले मागपत्र प्रस्तुत गर्नुभएको थियो ।

### २१. महिला हिंसाविरुद्धको वर्ष पुस्तक "अन्वेषी" लोकार्पण

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको पहिलो दिन नोभेम्बर २५ मा राष्ट्रिय मानव अधिकार आयोगमा अयोजित कार्यक्रममा ओरेकमा अभिलेखीकरण गरिएका महिलामाथि भएका जम्मा १३१९ वटा हिंसाका घटनाको विस्तृत विश्लेषण समेटिएको पुस्तक अन्वेषी २०७६ को लोकार्पण राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनुपराज शर्मा, राष्ट्रिय मानव अधिकार आयोगका सदस्य माननीय श्री मोहना अन्सारी, राष्ट्रिय महिला आयोगका सचिव श्री दिपेन्द्र काफ्ले, प्रहरी उपरिक्षक श्री कृष्ण सिंह थापा र ओरेकका अध्यक्ष श्री ज्येत्सना मास्केले संयुक्त रुपमा गर्नुभएको थियो ।

देशभरबाट महिला माथि हुने हिंसाका घटनाहरूको अभिलेखिकरण गरि महिला हिंसाविरुद्धको वर्ष पुस्तक "अन्वेषी" लैङ्गिक हिंसाविरुद्धको दिवस २५ नोभेम्बर को दिन हरेक वर्ष प्रकाशन गर्दै आएको छ। महिला माथि हुने हिंसाको अवस्था र महिलाको न्यायमा पहुँचको अवस्थालाई विश्लेषण गरी तयार गरिएको वर्ष पुस्तकले समग्र रुपमा महिलाको मानवअधिकार हनन्को अवस्था र यसको सम्बोधनका लागि समुदायस्तरदेखि नीतिगततहसम्म आवश्यक कार्यहरू गर्नका लागि सरोकारवालाहरूलाई दिशा निर्देश गर्ने विश्वास संस्थाले लिएको छ। ओरेकले सन् २००८ देखि नै देशभरबाट महिला माथि हुने हिंसाका घटनाहरूको अभिलेखिकरण गरि महिला हिंसाविरुद्धका वर्ष पुस्तक "अन्वेषी" हरेक वर्षमहिला हिंसाविरुद्धको दिवस २५ नोभेम्बरमा प्रकाशन गर्दै आएको छ ।

### २२. "क्वारेन्टिन : मानव अधिकारको सम्मान र संरक्षणका सवाल" विषयक सरोकारवालासँग छलफल

कोभिड १९ को संक्रमणबाट नागरिकलाई सुरक्षित राख्न संक्रमणको सम्पर्कमा रहेका वा सम्भावित जोखिम मा भएका व्यक्तिलाई कम्तिमा १४ देखि १७ दिनसम्म अलग्गै सुरक्षित रुपमा राख्नका लागि सरकारले क्वारेन्टिनको व्यवस्था गरेको छ ।

क्वारेन्टिन क्वारेन्टिनलाई सञ्चालन गर्न सरकारले क्वारेन्टिन सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७६ समेत तयार गरी सोही अनुसार क्वारेन्टिन सञ्चालन गर्न निर्देशन समेत जारी गरेको छ । यद्यपी क्वारेन्टिन सम्बन्धी सञ्चारमाध्यममा आएका समाचार र ओरेक कार्यरत विभिन्न जिल्लाहरूमा प्रत्यक्ष रुपमा क्वारेन्टिनमा गरेको स्थलगत अनुगमनका आधारमा, क्वारेन्टिनमा लैङ्गिक संवेदनशीलताको कमी र मानव अधिकारको सम्मान र संरक्षण गर्न नसकेको पाईएको छ । यसर्थ क्वारेन्टिन अनुगमन गर्दा पाईएका सवालहरू, सञ्चालित क्वारेन्टिनहरू कत्तिको मानव अधिकारमैत्री छन्,

र क्वारेन्टिनको व्यवस्थापनमा तत्काल सम्बोधन गर्नुपर्ने विषयका बारेमा छलफल गर्ने उद्देश्यले ओरेकले "क्वारेन्टिन : मानव अधिकारको सम्मान र संरक्षणका सवाल" विषयक बहुसरोकारवालासँग भर्चुअल अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो ।

### कार्यक्रमको मुख्य उद्देश्य :

- क्वारेन्टिन व्यवस्थापनमा लैङ्गिक संवेदनशिलता र मानव अधिकारका सवाल विषयमा बहु सरोकारवालासँग छलफल गर्ने ।
- क्वारेन्टिनको व्यवस्थापन गर्दा मानव अधिकारको सम्मान र संरक्षणका लागि तत्काल सम्बोधन गर्नुपर्ने सुझावहरूका बारेमा छलफल गर्ने ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका निर्देशक वेदप्रसाद भट्टराई, राष्ट्रिय महिला आयोगका सचिव शान्ता भट्टराई, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सहसचिव मनमाया पंगेनी, मानव अधिकारका क्षेत्रमा क्रियाशील विभिन्न व्यक्ति तथा संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

### २३. कोभिड १९ महामारीका कारण भएको बन्दाबन्दीको समयमा लैङ्गिक विभेदमा आधारित हिंसाको जोखिम र रोकथामको अवस्था सर्वेक्षण

ओरेकले कोभिड १९ महामारीका कारण भएको बन्दाबन्दीको समयमा लैङ्गिक विभेदमा आधारित हिंसाको जोखिम र रोकथामको अवस्था विषयक सर्वेक्षण गरेको छ। यो सर्वेक्षणलाई मिति २०७७ जेष्ठ ३० गते भर्चुअल बैठक मार्फत सार्वजनिक गरिएको थियो ।

सन् २०२० को मे महिनामा सम्पन्न सर्वेक्षणमा गैरसरकारी क्षेत्र, सामुदायिक संघसंस्थाका व्यक्तिहरू, महिला/मानव अधिकारकर्मी, हिंसा प्रभावित तथा प्रभावितका परिवारका सदस्य, सेवा प्रदायक निकायहरू एकद्वार संकट व्यवस्थापन केन्द्र, प्रहरी, जिल्ला सरकारी वकिल, जिल्ला बार एशोसिएसन, न्यायिक समिति, सुरक्षा आवास व्यवस्थापन समिति, वडा कार्यालयका प्रतिनिधिहरू गरी ३० जिल्लाका ३३४ जना सहभागी भएका थिए जसमध्ये १४९ जना हिंसा प्रभावित रहेका छन् । उत्तरदाताहरूमध्ये २९ प्रतिशत आदिवासी, जनजाती, २६ प्रतिशत ब्राह्मण, २१ प्रतिशत क्षेत्री, ९ प्रतिशत दलित र १४ प्रतिशत अन्य जाती रहेका छन् । उत्तरदातामध्ये ७६ प्रतिशत महिला २३.७० प्रतिशत पुरुष र ०.३० प्रतिशत अन्य रहेका छन् ।

सर्वेक्षणका नतिजा तथा सुझावहरूका आधारमा लैङ्गिक विभेदमा आधारित हिंसा अन्त्यका लागि काम तथा कार्ययोजना बनाउन सहज हुने सहभागीहरूले बताएका थिए ।

### यस सर्वेक्षणबाट प्राप्त केही नतिजाहरू यसप्रकार रहेका छन् :

✓ बन्दाबन्दीको समयमा लैङ्गिक विभेदमा आधारित हिंसा हुने सम्भावना बढी हुन्छ भनेर ५६ प्रतिशत उत्तरदाताले बताएका छन् । यसैगरी २२ प्रतिशतले हिंसा हुने सम्भावना अत्यधिक हुन्छ र २२ प्रतिशतले हिंसा हुने सम्भावना न्यून हुने बताएका छन् ।

✓ बन्दाबन्दीको समयमा घरेलु हिंसा : ७५ प्रतिशत शारीरिक हिंसा हुने सम्भावना, ७५ प्रतिशत गालीगलौज, २९ प्रतिशत चरित्रमाथि आरोप, २४ प्रतिशत स्रोतसाधन र सुविधाबाट वञ्चितीकरणको सम्भावना हुने धारणा उत्तरदाता राखेका छन् । (बहुउत्तर)

✓ ४७ प्रतिशत उत्तरदाताले आफूमाथि भएको हिंसाका बारेमा साथीसंगी लाई, ४४ प्रतिशतले संघसंस्थाका व्यक्तिलाई, २२ प्रतिशतले घरभित्रका व्यक्तिलाई, २२ प्रतिशतले आफन्त नातागोतालाई र ३० प्रतिशतले प्रहरीलाई पहिले जानकारी गराउने बताएका छन् । (बहुउत्तर)

✓ उत्तरदाताहरूमध्ये ६४.७० प्रतिशतले उजुरीका लागि बाहिर निस्कने अवस्था छैन/नभएको कारण, ४२.२० प्रतिशतले घरमा बसेर उजुरी गर्न कठिनाई हुने, ३३.८० प्रतिशतले घरमा बसेर उजुरी गर्ने प्रक्रिया थाहा नभएर उजुरी गर्न सहज नभएको बताएका छन् । यस्तै १८.६० प्रतिशतले भने बन्दाबन्दीको समयमा पनि उजुरी गर्न सकिने बताएका छन् ।

✓ उत्तरदाताहरूमध्ये ३० प्रतिशतले उजुरी गर्दा अरुले थाहा पाएर जोखिम बढ्न सक्ने, २७ प्रतिशतले हिंसाको उजुरी कहाँ र कसरी गर्ने जानकारीको अभाव, २३ प्रतिशतले

बालबालिकाको सुरक्षा र भविष्यको चिन्ता र २० प्रतिशतले  हालको अवस्थामा सहयोग गर्ने निकायको जानकारी अभावका कारणले गर्दा उजुरी गर्न चूनौती रहेको बताएका छन् ।

- ✓ ५९.६ प्रतिशत उत्तरदाताले सामाजिक संघसंस्था सक्रिय र सहयोगी भए, ५९.३ प्रतिशतले प्रभावितलाई उजुरी गर्ने संयन्त्रसम्म पुग्न रोकतोक नभए, ५०.३ प्रतिशतले सुरक्षा निकायले सहयोग गरे, ४४.६ प्रतिशतले जनप्रतिनिधिसँगको पहुँच र सहयोगी भए, ३४.१ प्रतिशतले छिमेकीले सहयोग गरेमा, र २.७ प्रतिशतले हटलाईन सेवा उपलब्ध भएमा आफूमाथि भएको हिंसाको उजुरी गर्न सहज हुने बताएका छन् ।

- ✓ लैङ्गिक विभेदमा आधारित हिंसा रोकथामका लागि सरकारले गरेका प्रयासहरूमा ३६.८ प्रतिशतले सन्तोषजनक रहेको, २९.३ प्रतिशतले आंशिक रुपमा सन्तुष्ट, २५.४ प्रतिशत असन्तुष्ट, ५.४ प्रतिशत धेरै सन्तुष्ट र ३ प्रतिशतले धेरै असन्तुष्ट रहेको  बताएका छन् ।

- ✓ ६७.५ प्रतिशत उत्तरदाताले नियमित सेवाहरू अवरुद्ध भएका कारण, ३४.८ प्रतिशतले प्रहरीले संक्रमणको जोखिमका कारण उजुरी लिन नसकेको, ३६.७ प्रतिशतले अदालत बन्द रहेकोले हाल उजुरी गर्न नसकेको, ३१.८ प्रतिशतले घाउ, चोटपटक लागेर औषधी उपचार गर्न जाँदा अस्पतालबाट सेवा प्राप्त गर्ने अवस्था नभएको र २५.९ प्रतिशतले संक्रमणको जोखिमका कारण एकद्वार संकट व्यवस्थापन केन्द्र, सुरक्षित आवासलगायतका सेवा प्राप्त गर्न नसकेका कारण असन्तुष्ट रहेको बताएका छन् । (बहुउत्तर)

- ✓ लैङ्गिक विभेदमा आधारित हिंसा सम्बन्धी सेवाहरूको उपलब्धताबारे उत्तरदातामध्ये ३७ प्रतिशतले सेवाप्रदायक निकायले सेवा प्रदान गरेको तर नियमित नभएको, २७ प्रतिशतले नियमित सेवा उपलब्ध नहुने, २४ प्रतिशतले नियमित सेवा उपलब्ध भएको तर पूर्ण नभएको र १२ प्रतिशतले नियमित सेवा प्राप्त गर्न सकिने बताएका छन् । जसमा सेवा प्रदायकहरूले नियमित सेवा प्रदान गर्न नसक्नुको मुख्य अवरोधका रुपमा ५७.५ प्रतिशतले पूर्व तयारीको कमी, ५७.२ प्रतिशतले सुरक्षा सामग्री उपलब्ध नहुनु, ४८.५ प्रतिशतले यस्तो अवस्थामा कसरी सेवा प्रदान गर्ने भन्ने प्राविधिक ज्ञान र सीपको कमी, ४३.७ प्रतिशतले स्रोत र साधनको कमी र ३९.८ प्रतिशतले नीतिगत व्यवस्थाको कमी रहेको बताएका छन् ।

## २३. कोरोना भाइरस (कोभिड १९) बाट हुने असर तथा क्षति न्यूनीकरणका लागि सुरक्षित आवास सञ्चालन कार्यविधि-२०७७ तयार

विपद पूर्वको अवस्थामा समेत महिला तथा बालिकामाथि विभिन्न प्रकारको हिंसा हुने गरेको र धेरै हिंसाका घटनाहरू उजुरीमा आउन नसकेको तथ्य विद्यमान  छ । त्यस्तै विपतका बेला हुने हिंसा विरुद्ध उजुरी गर्ने र कानुनी प्रक्रियामा लैजान झन् कठीन हुन सक्छ । त्यसमा पनि हिंसा प्रभावितका लागि आवश्यक सहयोगी संयन्त्रहरू विशेषगरी सुरक्षित आवासको अभावमा प्रभावितले आफूमाथि भएको हिंसा सहेर बस्न बाध्य हुने स्थितिको सिर्जना हुन्छ जुन उनीहरूका लागि निकै जोखिमपूर्ण हुनसक्छ ।

विश्व महामारीको अवस्थाबाट गुज्रिएको अवस्थामा सबैको ध्यान कसरी यस महामारीबाट बँच्ने र बचाउने भनेर केन्द्रित हुनु स्वभाविक हो । यद्यपी महिला तथा बालिकामाथि यस्तो बेलामा हुने वा हुन सक्ने हिंसालाई उचित किसिमले सम्बोधन गर्ने संयन्त्रको अभावमा महामारीको प्रभावसँगै महिला र बालिकामा थप जोखिमउत्पन्न हुने सम्भावना उच्च हुन्छ। यसर्थ संस्थाले यो महामारीको समयमा महिलामाथि हुने हिंसा रोकथाम तथा प्रभावितको सहयोगका लागि  विगतदेखि सञ्चालन गरिरहेका  ६ वटा सुरक्षित आवास र २ वटा थप सुरक्षित आवासव्यक्तिगत सुरक्षाका उपायहरू अवलम्बन गरि स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा सञ्चालनमा ल्याएको हो ।

### यस कार्यविधि तयार गर्नुको उद्देश्य :

सुरक्षित आवास सञ्चालन गर्दा कोरोना भाइरस (कोभिड १९) बाट हुने असर तथा क्षति न्यूनीकरण गर्ने उद्देश्यका लागि यस कार्यविधि तयार गरिएको हो ।

सामान्य अवस्थामा यस कार्यविधि प्रयोगमा आउने छैन। सुरक्षित आवासबाट नियमित रुपमा प्रदान गरिने सेवाहरू संस्थाको सुरक्षित आवास निर्देशिका बमोजिम नै प्रदान गरिने छ। प्रभावितलाई केन्द्रबिन्दुमा राखी, प्रभावितको आत्मसम्मानको कदर गर्दै मानव अधिकारमुखी दृष्टिकोणबाट सेवा प्रदान गर्नुपर्नेछ। जसका लागि निम्न विषयलाई प्राथमिकता दिनुपर्नेछ : **गोपनीयता**

- गोपनीयताको सुनिश्चितता
- प्रभावितको मर्यादा र आत्मसम्मानको सुनिश्चितता
- प्रभावितको निर्णयको सम्मान
- भेदभावरहित व्यवहार

विपदका बेला सुरक्षित आवास सञ्चालनमा ल्याउनुपूर्व अनिवार्य रुपमा स्थानीय सरकारको अनुमति लिनुपर्ने र सुरक्षित आवास सञ्चालन गर्दा नियमित समन्वय र सहकार्य गर्ने।

## २४. बन्दाबन्दीमा महिला तथा बालिकामाथि हुनसक्ने हिंसा/अन्य जोखिमको अवस्था र यसको सम्बोधनका लागि आवश्यक पहल विषयक अन्तरक्रिया कार्यक्रम

सञ्चारमाध्यमले देशमा भएका सम्पूर्ण राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। लैङ्गिक विभेदमा आधारित हिंसाको अन्त्यका लागि सञ्चारमाध्यमले आम सचेतनाको कार्यदेखि लिएर प्रभावितको न्यायमा पहुँच वृद्धि गर्न समेत महत्वपूर्ण योगदान गरिरहेको छ। यसै सन्दर्भमा बन्दाबन्दीको समयमा महिला तथा बालिकामाथि भएका तथा हुनसक्ने हिंसा तथा जोखिम र लैङ्गिक विभेदमा आधारित हिंसाको न्यूनीकरणका लागि सञ्चारमाध्यमले खेल्दै आएको भूमिका र यस्ता हिंसा न्यूनीकरणमा सञ्चारमाध्यको प्रभावकारिता बढाउन गर्नुपर्ने कार्यका बारेमा छलफल गर्ने उद्देश्यले कैलाली, बर्दिया, सुनसरी, सिन्धुली र काठमाण्डौंमा विभिन्न सञ्चारमाध्यका १२३ जना प्रतिनिधिसँग छलफल गरिएको थियो।

## २५. दिवसीय कार्यक्रमहरु

### २५.१. ११० औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस, ८ मार्च २०२०





महिला रोकिए संसार रोकिन्छ भन्ने यथार्थलाई संसारसामु ल्याउन संसारभरिका महिलावादीहरूले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा विश्वव्यापी हडतालको आयोजना गरेका थिए। ओरेकले यस हड्ताललाई समर्थन गर्दै कार्यरत सम्पूर्ण जिल्लामा विभिन्न कार्यक्रमको आयोजना गरेको थियो।

महिलाको विश्वव्यापी हडतालका मागहरू मर्यादित काम र जीवन धान्न पुग्ने ज्याला, लैङ्गिक विभेदमा आधारित हिंसाको अन्त्य, श्रोत, शक्ति र अवसरहरूमा न्यायपूर्ण पहुँच र सबैका लागि खाद्य संप्रभुता प्रवर्द्धन यस अवशरमा हडताल, श्रमिक महिलाको अवस्थाको बारेमा वक्तृत्वकला कार्यक्रम, सडक नाटक र अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो।

### २५.२. लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान (२५ नोभेम्बर देखि १० डिसेम्बर)

नोभेम्बर २५-महिलाविरुद्धको हिंसा अन्त्यका लागि अन्तर र्राष्ट्रिय दिवस र डिसेम्बर १०-अन्तर्राष्ट्रिय मानवअधिकार दिवससम्मको १६ दिनलाई सन् १९९१ देखि लैङ्गिक हिंसाविरुद्धको १६ दिने अन्तर्राष्ट्रिय अभियानको रुपमा विश्वभर मनाउँदै आएको २८ वर्ष भईसकेको छ । महिलामाथि हुने हिंसा मानव अधिकार हनन्को सवाल हो भन्ने मान्यतालाई स्थापित गर्दै यसैअनुरुप कार्य गर्न सबै राष्ट्र तथा संयुक्त राष्ट्र संघलगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायहरूलाई आह्वान गर्ने उद्देश्यले यो अभियान अन्तर्गत २५ नोभेम्बर देखि १० डिसेम्बरसम्म समुदायदेखि सबै तहसम्म विभिन्न अभियानका कार्यक्रमहरू गर्ने गरिन्छ । प्रत्येक वर्ष झैं यस वर्ष पनि समुदायस्तर देखि अन्तर्राष्ट्रियस्तरसम्म महिला हिंसा अन्त्यका लागि भइराखेका प्रयासहरूप्रति ऐक्यबद्धता जनाउँदै ओरेकद्वारा 'लैङ्गिक समानताको मुल आधार : संरचनागत विभेदको अन्त्य' भन्ने मुख्य नाराका साथ समुदायस्तरदेखि राष्ट्रियस्तरसम्म विभिन्न कार्यक्रम आयोजना गरेको छ ।


यस अभियानका समयमा सम्पन्न भएका मुख्य क्रियाकलापहरू यसप्रकार रहेका छन् :

- पत्रकार सम्मेलन, र्‍याली तथा कोणसभा : सबै जिल्लाहरूमा
- लैङ्गिक विभेदमा आधारित हिंसाको तथ्याङ्क सार्वजनिक : सबै जिल्लामा
- विद्यालयमा मानसिक स्वास्थ्य विषयक सचेतना कार्यक्रम, लैङ्गिक समानता र मानसिक स्वास्थ्य सम्बन्धी छलफल, मानसिक र प्रजनन् स्वास्थ्य सम्बन्धी अभिमुखीकरण : काठमाण्डौ
- मानव अधिकारको प्रवर्द्धनमा युवा महिला मानव अधिकार रक्षकहरूले गरेको योगदान र भोग्नुपरेका चूनौतीहरू विषयक परामर्श कार्यक्रम : सिन्धुली, दाङ, उदयपुर, कैलाली बर्दिया, रुकुम, धनुषा काठमाण्डौ, सिराहा, मोरङ महिला सहिदहरूको सम्झनामा दिप प्रज्वलन : सबै जिल्लाहरूमा
- लैङ्गिक विभेदमा आधारित हिंसाको वर्तमान अवस्था : प्रभावितका लागि उपलब्ध सहयोगी संयन्त्रको प्रभावकारिता विषयक कार्यशाला : काठमाण्डौ, मोरङ, उदयपुर, कैलाली, धनुषा, दाङ
- विद्यालय शिक्षा, सडक नाटक, युवाहरूमार्फत विभिन्न सचेतनामूलक कार्यक्रमहरू : सबै जिल्लामा
- विभिन्न ४ कलेजका युवा स्वयंसेवक मार्फत १६ दिनसम्म काठमाण्डौका विभिन्न कलेज तथा विद्यालयहरूमा सचेतनामूलक कार्यक्रमको आयोजना

## २६. हिंसा प्रभावितका लागि सहयोगी संयन्त्र

ओरेकले आफ्नो स्थापनाकालदेखि नै हिंसा प्रभावित महिलाहरूको न्यायमा पहुँच र उनीहरूको अधिकार सुनिश्चित गर्न विभिन्न किसिमको सहयोग गर्दै आएको छ । सहयोगी संयन्त्र नहुँदा प्रभावितले आफूमाथि भएका चरम हिंसा समेत सहेर पीडकसँगै बस्न बाध्य छन् । न्यायबाट वञ्चित हुनुपरेको छ । न्याय पाउनु हरेक व्यक्तिको अधिकार भएपनि कानुनी सचेतना पर्याप्त मात्रमा पुर्‍याउन नसक्दा प्रभावितले आफूमाथि भएको हिंसाविरुद्ध बोल्न कठिन भैरहेको अवस्था छ । यसर्थ हिंसा प्रभावित महिलालाई न्याय पाउने वातावरण बनाउनका लागि ओरेकले सुरक्षित आवासलगायतको अन्य आवश्यक सेवाहरू प्रदान गर्दै आईरहेको छ ।


यसवर्ष संस्थाले अभिलेख गरेका घटनाका प्रभावित महिलामध्ये ३०७ जनालाई सुरक्षित आवासको सेवा प्रदान गरेको छ । ३५५ जना हिंसा प्रभावित महिलालाई मनोविमर्श सेवा, २८६ जनालाई कानुनी परामर्श, ११२ जनालाई कानुनी सहयोग प्रदान गरिएको छ। यस्तै सुरक्षितवासमा रहेकाहरूमध्ये १३९ जनालाई विभिन्न विषयमा अभिमुखीकरण गरियो भने उपलब्ध सहयोगी संयन्त्रबारे जानकारी दिइयो । ९७ जना प्रभावितलाई स्वास्थ्योपचार तथा ४ जनालाई प्रसूती सेवा उपलब्ध गराइएको छ। यस्तै १९६ जना हिंसा प्रभावित महिलालाई लत्ता कपडा र यातायातको सुविधा उपलब्ध गराइएको थियो । सुरक्षितवासमा आएका ३०७ मध्ये २५२ जनाको समस्या बुझी आवश्यक मनोविमर्श सेवासहित पुनर्स्थापना गरिएको छ भने २९ जना हिंसा प्रभावित महिलाको अवस्था हेरी आवश्यक सहयोगका लागि अन्य ठाउँमा शिफारिस गरिएको छ ।





## २६.१ओरेकको हटलाइन सेवामार्फत सम्पर्कमा आएका महिला हिंसाका घटना

हिंसा प्रभावित महिलाले आफूमाथि भएको हिंसाबारे सहज रूपमा उजुरी गर्न सकुन्, उपलब्ध सेवामा महिलाको पहुँच सुनिश्चित हुन सकोस् र कोहीपनि महिला न्यायबाट वञ्चित हुन नपरोस् भन्ने अभिप्रायले ओरेकले निःशुल्क हटलाइन सेवा सञ्चालन गर्दै आएको छ । जसमा हिंसा प्रभावितले फोन गरेर आफूलाई आवश्यक सूचनाहरू प्राप्त गर्न सक्दछन् । ओरेकका हटलाइनमा महिलाले विशेषगरि हिंसाको उजुरी कहाँ गर्ने, कसरी गोप्य उजुरी गर्न सकिन्छ, उपलब्ध सहयोगी संयन्त्रहरू जस्तै कानुनी परामर्श सहायता, सुरक्षित आवासलगायतका सेवाहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयमा जानकारी र परामर्श लिने गरेका छन् ।

यसवर्ष ओरेकका ३ वटा कार्यालयमा हटलाइन सेवामार्फत १५८ वटा महिला हिंसाका घटनाबारे जानकारी प्राप्त भएका थिए । जसको विवरण निम्नानुसार उल्लेख गरिएको छ ।




यस वर्ष संकलन भएका कूल १५८ घटनामध्ये ९० वटा मोरङमा, ४७ वटा काठमाडौंमा र २१ वटा दाङ कार्यालयमा हटलाइनमार्फत आएका हुन् ।




## २७. स्नेह अभियान

विभिन्न समयमा आउने विपद र त्यसले मानव समुदायमा पार्ने असरले हामीलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ । यस किसिमका विपदको अवस्थामा हरेक व्यक्तिको मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनका साथ आवश्यक सहयोग पाउनु उसको नैसर्गिक अधिकार हो । ओरेकले कोशी बाढीको समयदेखि नै गर्भवती, सुत्केरी, अपाङ्गता भएका महिला, किशोरी तथा बृद्धाहरूका लागि विशेष सहयोगको कार्यक्रम गरिरहेको छ । २०७२ साल बैशाख १२ मा आएको बिनासकारी भूकम्पको समयमा भूकम्प प्रभावित क्षेत्रहरूमा सुरक्षित स्थल (स्नेह केन्द्र) संचालन गरि प्रभावितहरूका लागि मेरो जीवन सकिएको छैन भन्ने आत्मविश्वासका साथ जीवनमा एक्लो छैनौ,

तिमीसँग हामी सँगै छौं भन्ने अनुभूत गराउन, व्यक्तिको आन्तरिक शक्ति बलियो बनाउन मनोविमर्श सेवालगायत हिंसा प्रभावितहरूको सहयोगका लागि महिला हिंसाविरुद्धको अभियान अन्तरगत स्नेह अभियान संचालन गरिरहेको छ ।

स्नेह अभियानले विपदको समयमा संचालन हुने राहत तथा सहयोगका कार्यक्रमलाई आत्मसम्मान तथा लैङ्गिक संवेदनशील बनाउन सरोकारवालाहरूको ध्यानाकर्षण गराई निरन्तर पैरवी गरिरहेको छ। विभिन्न विषयगत समितिहरूमा रही विपदको अवस्थामा समुदायको अवस्था खास गरि महिला, गर्भवती, सुत्केरी, अपाङ्गता, बृद्धा, बालिका तथा किशोरीहरूको अवस्था र समस्यालाई उजागर गरेर आवश्यक सम्बोधनका लागि पैरवी गरिरहेको छ । यसैगरि यस्तो समयमा महिला, बालिका, किशोरी, माथि हुने हिंसाविरुद्ध निरन्तर आवाज उठाइरहेको छ । विपदको समयमा संस्थाले स्नेह अभियान मार्फत सुत्केरी, गर्भवती, अपाङ्गता भएका महिला, बृद्धाहरूका लागि खाद्य सामग्रीसहित महिलाको फरक अवस्थाका लागि आवश्यक व्यक्तिगत सामग्रीहरू सहयोग गरिरहेको छ । संस्थाले हाल प्रत्यक्ष रुपमा कैलाली, दाङ, बर्दिया, काठमाण्डौ, भक्तपुर, ललितपुर, सिन्धुली, ओखलढुङ्गा, उदयपुर, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, सुनसरी, मोरङ जिल्लाका काम गरिरहेको छ । संस्थाले हरेक विपदको अवस्थामा समुदायमा सुरुवातदेखि नै जिल्लाको विपद व्यवस्थापन समितिसँग समन्वय गरि आफूले काम गरिरहेको जिल्ला तथा समुदायस्तरमा यस सम्बन्धी सूचना सचेतना तथा सहयोगका कार्यक्रमहरू संचालन गरिरहेको छ । यस वर्ष समुदायका २१८३ जनालाई खाद्य तथा मर्यादा सामग्री सहयोग गरिएको छ ।






### २७.१. बाढीको समयमा संचालन भएको स्नेह अभियानका गतिविधिहरू:

यस वर्ष अविरल बर्षाको कारण देशका विभिन्न भागहरूमा बाढी पहिरोले जनजीवन प्रभावित बनाएको थियो । यस अवस्थामा संस्थाले विभिन्न दातृसंस्थाहरूको सहयोगमा सिरहा, महोत्तरी, रौतहट, उदयपुरका बाढीप्रभावित क्षेत्रमा महिलामैत्री स्थल संचालन गरि प्रभावित महिला, किशोरी, बृद्धा तथा अपङ्गता भएका व्यक्तिहरूका लागि सूचना तथा सहयोगका कार्यक्रमहरू संचालन गरेको थियो ।

२७.१.१. **स्नेह केन्द्र संचालन**

विभिन्न साझेदारी संस्थाहरूको सहयोगमा बाढी प्रभावित जिल्लाहरू रौतहटको दुर्गाभगवती गाउँपालिकाको बडहरा, महोत्तरीको लोहारपट्टी नगरपालिकाको डढौरा र सिराहाको कल्याणपुर नगरपालिकाको ईटली प्रसौनीमा मा ३ वटा र सिराहा नगरपालिकाको बसपिट्टा, पटहेर्वा र सारसोरमा गरि ५ वटा महिलामैत्री स्थल (स्नेह केन्द्र) २.५ महिना संचालन गरिएको थियो । जसमा ३९७२ महिला, २५४१ किशोरी तथा १६७२ पुरुष गरि ८१८५ जनालाई सेवा प्रदान गरिएको छ । १ पुरुष र २०२ जना महिलासहित २०३ जनालाई व्यक्तिगत मनोविमर्श र ३७१ जनालाई प्राथमिक मनोविमर्श सेवा प्रदान गरी बाढीका कारण उनीहरूमा परेको मानसिक तनावलाई कम गर्न सहयोग पुऱ्याएको थियो । २८ वटा लैङ्गिक हिंसा, यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी समस्या भएका महिलाहरूलाई सम्बन्धित निकायमा थप सेवाका लागि शिफारिसगरिएको थियो । साथै ३९६९ जना महिला तथा किशोरीले विपदको अवस्थामा किन लैङ्गिक हिंसा हुन्छ र यसबाट कसरी बच्ने तथा हिंसा हुन नदिन अपनाउनु पर्ने तरिकाहरूका बारेमा अभिमुखीकरण तथा जानकारी पाएका थिए । साथै मानव बेचबिखन, वालविवाह, यौन तथा प्रजनन् स्वास्थ्य र प्राथमिक मनोवैज्ञानिक सहयोगका बारेमा पनि उनीहरू सचेत भएका थिए । यस अवधिमा ५ वटा लैङ्गिक हिंसाका घटना प्रहरीमा उजुरी दर्ता भई कारवाही प्रक्रिया अघि बढाई प्रभावितले न्याय पाएका थिए ।

२७.१.२.**मर्यादा सामग्री सहयोगः**

यसैगरि उदयपुरको बेलका नगरपालिकाका १५० जना गर्भवती तथा सुत्केरी महिलालाई मर्यादा सामग्री (डिग्निटी किट) सहयोग गरि स्थानीयस्तरमा नै मनोविमर्श केन्द्र संचालन गरिएको थियो । भने उदयपुरगढीको नेपालटारमा ५३ जना बाढी प्रभावितका लागि मर्यादा सामग्री सहयोग गरिएको थियो । उदयपुर र सिराहामा ३६३ जना गर्भवती, सुत्केरी, अपाङ्गता, बृद्धा तथा अति बिपन्नहरूलाई मर्यादा सामग्री सहयोग गरिएको थियो ।

विपदको अवस्थामा हुनसक्ने लैङ्गिक हिंसा, यौन तथा प्रजनन् स्वास्थ्यका सवाललाई समेटी सेवा प्रदायक संस्थाहरूको विवरणसहित रेडियो जिंगल तयार गरि स्थानीय भाषामा ३ वटै जिल्लाका स्थानीय सामुदायिक रेडियो मार्फत सूचना प्रवाह गरिएको थियो । रेडियोबाट सूचना प्रसारण गरेपश्चात महिला तथा किशोरीहरू महिलामैत्री स्थलमा सूचना लिन तथा मनोविमर्शका लागि आउने क्रम बढेको थियो ।

२७.१.३. **सहयोगी संयन्त्रको प्रवर्द्धनः**

बाढीको अवस्थामा हुनसक्ने लैङ्गिक हिंसा रोकथाम तथा जानकारीका लागि लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम सम्बन्धी टुलकिट प्रयोगमार्फत लैङ्गिक हिंसाको घटना पहिचान गरि सम्बन्धित निकायमा जानकारी दिने उद्देश्यका साथ १०३ जना सर्लाही र २२३ जना रौतहटका गरि ३२६ जना बाढी प्रभावित क्षेत्रका महिला स्वास्थ्य स्वयंसेविकालाई एकदिने अभिमुखीकरण संचालन गरिएको थियो । अभिमुखीकरणपश्चात महिला स्वास्थ्य स्वयंसेविकाहरूले लैङ्गिक हिंसाका मुद्दालाई पहिचान गरी सम्बन्धित निकायमा शिफारिस गर्ने र स्वास्थ्य सेवासम्मको पहुँचमा अभिवृद्धि गर्नका लागि सहयोगी भूमिका खेलेका छन् ।

ओरेकले बाढीको अवस्थामा लैङ्गिक हिंसाका घटनाहरू अन्य अवस्थामा भन्दा बढ्न सक्ने संभावना भएकाले लैङ्गिक विभेदमा आधारित हिंसा प्रभावितलाई एकै स्थानबाट सेवा प्रदान गर्ने संयन्त्र एकद्वार संकट व्यवस्थापन केन्द्रको वर्तमान अवस्थाका बारेमा अन्तरक्रिया आयोजना गरेको थियो । केन्द्रबाट प्रवाह हुने सेवाको प्रभावकारिता अभिवृद्धि, लैङ्गिक हिंसाका घटनाको प्रभावकारी सम्बोधन गर्न सेवालाई सुदृढिकरण गर्ने उद्देश्यका साथ एकद्वार संकट व्यवस्थापन केन्द्र संचालन भएका अस्पताल, न्यायिक समिति, प्रहरी जिल्ला सरकारी वकिल र सामाजिक विकास मन्त्रालय प्रदेश नं २ का स्वास्थ्य महाशाखा प्रमुखको उपस्थितिमा एकदिने लैङ्गिक हिंसाको सम्बोधनमा ओसिएमसीको

सेवामा सुदृढिकरण विषयक कार्यशाला गोष्ठी आयोजना भएको हो। कार्यक्रम ओसिएमसी संचालन भएका जिल्ला रौतहट, सर्लाही र धनुषामा सम्पन्न भएको थियो। रौतहट तथा सर्लाही जिल्लामा भएका ओसिएमसीको वस्तुगत तथ्याङ्क विश्लेषणपश्चात प्रदेश नं २ सामाजिक विकास मन्त्रालयसँगको सहकार्यमा प्रदेशस्तरीय कार्यशाला सम्पन्न गरिएको थियो। जसका प्रदेश नं २ का आठवटै जिल्लाका जिल्ला अस्पतालका पदाधिकारी, ओसिएमसीका मेडिकल सुपरिटेन्डेन्ट, जिल्ला प्रहरी महिला तथा बालबालिका सेवा केन्द्रका प्रमुख तथा प्रतिनिधि, ओसिएमसी संचालन भएका पालिकाका न्यायिक समितिका संयोजक, सामाजिक विकास शाखा प्रमुख, जिल्ला सरकारी वकिल, प्रदेश प्रहरीका प्रतिनिधि, राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि, मधेशी आयोगका प्रमुख, पत्रकार तथा लैङ्गिक हिंसाका सवालमा काम गर्ने संघसंस्था महिला अधिकारकर्मी तथा मानव अधिकारकर्मी सहित ७५ जनाको उपस्थिति रहेको थियो।

कार्यक्रममा ओसिएमसीका कर्मचारीहरूलाई आवश्यक तालिम, तथा प्राविधिक सहयोग, आवश्यक सामग्री सहयोग तथा बजेटका लागि सामाजिक विकास मन्त्रालय स्वास्थ्य महाशाखाले पहल गर्ने प्रतिवद्धता जनाएका थिए। कार्यक्रममा सहभागीहरूले समुदायस्तरमा ओसिएमसीका सेवाहरूका बारेमा सचेतनामूलक गतिविधिहरू संचालन गर्नुपर्ने, लैङ्गिक हिंसाका क्षेत्रमा सेवा प्रदान गर्ने निकायहरूबीच समय समयमा समन्वय बैठक बस्नुपर्ने, ओसिएमसीका लागि छुट्टै हेल्पलाईन नम्बर राख्नुपर्ने, ओसिएमसीका लागि पर्याप्त स्थान अस्पतालमा छुट्याईनु पर्ने, लैङ्गिक हिंसाको विषयमा तालिम प्राप्त कर्मचारीको व्यवस्था, समयमा बजेटको उपलब्धता, ओसिएमसी व्यवस्थापन समितिबाट नियमित अनुगमन र मुल्याङ्कनको व्यवस्था हुनुपर्ने कुराहरू सुझावमा आएका थिए।

### २७.२. कोभिड महामारीको समयमा संस्थाको कार्यक्षेत्रमा भएका कार्यक्रम

२७.२.१. **मनोसामाजिक परामर्श तथा मनोविमर्श सेवाः**
समाजमा विभिन्न कारणले हिंसामा पारिएका महिलाहरूको विश्वासिलो र सहयोगी केन्द्रको रुपमा यो सेवा संचालन भैरहेको छ। यसै सन्दर्भमा कोभिड महामारी र यसले जनमानसमा उब्जेको त्रास र यसले पारेको मनोसामाजिक असरलाई सहयोग गर्न यो सेवालाई फोन मार्फत प्रदान गर्ने गरि बन्दाबन्दीको समयदेखि नै संचालन गरिएको छ। विशेष गरि जुनसुकै विपद तथा महामारीमा बढी मात्रामा महिलाहरू हिंसामा पर्न सक्ने र सहयोगी संयन्त्रबाट सहयोग पाउने अवस्थामा पनि कठिनाई हुने हुँदा हिंसा प्रभावित महिला, बालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिहरूका लागि महिला सामुदायिक संस्थाहरूसँगको सहकार्यमा फोन र भौतिक दुरी कायम गरि व्यक्तिगत भेटघाट मार्फत २८ जना मनोविमर्शकर्ताहरूबाट मनोपरामर्श तथा मनोविमर्श सेवा उपलब्ध गराई रहेको छ। २०७६ चैत्र ११ गतेदेखि संचालन गरिएको यो सेवाले २०७७ साउन १४ गतेसम्म कोभिड-१९ को त्रासका कारण उत्पन्न मनोसामाजिक समस्याबाट प्रभावित ६७१ र ९१४ हिंसा प्रभावित/प्रभावितको परिवारका सदस्य गरि जम्मा १५८५ जनालाई यस अवधिमा मनोसामाजिक परामर्श प्रदान गरिएको छ।


२७.२.२. **हिंसा प्रभावित घटनाहरूको अभिलेखन र प्रकाशनः**
महिलाको हिंसारहित जीवनयापनका लागि पैरवी गर्ने तथ्यगत माध्यम घटना अभिलेखन र प्रकाशनलाई प्राथमिकताका साथ केन्द्र, जिल्ला तथा परियोजना कार्यालयहरूमा तथ्याङ्क व्यवस्थापन गरि काम गर्दै आइरहेको छ। संकलित घटनाको समीक्षासहित वार्षिक रुपमा वर्ष पुस्तक (अन्वेषी) पनि प्रकाशन गर्ने गरेको छ। बन्दाबन्दीको समयमा विभिन्न असहज परिस्थिति उत्पन्न हुने र त्यसले हाम्रो जस्तो पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा महिलाहरू अझ बढी हिंसा तथा जोखिमको अवस्थामा हुन सक्दछन्। यस समयमा महिलामाथि भएका हिंसाका घटनाहरू अभिलेखन गरेर सरोकारवाला निकायको ध्यानाकर्षण गराई आवश्यक सहयोगका लागि पैरवी गर्न उपयुक्त हुने हँदा, संस्थाले कार्यक्षेत्रमा रहेका महिला सामुदायिक संस्था युवा सञ्जाल, समूह, महिला मानव अधिकार रक्षकहरूको सहकार्यमा घटना अभिलेखन गरि प्रकाशन गर्दै आएको छ। २०७६ चैत्र ११ गते बन्दावन्दी सुरु भएदेखि २०७७ श्रावण ६ गतेसम्म ६४ जिल्लाहरूबाट १०४२ जना महिला तथा बालिकामाथि भएका हिंसाका घटना अभिलेखीकरण गरेको छ। यी घटनाहरू ओरेकले सञ्चालन गरेका ३ वटा हटलाईन, मनोविमर्शकर्ता, महिला मानव अधिकार रक्षक, साझेदार महिला सामुदायिक संघसंसस्थाहरूबाट


अभिलेखीकरण गरिएका हुन् । यी मध्ये १७० वटा घटना सञ्चार माध्यमबाट संकलन गरिएका छन् ।


यस अवधिमा अभिलेख गरिएका घटनामध्ये सबैभन्दा बढी ५५४ वटा घरेलु हिंसाका तथ्याङ्क संकलन भएका छन् भने यसरी हेर्दा ५५ प्रतिशत हिंसा घर भित्रै भएको तथ्याङ्कले देखाएको छ । अभिलेखीकरण भएका घरेलु हिंसाका घटना मध्ये ३३९ वटा शारीरिक हिंसा र ११६ वटा मानसिक हिंसाका घटना रहेका छन् ।यसैगरी ९९ जना महिलालाई खान लाउन नदिइ घर निकाला गरिएको (८४), विवाह दर्ता, बच्चाको जन्मदर्ता, नागरिकता नबनाइ दिएको (१२) जनालाई), स्वास्थ्य सुविधावाट वञ्चित गर्ने (३ जनालाई) जस्ता आवश्यक स्रोत सुविधाबाट वञ्चित गरिएको पाइएको छ ।


हिंसा गर्नेमा सबैभन्दा धेरै ४३९ जना श्रीमान र २२१ जना परिवारका अन्य सदस्य रहेका छन् । तथ्याङ्कलाई आधार मान्दा महिलाहरू सबैभन्दा बढी असुरक्षित घरभित्र नै छन् भन्ने कुराको पुष्टि गर्दछ । हाम्रो जस्तो पित्तृसत्तात्मक सामाजिक मूल्यमान्यता हावी रहेको देशमा महिला तथा बालिकामाथि हिंसा हुनका लागि यस विपदको अवस्थाले पनि थप वातावरण सिर्जना गरेको छ भन्ने कुरा तथ्याङ्कले पुष्टि गरेको छ । यसैगरी हिंसा गर्नेमा १९९ जना छिमेकी, ५० जना प्रेमी मानेका व्यक्ति, २२ जना आफ्नै साथी, १९ जना प्रहरी, डाक्टर, स्थानीय तहका जनप्रतिनिधिहरू जस्ता सेवा प्रदायक , ६-६ जना घरमालिक र शिक्षकबाट महिला तथा बालिकाहरू हिंसावाट प्रभावित भएको पाइएको छ । ८० जना पहिचान नखुलेका आरोपित व्यक्तिवाट हिंसा भएको तथ्याङ्क अभिलेखीकरण भएको छ ।

यसैगरी यस अवधिमा संकलन भएका घटना मध्ये ९३ वटा सामाजिक हिंसाका घटना, १८९ वटा बलात्कार, ३० वटा बलात्कारको प्रयास, ५० वटा यौन दुर्व्यवहार, २९ वटा हत्या, ४ वटा हत्या वा आत्महत्या अनुसन्धानको क्रममा रहेको घटना मध्ये १ वटा घटना आत्महत्या हो भन्ने पुष्टि भएको छ । यसरी नै ४३ वटा आत्महत्या, ४ वटा आत्महत्याको प्रयास, ६ वटा हत्याको प्रयासका घटना, ४ वटा मानव बेचबिखन र १२ वटा साइवर अपराधसँग सम्बन्धित घटना रहेका छन् ।




### २७.२.३. महिलावादी कोभिड प्रतिकार्य

विपदको समयमा अप्ठ्यारो अवस्थामा आवश्यक कुनै पनि राहत सहयोग पाउनु हरेक व्यक्तिको मानव अधिकार हो । यस मान्यतालाई आत्मसात गरि ओरेकले हरेक विपदको समयमा फरक अवस्था र आवश्यकता हुने महिला त्यस भित्र पनि अझ बढी कठिन परिस्थितिको सामना गर्नुपर्ने अवस्थाका महिला, गर्भवती, सुत्केरी, किशोरी, अपाङ्गता भएका महिला,

एकल जेष्ठ महिलाका लागि तिमी जीवनमा एक्लो छैनौ, र आत्मसम्मानसहितको राहत भन्ने मूख्य सन्देशसहित स्नेह अभियान संचालन गरि आवश्यक सहयोग गर्दै आएको छ। स्थानीय तहले सूचिकृत गरेका अति विपन्न परिवार भित्रका गर्भवती, सुत्केरी, अपाङ्गता भएका महिला र एकल तथा अप्ठ्यारो अवस्थामा रहेका बृद्धालाई  खाद्यान्न, सरसफाई तथा स्वच्छता सामग्री सहयोग गरिएको छ। जिल्ला विपद व्यवस्थापन समिति, स्थानीय पालिका र वडासँग समन्वय गरि वडा तथा समुदायमा आधारित महिला समूहको नेतृत्वमा प्रभावित समुदायका गर्भवती, सुत्केरी, अपाङ्गता भएका महिला र एकल बृद्धाहरूलाई राहत सामग्री वितरण गरिएको छ। सुनसरी, उदयपुर, सिराहा,  दाङ,  महोत्तरी, सर्लाही, रुकुम जिल्लाका स्थानीय तहमा यी राहत सामग्री वितरण गरिएको हो। यस अन्तरगत कोभिडको समयमा यस आर्थिक वर्षमा १२१६ जनालाई खाद्यान्न तथा सरसफाइ सामग्री सहयोग गरिएको छ भने ४७५ जना महिला र १२५ जना किशोरी गरि जम्मा ६०४ जनालाई मर्यादा सामग्री सहयोग गरिएको छ। हालसम्म समुदायका गर्भवती, सुत्केरी, अपाङ्गता, एकल बृद्धा महिला गरि जम्मा १८२० जनाले खाद्यान्न तथा सरसफाइ सामग्री सहयोग प्राप्त गर्नुभएको छ। सहयोग सामग्रीमा (चामल २५ के.जी, दाल २ के.जी, चना १ के.जी, तेल १ लिटर, नुन १ प्याकेट, नुहाउने साबुन ६ वटा, सर्फ १ के.जी., महिनावारी हुँदा प्रयोग गरिने २ मिटर सुति कपडा) रहेको छ।

### २७.२.४. **व्यक्तिगत सुरक्षा तथा स्वास्थ्य सामग्री सहयोग**



कार्यक्षेत्रका स्थानीय तहसँगको सहकार्यमा पालिकाका स्वास्थ्य चौकी, सुरक्षाकर्मी तथा समुदायमा व्यक्तिगत



सुरक्षा सामग्री र सेनिटरी प्याडलगायत अन्य स्वास्थ्य सामग्री सहयोग गरिएको छ। कैलाली, उदयपुर, लालितपुर, काठमाण्डौ, ओखलढुङ्गका ा स्थानीय निकाय तथा सेवा प्रदायक संघसंस्थाहरूलाई यी सामग्री प्रदान गरिएको छ। अग्रपंक्तिमा सेवा गर्ने स्वास्थ्यकर्मीको सुरक्षाको लागि पीपीइ  सेट स्थानिय पालिकाहरूबाट माग भएकाले सात वटा पालिकाका स्वास्थ्य संस्थामा ४० वटा  पीपीइ सेट र २४०० प्याकेट सेनेटरी प्याड सहयोग गरिएको छ। यसैगरि उदयपुरको जिल्ला प्रहरी कार्यालयका सुरक्षाकर्मीहरू, ललितपुर बालकुमारी वडाका सुरक्षाकर्मीहरूका लागि सेनिटाइजर ६० वटा र सेनिटरी प्याड २० प्याकेट सहयोग गरिएको थियो भने ओखलढुङ्गा, उदयपुर र काठमाण्डौमा संचालित सुरक्षावासमा १८० प्याकेट सेनिटरीप्याड र ५० सेनिटाइजर सहयोग भएको थियो। यस समयमा काठमाण्डौ कपनमा रहेको रोहिंगा शरणार्थी शिविरका महिला तथा किशोरीहरूलाई साबुन, मास्क, ग्लोब्स, प्याडलगायतका सरसफाइ सामग्री सहयोग भएको छ। यसैगरी थापाथलीस्थित  प्रसूति गृहमा रहेको ओसिएमसीलाई १०० थान  पीपीइ सेट, २००० थान मास्क, १००० थान एन नाइन्टी फाइभ मास्क, १००० सर्जिकल ग्लोब्स, १००० थान ग्लोबस, १००० थान सर्जिकल क्याप, ५० वटा थर्मोगन र २०० सेट मर्यादा सामग्री सहयोग गरिएको छ।

**२७.२.५ मर्यादा सामग्री (डिग्नीटि किट) सहयोगः** बर्दिया जिल्लाको गुलरिया नगरपालिका र बढैयाताल नगरपालिकाका २ महिना भित्रका सुत्केरीहरूलाई स्थानीय पालिका र वडाको समन्वयमा मर्यादा सामग्री सहयोग गरिएको छ। गुलरिया नगरपालिकाका २०० र बढैयाताल नपाका १०० गरि

जम्मा ३०० जनालाई यो सहयोग उपलब्ध गराईएको छ। यसैगरि प्रदेश नं १ को मोरङ, सुनसरी, उदयपुर र ओखलढुङ्गा जिल्लाका क्वारेन्टिनहरूमा जोखिम अवस्थामा रहेका महिला तथा किशोरीहरूको सहयोगको लागि १७५ महिला किट र १२५ किशोरी किट उपलब्ध भएको छ।

२७.२.६. **आर्थिक सहयोगः** त्रियुगा नगरपालिकाको वार्ड नं ९ ले अति विपन्न समुदाय सदा बस्तीमा राहत सहयोगका लागि आर्थिक सहयोग उपलब्ध गराउन गरेको अनुरोध अनुसार संस्थाले रु.२५ हजार आर्थिक सहयोग गरको छ। जसबाट त्यस समुदायका ६५ घरधुरीमा वडाले गरेको राहत व्यवस्थापनमा सहयोग गरेको छ।

२७.२.७. **कोरोना प्रभावित क्षेत्रमा स्वास्थ्य जाँच सेवा** : उदयपुरको कोरोना प्रभावित क्षेत्र त्रियुगा नगरपालिकाको वार्ड नं. ३ भुल्केमा जिल्ला स्वास्थ्य कार्यालय, नगरपालिकाको सहकार्यमा सुत्केरी, गर्भवती महिला र बच्चाको स्वास्थ्य जाँच तथा कम तौल भएका बच्चालाई सर्वोत्तम पीठो सहयोग गरिएको छ। २३ जना वच्चाहरूले स्वास्थ्य शिविरमा खोप सेवा पाएका थिए। ६ महिना माथिका १६ जना वच्चाहरूले सर्वोतम पीठो पाएका थिए। जस मध्ये १९ जना आमाहरूले कोरोना भाइरसको कारण उत्पन्न हुने मनोसामाजिक समस्याले पारेको असरका वारेमा मनोपरामर्श सेवा पाएका थिए।

२७.२.८. **सुरक्षावास संचालन तथा सहयोगः**
हिंसा प्रभावित महिलाहरूलाई उनीहरूको आवश्यकताको आधारमा सहयोग गरि आत्मविश्वासका साथ जीवनयापनमा सहयोग पुऱ्याउने उद्देश्यले संस्था विगत १५ वर्षदेखि कार्यरत ६ वटा जिल्लाहरूमा सुरक्षावास संचालन गरि कार्य गर्दै आइरहेको छ। कोभिड महामारीको अवस्थामा महिलाहरूमाथि भएका हिंसाका घटनालाई सहयोग गर्न विशेष सतर्कताका साथ सुरक्षित रुपमा भौतिक दुरी र अन्य आवश्यक सामग्रीहरूको व्यवस्था गरि ६ वटै सुरक्षावासबाट सेवालाई निरन्तरता दिइएको छ भने कोभिड महामारी कै अवस्थामा कैलालीको गौरीगंगा नगरपालिका र काठमाण्डौको बूढानीलकण्ठ नगरपालिकाको सहकार्यमा सुरक्षावास संचालन भएको छ। हाल यी स्थानहरूमा रहेका सुरक्षावाससमा ५४ बेडको विशेष व्यवस्था गरिएको छ भने २८ वटा सामान्य बेडको व्यवस्थाबाट सेवा प्रवाह भैरहेको छ। कोभिड महामारीको समयमा हालसम्म संस्थाले ७५ जना हिंसा प्रभावित महिलालाई सुरक्षावासबाट सेवा दिइएको छ भने ३४ जनाको पुनर्स्थापना भएको छ।

२७.२.९. **सामुदायिक स्वास्थ्य क्लिनिक संचालनः**





विश्वव्यापी महामारीका कारण ओरेकको उदयपुर कार्यालयमा रहेको समुदायिक स्वास्थ्य क्लिनिक बन्द गरिएको थियो। संस्थाले सञ्चालन गरेको क्लिनिकसँगै उदयपुरको त्रियुगा नगरपालिका अर्न्तगतको सम्पूर्ण स्वास्थ्य सेवामा पनि अवरोध आएको अवस्थामा बालबालिका, सुत्केरी, गर्भवती र परिवार नियोजनको साधन प्रयोग गरिरहेका महिला र पुरुषलाईफोन मार्फत परामर्श सेवा तथा स्वास्थ्य सेवाका बारेमा जानकारी दिइएको थियो। संविधान प्रद्धत्त सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकारको सुनिश्चितताका लागि स्वास्थ्य क्लिनिक १ मे २०२० देखि पुनः सञ्चालन गरियो। यो अवधिमा गर्भवती जाँच सेवा, परिवार नियोजन सेवा तथा सामुदायिक संस्थाबाट सञ्चालन गरिने अन्य सेवाहरू नियमित भएका छन्। जिल्ला स्वास्थ्य कार्यालय

र नगरपालिकाको स्वास्थ्य शाखासँगको सहकार्यमा सामुदायिक स्वास्थ्य क्लिनिकमार्फत जेष्ठ १,२ र ३ गते बालबालिकाको खोप कार्यक्रम सञ्चालन गरियो । जसमा १२२ जना बालबालिकाले खोप सेवा पाएका थिए । साथै दाङको तुल्सीपुर उपमहानगरपालिकाको पढ्ढामा सामुदायिक स्वास्थ्य क्लिनिकबाट सेवा प्रवाह भैरहेको छ ।

२७.२.१०. **क्वारेन्टिन अनुगमन तथा मनोपरामर्श सेवा संचालनः** कोभिड महामारी नियन्त्रणका लागि सरकारले २०७६ चैत्र ११ गतेदेखि देशव्यापी रुपमा लकडाउन (बन्दाबन्दी) गरेको थियो । यस अप्रत्याशित लकडाउनले गर्दा मानविय जीवनका समग्र पक्षमा प्रत्यक्ष असर पर्‍यो। यो अवस्थामा लैङ्गिक हिंसाको अवस्था, महिला तथा बालबालिकाको अवस्था, स्थानीय तहले व्यवस्था गरेको क्वारेन्टिन, राहत वितरण, स्वास्थ्य सेवा, , समुदायमा यसको सचेतना लगायतका विषयहरू दाङका १० वटै स्थानीय तहमा ओरेक, महिला मानव अधिकार रक्षक सञ्जाल, मानव अधिकार रक्षक सञ्जाल र सम्वाद समूह दाङले २०७७/०१/३० र ३१ को दिन संयुक्त अनुगमन गर्‍यो । अनुगमनपश्चात ९ बुँदे सुझावसहित ध्यानाकर्षण गराइएको छ ।

यसैगरी उदयपुरको रौतामाई गापाका २ वटा क्वारेन्टिनको अनुगमन गरि सामुदायिक संस्था रौता हित केन्द्रको सहकार्यमा २०७७ बैशाख २२ बाट एक हप्ते मनोविमर्श सेवा संचालन भएको छ । लिम्चुङबुङमा भएको क्वोरेन्टिनमा नियमित मनोपरामर्श सेवा प्रदान भइरहेको छ । त्रियुगा नगरपालिकामा रहेको क्वारेन्टिनको पनि अनुगमन गरिएको छ । त्यसै गरी सिराहाको लहानमा भएका क्वारेन्टिनको अनुगमन गरिएको छ । क्वारेन्टिनमा रहेका महिलाहरूलाई सेनेटरी प्याडको व्यवस्थापन, महिला सुरक्षाकर्मीको व्यवस्थाको बारेमा सम्बन्धित निकायलाई आवश्यक सुझाव दिइएको छ । यसैगरी धनुषाको जनकपुर उपमहानगरपालिका वडा नं. ४ मा रहेको क्वारेन्टिनको पनि संयुक्त अनुगमन गरि क्वारेन्टिनमा रहेको महिलाहरूलाई सेनेटरी प्याड सहयोग गर्नुका साथै स्थानीय तहलाई त्यसको व्यवस्थाको लागि सुझाव दिइयो । परिवार सँगै क्वारेन्टिनमा बसेका महिलाहरूले अस्थाइ साधन पिल्सको माग गरेकोले सो सम्बन्धि पनि व्यवस्थाका लागि सुझाव दिइएको छ । यसैगरी कैलालीमा पनि क्वारेन्टिनको स्थलगत अनुगमन गरि महिला तथा अपाङ्गमैत्री सेवाका लागि सुझाव दिइएको छ ।

२७.२.११. **सूचना तथा संचार** : संस्थाद्वारा समुदायमा प्रदान गरिने विभिन्न जानकारीमूलक सूचनाहरूलाई रेडियो तथा छापा माध्यमबाट सूचना प्रकाशन तथा प्रशारण गर्ने गरिएको छ । बन्दाबन्दीको समयमा यो माध्यम अझ भरपर्दो र सहज भएको छ । संस्थाले प्रवाह गर्ने सूचनाहरू स्थानीय भाषामा पनि प्रसारण गर्ने गरिएको छ । स्थानीय तहमा संचालित सामुदायिक रेडियोहरूको साझेदारीमा यी सूचना प्रसारण गरिएका हुन् ।

२७.२.१२. **रेडियोमार्फत सचेतनामुलक सार्वजनिक सन्देश प्रशारणः** लैङ्गिक हिंसा भएमा कसरी र कहाँ सहयोग प्राप्त गर्न सकिन्छ । यो महामारीको अवस्थामा आफूलाई कसरी सहयोग र सुरक्षा गर्ने भन्ने सन्देशसहितका सूचना रेडियोबाट प्रशारण गरिएको छ । संस्थाले प्रत्यक्ष रुपमा काम गरिरहेका जिल्ला तथा स्थानीय तहहरूमा स्थान विशेषको आवश्यक्ता अनुसार स्थानीय भाषा नेपाली, मैथली र थारु भाषमा स्थानीय रेडियो मार्फत सन्देशहरू प्रशारण भइरहेका छन् । नेपाली, मैथली, थारु भाषाका सन्देश दिनमा ८ देखि १५ पटकसम्म प्रशारण हुने गरेको छ । यसैगरी उदयपुरमा रेडियोमार्फत फौजी किराको रोकथाम तथा उपचारका बारेमा जानकारी दिइएको छ, रोग जोसुकैलाई पनि लाग्न सक्छ, त्यसमा विभेद नगरौं र सुरक्षित भएर सहयोग गरौं, वैदेशिक रोजगारीबाट आएका छौं भने नलुकौं र सुरक्षित हुन क्वारेन्टिनमा बसौं भन्ने जानकारीसहितका पीएसए रेडियोमार्फत प्रशारण भैरहेका छन् । जिल्लाहरूले आ आफ्नो जिल्लाको आवश्यकता अनुसार पीएसए तयार गरि प्रशारण गरिरहेका छन् ।

२७.२.१२ **रेडियो कार्यक्रमः** बन्दाबन्दीको अवस्थामा लैङ्गिक हिंसा र स्थानीय तहको भूमिकाका विषयवस्तुमा रेडियो कार्यक्रम उत्पादन गरि प्रशारण भएको छ ।

जसमा सिन्धुलीमा रेडियो सिद्धबाबाको समन्वयमा बन्दाबन्दीमा संस्थामा आएका महिला हिंसाका घटनामा कमलामाई नगरपालिकाका उपमेयर मञ्जु देवकोटा सहित महिला तथा बालबालिका सेलका इन्चार्ज, महिला मानवअधिकार रक्षक सञ्जाल, सिन्धुलीका अध्यक्ष, युवा

सञ्जालका अध्यक्षबीच छलफल गरिएको थियो। सो विषयवस्तु रेडियो सिद्धबाबा र सुनकोशी एफएमले प्रशारण गरेका थिए।

यसैगरि रेडियो उदयपुरको सहकार्यमा मनोविमर्शकर्ताहरूसँगको कुराकानीमा आधारित भई बन्दाबन्दीमा हुन सक्ने कठिनाई र त्यसबाट उत्पन्न मनोसामाजिक समस्याको पहिचान तथा व्यवस्थापनमा सहयोग गर्न मनोविमर्श सेवाको आवश्यक्ता र महत्वको बारेमा कार्यक्रम प्रशारण गरेको छ।

२७.१२.३ **पर्चा तयारी तथा वितरणः** यस बन्दाबन्दीको समयमा धनुषाले जिल्ला प्रहरीसँगको सहकार्यमा कोभिड सम्बन्धी सूचनामूलक पर्चा तयार गरि समुदायमा वितरण गरेकोछ।

## २८. मनोविमर्शकर्ताहरूलाई वेविनारमार्फत अभिमुखीकरण:

ओरेकले बन्दाबन्दीको सुरुवाती समयदेखि नै संस्था र महिला सामुदायिक संस्थाका २८ जनामनोविमर्शकर्ता मार्फत फोनबाट मनोविमर्श सेवा संचालन गरिरहेको छ। यस किसिमबाट सेवा प्रवाह गर्दा मनोविमर्शकर्ताहरूलाई भएको अनुभव सिकाई तथा प्रभावकारी सेवाका लागि सहयोग पुग्ने उद्देश्यले मनोविदको सहयोगमा अन्तरकृयात्मक अभिमुखीकरण कार्यक्रम भएको छ। यस कार्यक्रमले मनोविमर्शकर्ताहरूले सेवा प्रदान गर्दा आएका समस्याको समाधानमा सहयोग भएको र मनोविमर्शकर्ता आफैंलाई पनि व्यवस्थित गर्न सहयोग पुगेको छ।

## २९. समन्वय र सहकार्य:

कोभिड महामारीको अवस्थामा समुदायमा यस सम्बन्धि सूचना सचेतनाका लागि सूचना प्रवाह भइरहेको छ। विशेष गरि बन्दाबन्दीको समयमा लैङ्गिक हिंसाका घटनालाई सम्बोधन गर्न र आवश्यक सहयोगका लागि स्थानीय सरकार तथा जिल्लाका सरकारी निकायमा समन्वय र सहकार्य गरिएको थियो। हिंसा प्रभावितहरूलाई न्याय प्राप्तिका लागि प्रहरी, स्थानीय निकाय र जिल्ला स्वास्थ्य कार्यालय, ओसिएमसीसँग नियमित रुपमा समन्वय भएको छ। बन्दाबन्दीमा बढेका महिला हिंसाका घटनालाई लिएर प्रभावितको न्यायका लागि र हिंसा प्रभावितहरूलाई सुरक्षा आवाससम्म सुरक्षित साथ समयमा सहयोग गर्न जिल्ला प्रहरी कार्यालयसँग बैठक भएको छ। बैठक कैलाली, उदयपुर, दाङ, मोरङ, महोत्तरी, धनुषा, सिरहा, सुनसरी जिल्लामा भए । हिंसा तथा घटना प्रभावित, राहत नपाएका प्रभावित व्यक्तिहरूको सहयोगको लागि पनि विभिन्न सहयोगी संस्था तथा निकायहरूसँग समन्वय गरि सहयोग प्रदान गरिएको छ। दाङ, कैलाली र मोरङमावैदेशिक रोजगारबाट फर्केकाहरूको उचित व्यवस्थापनका लागि स्थानीय पालिका, प्रशासन कार्यालयका प्रमुख, प्रहरी प्रमुखसँग प्रत्यक्ष भेटघाट गरि छलफल गरिएको छ। यी सवाललाई उजागर गर्नका लागि स्थानिय संचार माध्यमहरूसँग पनि निरन्तर समन्वय भैरहेको छ। त्रियुगा नगरपालिका वडा नं. ३ भुल्केमा, ा, कोरोना प्रभावित क्षेत्रमा रहेको गर्भवती सुत्केरी महिला र वच्चाहरूको स्वास्थ्य जाँच र खोप सेवा हालसम्म नपाएको भन्ने गुनासो अनुसार ओरेकले तत्काल नगरप्रमुख र जिल्ला स्वास्थ्यसँग छलफल रसहकार्य गरि खोप संचालन भएको थियो।

## ३०. पत्रकारहरुसँग अन्तरकृया कार्यक्रमः

बन्दाबन्दीमा महिला तथा बालिकामाथि हुनसक्ने हिंसा/अन्य जोखिमको अवस्था र यसको सम्बोधनमा संचार माध्यमको भूमिकाका लागि आवश्यक पहलहरू विषयक पत्रकार महिलाहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

**महिला हिंसाविरुद्ध अभियानका मुख्य उपलब्धीहरू :**

- लैङ्गिक समानता, महिलाहरूको नेतृत्व र निर्णायक भूमिका वृद्धि गर्न, महिला सामुदायिक संस्था, फेडेरेसनहरू तथा विभिन्न युवा, महिला सञ्जालहरुले स्थानीय तहमा कार्ययोजना बनाई स्थानीय तहको स्रोतमा पहुँच विस्तार गरिरहेको।
- विभिन्न मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रियस्तरबाट आएका सुझावहरू : दिगो विकास लक्ष्य, महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन महासन्धि तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धिले दिएको निष्कर्ष सुझावहरूको कार्यान्वयन तथा स्थानीयकरणका लागि सहजीकरण गर्न सफल।
- मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाको तेस्रो चरणका लागि महिला सञ्जालका तर्फबाट ७ वटा प्रादेशिक परामर्श र १ वटा राष्ट्रिय परामर्शको आयोजना गरि प्रतिवेदन तयार र पेश गर्न सफल।
- क्वारेन्टिनहरूमा मनोविमर्श सेवा र मानसिक स्वास्थ्यको सवालमा सर्वोच्च अदालतमा रिट दायर गरिएकोमा सो

सवालमा सर्वोच्च अदालतबाट कारण देखाउ आदेश जारी भएको ।

- पालिकाहरूले लैङ्गिक समानता, हिंसा प्रभावितहरूको सहयोगी संयन्त्र निर्माण, तथा न्यायमा पहुँच बढाउन बजेट विनियोजन गरि संस्थासँग सहकार्यमा काम गरिरहेको छ। स्थानीय तहमा हिंसा प्रभावित महिलाको सहयोगका लागि सबै पालिकाहरूले बजेट विनियोजन गरेर कार्य गरिरहेका छन् । यस्तैगरी विभिन्न सामुदायिक संघसंस्था, युवा महिला, युवाहरूका लागि पालिकाले बजेट विनियोजन गरि उनीहरूसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन भईरहेको छ।
  - सुरक्षित आवासका लागि जनकपुरधाम उपमहानगरपालिका, धनुषाले २ लाख रुपैयाँ बराबरको सामान ओरेकलाई उपलब्ध गराएको छ ।
  - सामुदायिक संघसंस्थाहरूको नेतृत्वमा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालका लागि पालिकाहरूले ५ लाख ७० हजार रुपैयाँ बजेट विनियोजन गरेका छन् । (धनुषा ५० हजार, मोरङ १ लाख, सिराहा ३ लाख २० हजार र सुनसरी १ लाख रुपैयाँ)
  - धनुषामा महिला फेडेरेसनले सञ्चालन गरिरहेको मनोपरामर्श केन्द्रका लागि पालिकाबाट २ लाख रुपैयाँ बजेट विनियोजन भएको छ।
  - घुम्ती गोष्ठी सञ्चालनका लागि उदयपुरमा ५० हजार बजेट विनियोजन भएको छ।
  - दाङमा सामुदायिक संघसंस्थाहरूको क्षमता अभिवृद्धिका लागि स्थानीय सरकारबाट ५० हजार रुपैयाँ विनियोजन भएको छ।
  - युवा महिलाहरूको आर्थिक सशक्तिकरणमा सहयोग पुऱ्याउन व्यावसायिक सीप सञ्चालका लागि २ लाख ५० हजार विनियोजन भएको छ।
  - युवा स्वरोजगार र महिलाहरूको आर्थिक शसक्तिकरण गर्ने उद्देश्यले विभिन्न सीप मूलक तालिमका लागि घोडाघोडी नगरपालिकामा २५ लाख र गौरीगंगा नगरपालिकामा ४० लाख रुपैयाँ वजेट विनियोजन भएको छ।
  - सुरक्षा आबासका लागि भजनी नगरपालिकामा भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ र भवन निर्माण खर्च बाहेक संचालनको लागि ओरेक कैलालीसँग५० प्रतिशत पालिकाको लगानी हुने भनेर १० लाख रुपैयाँ बजेट सहकार्यका लागि विनियोजन भएको छ। त्यसैगरी गौरीगंगा नगरपालिकामा पनि सुरक्षा आवास स्थापना भईसकेकोले सोही सुरक्षा आवासलाई पालिकाले निरन्तरता दिने भएको छ। कैलारी गाँउपालिकाले पनि सुरक्षा आवास स्थापनाका लागि ५० लाख बजेट विनियोजन गरेको छ। ओरेकसँग सहकार्य गरेर ५० प्रतिशत बजेट विनियोजन गर्न गाउँपालिका तयार भएको छ। यसरी कैलालीको ४ वटा पालिकामा समुदायमा आधारित सुरक्षा आवास संचालन हुने तयारी भैरहेको छ।
  - घोडाघोडी र नगरपालिकाको नगरस्तरीय युवा सञ्जालले ११ नं. को वडा कार्यालयसँग समन्वय गरि महिलाहरूको नेतृत्व विकास गर्न रु. ५० हजार बजेट निकासा गरि लैङ्गिक हिंसाको विषयमा अभिमुखीकरण कार्यक्रम संचालन गरेका छन्
  - आ.व.२०७७/७८ मा लैङ्गिक समानताको सवालमा विभिन्न कार्यक्रम संचालन गर्न साझेदारीका लागि सुन्दरहरैंचा नगरपालिकाले रु.५ लाख र कानेपोखरी गाँउपालिका, मोरङले रु. ५ लाख विनियोजन गरिसकेका छन् ।
  - केराबारी गा.पाले यो आर्थिक वर्ष २०७७/७८ मा सुरक्षा आवासका लागि ५० हजार र महिला मंचको लागि ३६ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ।
  - लैङ्गिक सामानता नीति निमार्णका लागि लहान नगरपालिका र विष्णुपुर गाउँपालिकाले रु १/१ लाख रुपैयाँ नगद छुट्याएका छन्।
  - भगवानपुर गाउँपालिका, सिराहा जिल्लावाट महिला हिंसा निगरानी सञ्जाललेसञ्जाल रु २० हजार रुपैयाँ र विष्णुपुर गाउँपालिकावाट रु ३ लाख पचास हजार रुपैयाँ प्राप्त गरि कार्यक्रम गर्न सफल भएको छ।
  - गढी गा. पा. सुनसरीको वार्ड नं ३ को महिला फेडेरेसनले रु २ लाख रुपैयाँ बजेट पालिकाबाट लिएर ३ महिने सिलाई कटाई तालिम संचालन गरेको छ।
  - सुनसरी जिल्लाको बराहक्षेत्र ११ मधुवनमा बाल विवाहविरुद्धको अभियान संचालन पछि यस आर्थिक वर्षमा कार्यक्रमका लागि वडा नं ११ ले ७० हजार रुपैयाँ बजेट छुट्याएको छ।

- हानिकारक परम्परागत अभ्यासविरुद्ध युवा तथा किशोरीहरू सँगको छलफलपछि ५५ जना युवा र किशोरीले दाईजो नलिई विवाह गर्ने प्रतिवद्धता गरेका छन्भने ४ जना युवाले दाईजो नलिई विवाह गरेका छन् ।
- ओरेकले क्वारेन्टिन तथा आईसोलसनमा लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम तथा सम्बोधन सम्बन्धी मापदण्ड तयार गरि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई हस्तान्तरण गरेको छ। हाल उक्त मापदण्डलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पास गरि प्रयोगमा ल्याएको छ।
- उदयपुर जिल्लाको बेलका वडा नं १ मा बाढीको समयमा संचालन गरिएको मनोविमर्श केन्द्रलाई हाल पालिकाले निरन्तरता दिई कोभिड १९ को अवस्थामा पनि संचालन गरिरहेको छ । साथै ओरेकको सहजिकरण तयार भएको लैङ्गिक समानता नीति बेलका नगरपालिकाले पास गरेको छ। साथै यसै वर्ष बेलका नगरपालिकाले सुरक्षावास निर्देशिकाको निर्माण गरी पास गरेको छ।
- बाढीका बेला गठन भएका महिला समूह आगामी दिनहरूमा समेत लैङ्गिक हिंसा यौन तथा प्रजनन् स्वास्थ्य जस्ता विषयमा छलफल गर्ने र एक आपसमा आफूलाई परेका समस्याका बारेमा छलफल गर्ने कुरामा सहमत भएका छन् ।
- महामारीका अवस्थामा मानव अधिकारको सवाल, लैङ्गिक समानता र समावेशीकरणको मुद्दालाई संस्थाले विभिन्न कार्यक्रम मार्फत उजागर गर्न सफल भएको छ। (क्वारेन्टिन व्यवस्थापन, मनोसामाजिक सवाल, समावेशी सन्देश, राहत, आत्मसम्मान लगायतका मुद्दा)

# महिला स्वास्थ्य अधिकार कार्यक्रम

## १.परिचय


स्वस्थ जीवनयापन गर्न पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। विश्व स्वास्थ्य संगठन ध्ज्इ को परिभाषा अनुसार 'कुनै पनि व्यक्तिले शारीरिक, मानसिक, सामाजिक र आध्यात्मिक रुपमा पूर्ण स्वस्थ अनुभूति गर्न सक्ने अवस्था नै स्वास्थ्य हो'। सन् १९४८ को संयुक्त राष्ट्र सङ्घको मानवअधिकार विश्वव्यापी घोषणापत्रको धारा २५ ले स्वस्थ रहन पाउने अधिकारलाई सुनिश्चित र स्थापित गरेको छ। त्यस्तै सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६ को धारा १२ र १९७९ को महिलामाथि गरिने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि जस्ता विभिन्न मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले महिलाको स्वस्थ रहन पाउने अधिकार सुनिश्चित गरेका छन्।

महिला पुनर्स्थापना केन्द्र ओरेकले महिलाको शारीरिक अखण्डता, आफ्नो शरीरमाथिको अधिकार र नियन्त्रण नहुँदासम्म महिलामाथि हुने हिंसा अन्त्य हुन सक्दैन भन्ने मान्यतालाई स्थापित गर्दै महिलाको स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्न स्वः हेरचाह, मेरो शरीर मेरो अधिकार तथा महिलाको स्वास्थ्य समस्याको पहिचान र सम्बोधनका लागि सरोकारवालाहरूसँग नीतिगत पैरवी तथा छलफलका कार्यक्रमहरू गर्दै आएको छ।

कुनैपनि महिलामाथि हुने हिंसा महिला स्वास्थ्यको प्रमुख कारण हो। महिलामाथि हुने हिंसा तथा महिला स्वास्थ्य एक आपसमा अन्तर्सम्बन्धित छन् भन्ने विषयलाई संस्थाले विगतका २८ वर्षदेखि उठाउँदै आएको छ। स्वास्थ्य अधिकारलाई प्रायः स्वास्थ्य परिक्षणसम्मको पहुँच र स्वास्थ्य चौकीको सेवासँग मात्र जोड्ने गरिन्छ। तर स्वास्थ्य अधिकार यतिमा मात्र सिमित छैन। खाद्य सुरक्षा, स्वस्थ्य वातावरणमा बाँच्न पाउने अधिकार, मानसिक स्वास्थ्य, खानेपानी, सरसफाइ, बालबालिका र महिलाको स्वास्थ्य अधिकार जस्ता विभिन्न पक्षलाई पनि स्वास्थ्य अधिकारमा समेटिएको छ। राज्यले प्रजनन् स्वास्थ्य अधिकारलाई संविधानमा मौलिक हकको रुपमा व्यवस्था गरि हालमात्र सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी ऐन जारी गरेको छ। तथापी महिलालाई हेर्ने सामाजिक दृष्टिकोणमा परिवर्तन नभएसम्म महिलाको स्वास्थ्य अधिकारमा पहुँच तथा प्रभावकारी रुपमा सेवा पाउने वातावरण सुनिश्चित हुन सक्दैन। त्यसैले नेपाल सरकारले महिलाको स्वास्थ्य समस्यालाई सामाजिक समस्याको रुपमा लिई कार्य गर्न आवश्यक छ भन्ने विषयमा संस्थाले पैरवी गर्दै आएको छ। जवसम्म एउटा महिला पूर्णरुपमा स्वस्थ्य हुनसक्दैन तवसम्म समाज आर्थिक रुपमा समृद्ध बन्न सक्दैन र नेपाल सरकारको समृद्ध नेपाल र सुखी नेपालीको नारा नारामा मात्र सिमित रहन्छ।

महिला स्वास्थ्य अधिकारलाई सुनिश्चित र प्रवर्द्धनका लागि यसवर्ष संस्थाद्वरा सिराहा, उदयपुर, रुकुम र दाङ जिल्लामा प्रत्यक्ष रूपमा महिला सामुदायिक संस्थाहरूको अगुवाईमा स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा कार्यक्रमहरू सञ्चालन हुँदै आइरहेको छ। अन्य जिल्लाहरूमा महिला स्वास्थ्य अधिकारलाई स्थापित गर्न, समुदायमा आधारित सूचना तथा सचेतनाका कार्यक्रमहरू संचालन गरिएको छ। संस्थाले महिलाको स्वास्थ्यलाई महिलामुखी दृष्टिकोणबाट नियाल्दै, त्यसको कारण र परिणामको बारेमा विश्लेषण गरी स्वास्थ्य सम्बन्धी समुदायमा भएका स्थानीय ज्ञान र सीपको माध्यमबाट महिलाको समग्र स्वास्थ्य समस्या समाधानका लागि सचेतना तथा पैरवीका कार्यक्रमहरू गरिरहेको छ। महिलावाद र अधिकारमा आधारित दृष्टिकोणबाट महिला स्वास्थ्य अधिकार बुझ्न जरुरी भएकोले यी सवालहरूमा समुदायका महिलालाई सुसूचित र सशक्तीकरण गर्दै पनि आइरहेको छ।

यसक्रममा संस्थाले आर्थिक वर्ष २०७६/७७ मा कुल ३५९ वटा विविध कार्यक्रम मार्फत १६,९७६ जना महिला तथा २१०१ पुरुष गरि जम्मा १९,०७७ जनालाई आवश्यक सेवा तथा सूचना प्रदान गर्न सफल भएको छ।




त्यसैगरी महिला स्वास्थ्य अधिकारका सवाल विशेषगरी प्रजनन् स्वास्थ्य समस्या (आङ खस्ने, पाठेघरको मुखको क्यान्सर, यौनजन्य संक्रमण, फिस्टुला) मानसिक तनावका कारण महिलाहरूमा देखिएको अनिद्रा, मनोसामाजिक समस्याका कारण महिला तथा किशोरीहरू थप स्वास्थ्य समस्या भोग्न बाध्य पारिएका छन् । महिला तथा किशोर किशोरी मैत्री स्वास्थ्य संस्था नहुनु, सेवा प्रदायक संवेदनशील नहुनु तथा महिला र किशोरीहरूको समस्यालाई सरकारले विशेष प्राथमिकतामा नराख्नु वा त्यति ध्यान नदिनु र कम बजेट विनियोजन गर्नु, भएका ऐन, नीति तथा कानुनहरूको प्रभावकारी कार्यान्वयनको अभाव अहिलेका प्रमुख समस्याहरू रहेका छन् ।

महिलाको प्रजनन् सेवा भनेको अति नै सम्वेदनशील र कुनै पनि हालतमा अवरुद्ध हुन नहुने सेवा हो । हाल विश्वभर फैलिएको कोभिड १९ महामारीको कारण महिला र किशोरीहरूले यौन तथा प्रजनन् स्वास्थ्य अधिकारबाट अझै वञ्चित हुनुपरेको छ । हाल स्वास्थ्य संस्थाहरूले नियमित सेवा दिन नसक्नु, सवारी साधनको अभावले महिलाहरू सजिलै स्वास्थ्य संस्थामा पुग्न नसक्नु र पुगे पनि जटिल अवस्था भएपछि मात्र पुग्नुले महिला र नवजात शिशुको ज्यान गएको छ । कतिपय स्वास्थ्य संस्थाले आफूसँग कोभिड १९ को संक्रमण रोकथामको लागि आवश्यक स्वास्थ्य सुरक्षा सामग्रीहरू (पीपीइ सेट), र्‍यापिड परिक्षण गर्नका लागि परिक्षण किट नभएको र छुट्टै उपचार कक्षको अभावका कारणले सेवा दिन नसकेको भन्दै सेवा नै बन्द गरे । यस समयमा महिलाहरूले परिवार नियोजन र गर्भपतन सेवाबाट पनि वन्चित हुन परेको छ । परिवार नियोजन र गर्भपतनको सेवा बेलामा नपाउँदा भविष्यमा यसले झनै जटिल समस्या ल्याउन सक्ने देखिन्छ ।

## २.महिला स्वास्थ्य अधिकार कार्यक्रमको उद्देश्य

### २.१ मुख्य उद्देश्य :

संगठित सञ्जालहरूको सवलीकरण गर्दै उनीहरूको अगुवाईमा महिलाको पूर्ण स्वास्थ्यको (Well-being) लागि अनुकूल वातावरण (Conducive Environment) तयार गर्न सहजीकरण तथा नीतिगत व्यवस्थाको लागि पैरवी गर्ने ।

### २.२ बिशिष्ट उद्देश्य :

१. यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार सम्बन्धी भएका ऐन तथा नीतिहरूको बारेमा अवधारणागत स्पष्टताका लागि संघ संस्था तथा समूह सन्जालहरूलाई स्थानीयस्तरमा नीतिगत पैरवीका लागि क्षमता बढाउन सहजीकरर्णे गर्ने ।

२ महिलाको समग्र स्वास्थ्य (यौन तथा प्रजनन् स्वास्थ्य, मानसिक स्वास्थ्य र स्वहेरचाह) र मनोविर्मश सेवालाई स्थानीय तहमा नीतिगत व्यवस्थाका लागि पैरवी गर्ने ।

३. किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार प्रर्वद्धन र स्वनिर्णय लिने क्षमता अभिवृद्धि गर्ने ।

## ३. महिला स्वास्थ्य अधिकार कार्यक्रम अर्न्तगत यस वर्ष संचालन भएका गतिविधिको विवरण

महिला स्वास्थ्य अधिकार कार्यक्रमको उद्देश्यलाई मध्यनजर गर्दै यसवर्ष संस्थाले दाङ, उदयपुर, सिराहा, रुकुम, मोरङ, धनुषा, काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्लामा प्रत्यक्ष रुपमा तथा अन्य कार्यरत जिल्लाहरूमा महिला हिंसाविरुद्धको अभियानसँग महिला स्वास्थ्यका सवाललाई जोडेर सचेतिकरण, सूचना प्रवाह तथा पैरवीका गतिविधिहरू संचालन भएका छन् । यसवर्ष ३५९ वटा कार्यक्रम मार्फत १६,९७६ जना महिला तथा २१०१ पुरुष गरि १९,०७७ जनाले सेवा तथा सूचना प्राप्त गरेका छन् ।

### ३.१. दाङ, उदयपुर, सिराहा, रुकुम, मोरङ, धनुषा, काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्लामा भएका गतिविधिहरू:

| क्र.सं | क्रियाकलाप | वार्षिक उपलब्धि संख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १. | यौन तथा प्रजनन् स्वास्थ्य विषयमा छलफल तथा अभिमुखीकरण कार्यक्रम | ८८ | १६११ | १५० | १७६१ |
| २. | किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्य विषयमा छलफल तथा अभिमुखीकरण कार्यक्रम | ६६ | २३४३ | ५८३ | २९२६ |
| ३. | स्थानीय तहसँग स्वास्थ्य सेवा व्यवस्था र स्वास्थ्य अधिकार सुनिश्चितताको लागि नीतिगत पैरवी कार्यक्रमहरू | २२ | ४२२ | ४० | ४६२ |
| ४. | महिलामैत्री स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मी हरूलाई तालिम | १ | १९ | २ | २१ |
| ५. | परिवार शिक्षा कार्यक्रम | १० | ३९४ | ३२० | ७१४ |
| ६. | दिवसीय कार्यक्रम | ४ | २६५ | १२४ | ३८९ |
| ७. | स्थानीय स्तरमा पाईने जडिबुटीको प्रवर्द्धनका लागि अभिमुखीकरण कार्यक्रम | ४१ | ८४९ | ६ | ८५५ |
| ८. | मानसिक स्वास्थ्य सम्बन्धी छलफल | १२६ | ३९७२ | २२३ | ४१९५ |
| ९. | मनोविमर्शकर्तालाई स्वहेरचाह सम्बन्धि अभिमुखीकरण | १ | ३५ | ० | ३५ |
| १०. | स्वास्थ्य सेवा वितरण | - | ७०६६ | ६५३ | ७७१९ |
| | **जम्मा** | ३५९ | १६,९७६ | २,१०१ | १९,०७७ |

### ३.२ स्वास्थ्य सेवा वितरणको विवरण

| क्र.सं | क्रियाकलाप | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | सामुदायिक क्लिनिक संचालनबाट स्वास्थ्य सेवा | १५७१ | ५६५ | २१३६ |
| २. | महिला स्वास्थ्य परामर्श केन्द्रबाट सेवा | ९२८ | ० | ९२८ |
| ३. | एकिकृत स्वास्थ्य मेलाबाट स्वास्थ्य सेवा | २४५२ | ० | २४५२ |
| ४. | मनोविमर्श केन्द्रबाट मनोपरामर्श सेवा | ४७३ | ४९ | ५२२ |
| ५ | बन्दाबन्दीको बेला टेलिफोनबाट मनोपरामर्श सेवा | १४०६ | ० | १४०६ |
| ६. | समूह मनोविमर्श | २३६ | ३९ | २७५ |
| | **जम्मा** | ७,०६६ | ६५३ | ७,७१९ |





## ४. एकीकृत महिला स्वास्थ्य मेला

ओरेकले आफ्नो स्थापनाकालदेखि नै समुदायमा स्वास्थ्य अधिकारबाट वञ्चित भएका महिलाहरूलाई उनीहरूको स्वास्थ्य समस्याको स्वयं पहिचान तथा समस्याका बारेमा वकालत गरी विभिन्न माध्यमबाट महिलाको स्वस्थ जीवन निर्वाहमा सहज वातावरण सिर्जना गर्न एकीकृत महिला स्वास्थ्य मेला संचालन गर्दै आएको छ । स्वास्थ्य मेलाबाट महिलाको शारीरिक तथा मानसिक समस्याको पहिचान भइ उपचार तथा थप उपचारको आवश्यकता भएमा सम्बन्धित सेवा प्रदायकसँग जोड्ने काम पनि गरिन्छ । यस अवधिमा महिलाहरूले भोगीरहेका स्वास्थ्य समस्याको कारण महिला नभई समग्र समाज तथा परिवारको महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण हो भन्ने जानकारी पाएपछि उनीहरू आफ्नो स्वास्थ्य सम्बन्धी समस्याहरू नहिच्चिकिचाइकन भन्न सक्ने वातावरण निर्माण गरि कार्यक्रमको शुरुवात गरिन्छ । यसका लागि समाजमा महिला र पुरुष प्रतिका विभिन्न सामाजिक व्यवहार र स्वास्थ्यसँग सम्बन्धित पोष्टर, पर्चा र पाम्प्लेट आदिलाई प्रयोगमा ल्याई अझ सहज तरिकाबाट बुझ्न सक्ने बनाईएको छ । महिला स्वास्थ्य मेला (शिविर)मा तल्लो पेट दुख्ने, सेतो पानी बग्ने र आङ खस्ने समस्याका लागि निःशुल्क रूपमा दिइने सेवाका बारेमा जानकारी साथै हाम्रो सामाजिक संरचना, महिलालाई गर्ने व्यवहार, महिलाले गर्नुपर्ने काम, महिलाहरूको रहन सहन र पारिवारिक पृष्ठभूमिमा महिलाको भूमिकाको विषयमा विभिन्न ठाउँमा अभिमुखीकरण सञ्चालन गरिएको थियो । सोही अवसरमा महिला स्वास्थ्य परामर्श सेवा, मनोविमर्श सेवा साथै जडिबुटी सम्बन्धी जानकारी समेत दिइएको थियो ।

यसवर्ष महिला स्वास्थ्यको बारेमा समुदायस्तरमा सेवाको माध्यमबाट सचेतना तथा स्वास्थ्य अधिकारको पैरवी गर्न संस्थाले समुदायमा स्थानीय तह तथा स्वास्थ्य संस्थाको समन्वय तथा सहकार्यमा महिला स्वास्थ्य मेलाको आयोजना गरि उदयपुर, दाङ, रूकुम, सिराहा, काठमाडौं, मोरङ, धनुषा जिल्लाका विभिन्न नगरपालिका तथा गाउँपालिकामा ७ वटा महिला स्वास्थ्य मेला सम्पन्न भएका छन् । स्वास्थ्य मेलाबाट २४५२ जनाले स्वास्थ्य उपचार तथा परामर्शका साथै सूचना पाएका थिए ।


### ४.१ एकीकृत महिला स्वास्थ्य मेलामा सहभागी संख्या:

| क्र.स. | जिल्ला | महिला | पुरूष | जम्मा |
|---|---|---|---|---|
| १ | उदयपुर | १५४ | ० | १५४ |
| २ | दाङ | २२२ | ० | २२२ |
| ३ | रूकुम | ३२७ | ० | ३२७ |
| ४ | सिराहा | १५७ | ० | १५७ |
| ५ | काठमाडौं | २०० | ० | २०० |
| ६ | मोरङ | १३०६ | ० | १३०६ |
| ७ | धनुषा | ८६ | ० | ८६ |
| **जम्मा** | २४५२ | | | |




### ४.२ एकीकृत महिला स्वास्थ्य मेलाबाट पहिचान भएका पाठेघर खस्ने समस्याको अवस्था:

| क्र.स. | जिल्ला | पहिलो डिग्री | दोस्रो डिग्री | तेस्रो डिग्री | जम्मा |
|---|---|---|---|---|---|
| १ | उदयपुर | २६ | १३ | ८ | ४७ |
| २ | दाङ | २२ | १२ | ८ | ४२ |
| ३ | रूकुम | ६ | ६ | १ | १३ |
| ४ | सिराहा | ८ | १२ | ८ | २८ |
| ५ | मोरङ | ० | ० | ६ | ६ |
| ६ | धनुषा | ८ | १६ | १७ | ४१ |
| **जम्मा** | | ७० | ५९ | ४८ | १७७ |




### ५. महिला स्वास्थ्य परामर्श केन्द्र

ग्रामीण भेगका महिलाहरू अहिले पनि स्वास्थ्य सेवाको पहुँच भन्दा वाहिर भएको अवस्थालाई ध्यानमा राखि आफ्ना स्वास्थ्य समस्यालाई खुलेर कुरा गर्ने थलोको रुपमा संस्थाले महिला स्वास्थ्य परामर्श केन्द्रको स्थापना गरि सेवा प्रवाह गर्दै आएको छ । महिलामैत्री वातावरणमा आफ्ना समस्याहरू खुलेर भन्न पाउने, विभिन्न किसिमका स्वास्थ्यसँग सम्बन्धित सूचना र जानकारीहरू पाउने र आवश्यकता अनुसार परामर्श र थप सेवाका लागि सम्बन्धित निकायमा सिफारिश गर्नेलगायतका काम स्वास्थ्य परामर्श केन्द्रबाट संचालन हुँदै आएका छन् । त्यसैगरी संस्थाले स्वास्थ्य सेवा लिन जान नसक्ने तथा स्वास्थ्यसेवाको पहुँच भन्दा वाहिर रहेका महिलाहरूका लागि तत्काल जडिवुटीको प्रयोग गरि सामान्य रोगहरूको उपचार विधि पनि सिकाउँदै आएको छ । यस अवधिमा दाङ जिल्लामा भएका १० वटा परामर्श केन्द्र स्थानीय स्वास्थ्य संस्थाका कर्मचारीहरूलाई क्षमता अभिवृद्धि गरि हस्तान्तरण गरिएको छ । अहिलेको परिवेशमा महिला स्वःस्फूर्त परामर्श सेवा लिन तथा आफ्नो समस्या भन्न स्वास्थ्य संस्थामा जान थालेका छन् ।

### ५.१. संस्थाद्वारा हाल संचालित महिला स्वास्थ्य परामर्श केन्द्र

| क्र सं | जिल्ला | महिला स्वास्थ्य परामर्श केन्द्र संख्या |
|---|---|---|
| १ | सिराहा | ५ |
| २ | रुकुम | २ |

## ५.२ महिला स्वास्थ्य परामर्श केन्द्रमा आएका समस्या र प्रदान गरिएका सेवाको विवरण:

| क्र.स | समस्याहरू | जम्मा |
|---|---|---|
| १ | पाठेघरको मुख सुन्निएको | १५ |
| २ | ग्यास्टिक | १० |
| ३ | पिसाव पोल्ने | २३ |
| ४ | पाठेघरको मुखमा घाउ | १६ |
| ५ | योनी संक्रमण | २४ |
| ६ | उच्च रक्तचाप | ३ |
| ७ | महिनावारी गडबडी | १४ |
| ८ | रगत बग्ने | ४ |
| ९ | यौन रोग | ९ |
| १० | पाठेघर पहिलो डिग्री खसेको | ३४ |
| ११ | पाठेघर दोस्रो डिग्री खसेको | ११२ |
| १२ | पाठेघर तेस्रो डिग्री खसेको | २७ |
| १३ | गर्भवती | १४ |
| १४ | बाँझोपन | ० |
| १५ | रक्तअल्पता | ० |
| १६ | मानसिक तनाव | २५ |
| १७ | ढाड कम्मर दुख्ने | ५० |
| १८ | सेतोपानी बग्ने | ५४ |
| १९ | हात खुट्टा दुख्ने | ३ |
| २० | तल्लो पेट दुख्ने | ४१ |
| २१ | सेतो पानी बग्ने | ५४ |
| २२ | टाउको दुख्ने | ९ |
| २३ | अन्य स्वास्थ्य सेवा | १० |
| २४ | जडिबुटीको प्रयोग बारे जानकारी | १५८ |
| २५ | रेफरल | २१९ |
| | **जम्मा** | ९२८ |

## ६. मनोविमर्श केन्द्र

ओरेकले मनोविमर्श सेवा वि.स ०६१/६२ बाट सुरु गरेको हो। द्वन्द्व कालमा चर्केको हिंसाका कारणले असंख्य मानिस मनोसामाजिक समस्याबाट प्रभावित भएका थिए। त्यति बेला महिला र बालबालिकाको स्थितिमा सुधार ल्याउन मनोपरामर्श सेवा दिईएको थियो जुन उदयपुरबाट सुरु गरिएको हो।

हाल ओरेकले स्थानीय तहको समन्वयमा संचालन गरेको मनोविमर्श केन्द्रमा आफैं मनोविमर्शकर्ता राखेको छ भने केही केन्द्रमा महिला सामुदायिक संस्था, स्थानीय तहको वडा तथा पालिकाले प्राथमिक मनोसामाजिक कार्यकर्ताको व्यवस्था गरेको छ। यसै गरि स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीले पनि यस किसिमको तालिम लिएर आफै परामर्श दिन सक्षम पनि भएका छन्। यद्यपी त्यहाँ पनि ओरेकको मनोविमर्शकर्ताले आवश्यक्ता अनुसार सहयोग गर्ने गरेका छन्। मनोविमर्श केन्द्र स्वास्थ्य संस्थाको विकल्प भने होइन। वरु सरकारी स्वास्थ्य संस्थाहरूलाई यस्तो किसिमको सेवा पनि दिनुपर्छ भनेर अभिप्रेरित गर्न बनाइएका नमुना संरचना हुन्। सरकारी स्वास्थ्यकर्मीहरूले पनि महिलाको गोपनीयता, उँहाहरूको आवश्यकता र सम्वेदनशीलतालाई ध्यानमा राखी मनोविमर्श सेवा दिने कर्तव्य हो भनेर ओरेकले मनोविमर्श केन्द्र मार्फत पैरवी पनि गरिरहेको छ। अहिले नेपाल सरकारले दिनुपर्ने आधारभुत स्वास्थ्य सेवा सुविधा भित्र मानसिक स्वास्थ्य सेवा पनि परेकाले ओरेकले यस किसिमको सेवा स्थानीय स्तरमा 'एक वडा एक मनोविमर्श केन्द' हुनुपर्छ भनेर पैरवी गरिरहेको छ।

हाल (२०७७) ओरेकले ८ वटा जिल्लमा २५ वटा मनोविमर्श केन्द्र संचालन गरिरहेको छ। यो वर्ष कोभिड महामारीको कारणले गर्दा प्रत्यक्ष मनोविमर्श सेवा दिने अवस्था नभए पनि टेलिफोन मार्फत सेवा दिईएको छ।

## ६.१. संस्थाद्वारा संचालित मनोविमर्श केन्द्रको विवरण

| क्र सं | जिल्ला | महिला स्वास्थ्य परामर्श केन्द्र संख्या |
|---|---|---|
| १ | मोरङ | २ |
| २ | उदयपुर | ९ |
| ३ | सिराहा | २ |
| ४ | धनुषा | २ |
| ५ | सुनसरी | १ |
| ६ | काठमाडौं | ५ |
| ७ | दाङ | ३ |
| ८ | रुकुम | १ |
| ९ | महोत्तरी | १ |
| १० | सर्लाही | १ |
| | **जम्मा** | २७ |

## ६.२ कोभिड १९ को कारण गरिएको लकडाउनको अवस्थामा यो आर्थिक वर्षमा ओरेकबाट प्रत्यक्ष वा फोन मार्फत गरिएको मनोपरामर्श सेवाको तथ्याङ्क विवरण :

| क्र सं | जिल्ला | लैगिक हिंसा | कोभिड १९ विषेश | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | सुनसरी | ५३ | ९९ | ६ | १५८ |
| २ | मोरङ | १८७ | ४२ | ६ | २३५ |
| ३ | उदयपुर | ७४ | ८७ | २३ | १८४ |
| ४ | सिराहा | ७३ | २५ | २ | १०० |
| ५ | सर्लाही | ९ | १० | ४ | २३ |
| ६ | महोत्तरी | २० | २१ | ० | ४१ |
| ७ | धनुषा | ९० | ११ | ८ | १०९ |
| ८ | काठमाण्डौ | ६६ | ४३ | ११ | १२० |
| ९ | दाङ | ४२ | ५६ | १४ | ११२ |
| १० | बर्दिया | १९ | ० | ० | १९ |
| ११ | कैलाली | १०६ | १३९ | २ | २४७ |
| १२ | रुकुम | १७ | ३८ | ० | ५५ |
| १३ | सप्तरी | १ | ० | २ | ३ |
| | **जम्मा** | १४०६ | | | |

## ७. सामुदायिक स्वास्थ्य क्लिनिक सन्चालन

सामुदायिक स्वास्थ्य क्लिनिक विशेषगरी स्वास्थ्य सेवाको पहुँचबाट बाहिर भएका महिला तथा किशोरकिशोरीहरूका लागि आवश्यकता अनुसारका स्वास्थ्य सेवा तथा परामर्श सेवा प्रदान गर्ने थलो हो । जहाँ महिला किशोर किशोरी तथा पुरुषहरूलाई २४ घण्टा सेवा प्रदान गर्नुका साथै परामर्श सेवा सन्चालन गर्नु र विशेषगरी महिलाहरूको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरी स्वास्थ्य समस्याको उपचार प्रदान गर्दै महिलाको शरीर र स्वास्थ्य अधिकारको बारेमा सचेतना जगाउनु रहेको छ । सामुदायिक स्वास्थ्य क्लिनिकमा कोरोना भाइरसको महामारीको अवस्थामा पनि सेवा निरन्तर सन्चालन भइरहेको छ। सामुदायिक स्वास्थ्य क्लिनिकमा सेवा लिन आउने महिलाहरूमध्ये केही महिलाहरूले छोरीहरू मात्र जन्माएको भनेर छोरा जन्माउनुपर्ने दबाब आएको बताउनुहुन्छ। उमेर ढल्कदै गएपनि छोरा जन्माउन श्रीमान्ले नै दबाब दिने गरेको उहाँहरू बताउनुहुन्छ। परिवार नियोजनको अस्थाई साधन महिलाहरूले नै अपनाउनु पर्ने महिलाकै जिम्मेवारीको रुपका लिएको देखिन्छ । यसबाट के विश्लेषण गर्न सकिन्छ महिला परिवार र समाजकै अधिनमा रहेर अरुकै इच्छा र चाहना बमोजिम नै बाँच्नुपरेको बाध्यता अहिलेपनि सर्वव्यापी नै छ। महिलाले आफ्नो शरीर माथिको अधिकार प्राप्त गर्न सकेका छैनन्। त्यसैले समाजमा जति नै विकासको लहर छाएको भनिएपनि जबसम्म हानिकारक मुल्य मान्यताले जन्माएको हाम्रो सोच र व्यवहारमा परिवर्तन आउँदैन तबसम्म महिलाको शरीर र विचार माथिको आफ्नै नियन्त्रण र अधिकार सुनिश्चित हुन सक्दैन ।

यस सामुदायिक स्वास्थ्य क्लिनिकमार्फत यसवर्ष समुदायका मानिसहरूलाई प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र पुनः स्थानात्मक सेवा प्रदान गर्दै विभिन्न गतिविधिहरू सम्पन्न भएका छन्। हाल उदयपुर र दाङ जिल्लामा सामुदायिक स्वास्थ्य क्लिनिक सन्चालन भईरहेको छ। क्लिनिकको व्यवस्थापन समितिमा समुदायकै व्यक्तिहरू रहने भएकाले यसलाई संस्थाले समुदायकै संरचनाको रुपमा प्रस्तुत गर्दै आएको छ।

## ७.१ समुदायका मानिसहरुलाई प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र पुनः स्थानात्मक सेवा प्रदान गर्ने कार्यक्रम अन्तर्गत विभिन्न गतिविधिहरू सम्पन्न भएका छन् । जस्को विवरण यस तालिकामा देखाइएको छ ।

| क्र.स | गतिविधि | सहभागी संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | साधारण स्वास्थ्य जाँच तथा उपचार सेवा | ३१३ | १४१ | ४५४ |
| २ | गर्भवती जाँच | १७४ | ० | १७४ |
| ३ | सुत्केरी पछिको जाँच | ३२ | ० | ३२ |
| ४ | खोप सेवा | ३०७ | २९७ | ६०४ |
| ५ | परिवार नियोजन सेवा | ४९७ | ३८ | ५३५ |
| ६ | ल्याव सेवा | ५३ | ० | ३५ |
| ७ | ईको भिलेजमा महिला स्वास्थ्य सम्बन्धि अभिमुखीकरण | १६९ | ८९ | २५८ |
| ९ | पाठेघर खसेको पहिलो डिग्री | १२ | ० | १२ |
| १० | पाठेघर खसेको दोस्रो डिग्री | १० | ० | १० |
| १३ | पाठेघर खसेको तेस्रो डिग्री | ४ | ० | ४ |
| | **जम्मा** | १,५७१ | ५६५ | २,१३६ |

## ८. “किशोर किशोरीमैत्री यौन तथा प्रजनन् स्वास्थ्य सेवाको साथी सहयोग विकास अनुसन्धान सम्पन्न :

रसुवा र नुवाकोट जिल्लामा गरिएको मिश्रित विधि अध्ययन’ शिर्षकमा अनुसन्धान गरिएको छ । यस अनुसन्धानको मुख्य उद्देश्य किशोरकिशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्यबारे फरक शैलीबाट ज्ञान प्रदान गरी सुसूचित गर्नु हो र आफ्नो स्वास्थ्यको हेरचाह आफै गर्ने व्यवहारमा परिवर्तन ल्याउन सहजीकरण गर्नु थियो । यो अध्ययन मे २०१८ देखि डिसेम्बर २०१९ सम्म गरिएको थियो । यो अध्ययन भूकम्प प्रभावित जिल्ला रसुवा र नुवाकोटमा गरिएको थियो । अध्ययनका लागि स्थल छनौट भने स्वास्थ्य मन्त्रालयले किशोर किशोरीमैत्री स्वास्थ्य सेवा चलाएको स्वास्थ्य संस्था र त्यस मातहत पर्ने विद्यालयहरूलाई लिइएको थियो । अध्ययन पद्दति मिश्रित विधिहरूको प्रयोग गरिएको थियो, जसमा व्याख्यात्मक, अन्वेषणात्मक र पियर इथनोग्राफी तरीकाहरू प्रयोग गरिएको थियो । तथ्याङ्क संकलन गर्न सर्वेक्षण, लक्षित समूह छलफल, अन्तर्वार्ता, ग्यालरी हिंडाई जस्ता विधिहरू प्रयोग गरिएको थियो ।

अध्ययनमा नुवाकोट र रसुवा जिल्लाको १० /१० वटा विद्यालय छानिएको थियो जसमा ५ वटा विद्यालयमा कार्यक्रम सञ्चालन गरिएको थियो भने ५ वटामा गरिएन । यसरी कार्यक्रम सञ्चालन गरिएको विद्यालय र नगरिएको विद्यालयको तुलानात्मक रूपमा के कस्तो प्रगति रह्यो भनेर विश्लेषण गरिएको थियो । यस अनुसन्धानमा कार्यक्रम गरिएका विद्यालयका ७, ८, ९ कक्षाबाट दुईजना साथी शिक्षक चुनिएको थियो । साथी शिक्षक र विद्यालयको शिक्षकलाई यौन तथा प्रजनन् स्वास्थ्य बारे ३ दिने तालिम संचालन गरि तालिमपछिउनीहरूले आफ्नो साथीहरूलाई खेल र अन्य गतिविधिहरूद्वारा यौन तथा प्रजनन् स्वास्थ्यका बारेमा सिक्ने र सिकाउने गतिविधि गरेका थिए । कार्यक्रम संचालन भएका विद्यालयमा किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि एप ‘सहयोगी’ राखेर ट्याब्लेट वितरण पनि गरिएको थियो । विद्यार्थीलाई ट्याब्लेट चलाउन र कार्यक्रम गर्न १० महिना समय दिईएको थियो । १० महिना पछि कार्यक्रम गरेको र नगरेको विद्यालयमा के परिवर्तन आयो भनेर तुलनात्मक अध्ययन गरिएको थियो ।

**अध्ययनबाट आएका मुख्य नतिजाहरू:**

- नुवाकोट र रसुवा जिल्ला दुवैमा बाल विवाहको प्रचलन धेरै नै रहेको पाईयो । ब्राम्हण क्षेत्री जातीमा पहिले मागी विवाह गर्ने चलन धेरै थियो, भने अहिले २० वर्ष अघि नै भागेर विवाह गर्ने चलन बढ्दै गएको पाईयो । तामाङ जातीमा भने, आफैं भागेर विवाह गर्ने चलन परम्परा कै रुपमा रहेको पाइयो ।
- बाल विवाह हुनुको मुख्य कारण अज्ञानता, बालविवाह गर्ने चलन परम्परा कै रुपमा स्थापित हुनु र अन्तर जातीय विवाह स्विकार्य नभएको कुरा अध्ययनले देखाएको छ ।
- बाल विवाह भएपछि थोरै किशोरकिशोरीले मात्र आफ्नो अध्ययनलाई निरन्तरता दिएको पाईयो । विद्यालय र समुदायको वातावरण अनुकूल नभएका कारणले किशोरकिशोरी लाज र डरले विद्यालय जान छोडेको पाइयो ।
- अझै पनि विद्यालयका धेरै जसो शिक्षक शिक्षिकाहरूले यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा पढाउन अप्ठ्यारो मानेको पाइयो ।
- विद्यालयमा संचालन गरिएको साथी शिक्षा कार्यक्रम प्रभावकारी भएको पाईयो । अध्ययनमा सहभागी विद्यार्थीले पाठ्यक्रममा नसमेटिएका यौन तथा प्रजनन् स्वास्थ्यसँग सम्बन्धित विषयहरू पढ्ने अवसर पाएको बताए ।
- सहभागीहरूले ट्याब्लेटमा राखिएको सहयोगी एपमा यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि पर्याप्त ज्ञान भएको बताए । विद्यार्थीले यस्तो प्रविधि पहिले आफूले कहिल्यै प्रयोग नगरेको र उनीहरू यस्तो एप प्रयोग गर्न उत्सुक रहेको बताए ।
- सहभागी विद्यार्थीले हस्तमैथुन, स्वप्नदोष, LGBTIQ, यौनिकता जस्ता शिर्षक यो भन्दा अगाडि आफूले कहिले नपढेको बताए ।
- साथी शिक्षक कार्यक्रमपछि ६६ जना साथी शिक्षकले आफू परिवर्तनका सम्वाहक बन्न सक्ने बताए । उनीहरूले विद्यालय र समुदायमा यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि विभिन्न सडक नाटक, कविता, गीत रचना गरि अरुलाई सुनाएको पाइयो ।
- कार्यक्रमको प्रभावले विद्याथी पहिला भन्दा यौन तथा प्रजनन् स्वास्थ्यको कुरा खुलेर गर्न सक्ने भएको पाइयो ।
- अध्ययनस्थलमा रहेका २० वटै विद्यालयमा किशोरकिशोरीको लागि पढ्न भनेर छुट्टै स्थान नभएको पाइयो ।

- स्वास्थ्य संस्थाबाट विवाहित किशोरकिशोरीहरूले मात्र सेवा लिएको र  किशोरले भन्दा किशोरीहरूले बढी स्वास्थ्य सेवा लिएको पाइयो ।
- २० वटा स्वास्थ्य संस्था मध्ये, ३ वटामा  मात्र परामर्श दिने छुट्टै स्थान राखिएको पाइयो । प्राय जसो स्वास्थ्य संस्थाले अरु कुनै कोठामा लगेर परामर्श दिएको पाइयो । भूकम्पपछि प्रायजसो स्वास्थ्य संस्थाहरू अस्थाई भवन र सिमित कोठाहरूमा संचालन भएको पाइयो ।
- स्वास्थ्यकर्मीहरूलाई आफूले काम गरिरहेको स्वास्थ्य संस्था आफूलाई किशोरकिशोरी मैत्री नलागेको बताए । पर्याप्त स्थानको अभाव, कर्मचारीको अभाव र तालिम पाएको कर्मचारीको सरुवाका कारणले किशोरकिशोरीमैत्री हुन नसकेको कुरा बताए ।
- साथी शिक्षक सन्चालन गरिएको विद्यालयमा साथी शिक्षा सन्चालन नगरिएको विद्यालयको तुलनामा सही जवाफ दिने विद्यार्थीको संख्या बढेको पाइयो । विशेष गरि LGBTIQ, यौनिकता, महिनावारी,वहिस्करण , पाठेघर खस्ने कारण, साइबर हिंसा जस्ता प्रश्नमा विद्यार्थीहरूले बढी मात्रामा सही जवाफ दिएको पाइयो ।
- दुर्गम ठाँउमा अभिभावकहरू आफ्ना बालबालिकालाई यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा दिनका लागि उपयुक्त स्रोत नभएको पाइयो । दुर्गम ठाँउहरूमा एक त अभिभावकहरू मै विषय ज्ञानको अभाव र यस्ता विषयमा आफ्ना छोराछोरीसँग कुरा नगर्ने वा दकस मान्ने गरेको अध्ययनले देखाएको छ ।
- अध्ययनमा सहभागीहरूले यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा दिनका  लागि विभिन्न विधिहरू अपनाएमा प्रभावकारी हुन्छ  भन्ने कुरा सुझाव दिए । व्यक्ति पिच्छे फरक इच्छा हुने भएकोले एक भन्दा धेरैविधिहरू अपनाएमा राम्रो हुने कुरा सुझावमा आएको थियो ।

## ९. कार्यक्रमको मुख्य उपलब्धि

- संस्थाले निरन्तर रुपमा गर्दै आएको पैरवीका कारण यस वर्ष शान्तिनगर गाँउपालिकामा यौन तथा प्रजनन् स्वास्थ्यलाई सम्बोधन गरि स्वास्थ्य नीति बनेको छ । घोराही उपमहानगरपालिमा स्वस्थ्य नीतिको मस्यौदा तयार भएको छ भने  दङ्गिशरण गाउँपालिकामा नीति बनाउन कार्यदल गठन भएको छ ।
- कोभिड १९महामारीको अवस्थामा कुनै स्वास्थ्य संस्थाले सेवा नदिइरहेको अवस्थामा ओरेकले सामुदायिक स्वास्थ्य क्लिनिकबाट बालबालिकाको खोप तथा महिलाहरूलाई अत्यावश्यक सेवा प्रदान गरि समुदायलाई आवश्यक सहयोग गर्न सफल भएको ।
- महामारीको समयमा टेलिफोनबाट पनि १४०६ जना महिलालाई मनोविमर्श सेवा प्रदान गरि उहाँहरूमा उत्पन्न तनाव व्यवस्थापनमा सहयोग गर्न सफल भएको ।
- यसवर्ष एकिकृत स्वास्थ्य मेलाबाट २४५२ जनाले स्वास्थ्य सेवा प्राप्त गर्न सफल भएको ।

## १०. महिला स्वास्थ्य कार्यक्रमको मुख्य चूनौतीहरु:

- कोभिड महामारीको कारणले महिलाहरू स्वास्थ्य संस्थामा गई अत्यावश्यक सेवा लिन असहज भएको छ । जसले गर्दा महिलाहरू यौन तथा प्रजनन् स्वास्थ्य अधिकारबाट वन्चित हुनुपरेको छ ।
- हाल सबैको ध्यान कोभिड महामारी रोकथाम र नियन्त्रणमा भएकाले यौन तथा प्रजनन् स्वास्थ्य अधिकारमा ध्यान नपुगेको अवस्था छ ।
- बन्दाबन्दीका कारणले समुदायस्तरका थुप्रै कार्यक्रमहरू स्थगित भइ केही कार्यक्रम भर्चुअल गर्नुपरेकाले सूचना सबैको पहुँचमा पुग्न समस्या रहेको ।

## ११. अबको बाटो

- आगामी दिनमा कार्यक्रम योजना र कायान्वयन गर्दा कोभिड महामारी तथा अन्य विपदको समयलाई विशेष ध्यानमा राखेर गनुपर्ने छ ।

# महिलाको गतिशीलताको अधिकार तथा सुरक्षित स्थानागमन कार्यक्रम

श्रम गर्न पाउनु र गरेको श्रमको सही मूल्यांकनसहित त्यसको सम्मान हुनु मानव अधिकार हो । सामान्य रुपमा पारिश्रमिक लिएर गरिने कुनैपनि क्रियाकलापलाई श्रम भनेर बुझिन्छ । समाजले निर्धारण गरेको लैङ्गिक भूमिकाको कारण विशेषगरी घरभित्रको घरेलु, सेवामूलक र हेरचाहको कामको जिम्मेवारी महिलालाई दिईएको छ । महिलाले जैविक तथा सामाजिक दुवै प्रकारका उत्पादनका कार्यहरू गरिरहेका छन्, तर पनि महिलाको यो कामको कुनै पनि सामाजिक तथा नीतिगत रुपमा मान्यता स्थापित गरिएको छैन । महिलाको कामको सम्मानको विषय हालसम्म पनि बृहत बहस तथा पैरवीको विषय बन्न सकेको छैन । महिलाले दिन रात गरिरहेका घरेलु तथा सेवामूलक कामश्रमको परिभाषाभित्र नपारिएका कारण बजारमा उपलब्ध रोजगारीका क्षेत्रहरू पनि महिलाका लागि जोखिमपूर्ण छन् । जसको कारण महिलाहरू घर भित्र, देशभित्र होस् वा बाहिर, दासतापूर्ण श्रम गर्न बाध्य छन् । त्यस्तै, समाजमा महिलालाई हेर्ने परम्परागत मूल्य मान्यतामा आधारित पितृसत्तात्मक सोचका कारण महिलाहरूको सबैखाले काममा पहुँच छैन, पहुँच भएका ठाउँमा पनि उनीहरूले कामको मूल्य पाउन सकेका छैनन् । फलस्वरुप महिलाहरू पितृसत्तात्मक संरचनाभित्र एक स्वतन्त्र श्रमिकभन्दा बँधुवा दासको रुपमा घरभित्रदेखि घर बाहिरसम्म काम गर्न बाध्य छन् । श्रमका लागि सुरक्षित स्थानागमन गर्न पाउनु हरेक व्यक्तिको नैसर्गिक अधिकार हो । व्यक्ति स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउनु, आफूले चाहेको स्थानमा सुरक्षित तवरले काम गर्न पाउनु हरेक व्यक्तिको अधिकारभित्र पर्दछ । देशमा विद्यमान विभेदकारी कानून, वैदेशिक रोजगारीमा जाने महिलालाई समाजले हेर्ने दृष्टिकोण र सामाजिक लाञ्छना, वैदेशिक रोजगारीमा जाँदा लाग्ने उच्च शुल्क र ठगीका कारण कतिपय महिलाहरू जोखिमपूर्ण रूपमा भारत अथवा तेस्रो मुलुकको बाटो हुँदै वैदेशिक रोजगारीमा जान बाध्य छन् । जवसम्म श्रम मर्यादित हुँदैन, मानव समाज मर्यादित र समृद्ध हुन सक्दैन । समाजको समग्र रुपान्तरणको बलियो आधार श्रमप्रतिको दृष्टिकोण र व्यवहारमा निर्भर गर्दछ । घरपरिवारदेखि सिंगो राष्ट्र निर्माणका सन्दर्भमा प्रयोग हुने सवै प्रकारका श्रमलाई मर्यादित बनाउन सकियो भने मात्र ‘समृद्ध नेपाल र सुखी नेपाली’को लक्ष्य प्राप्त हुन सक्नेछ ।

वैदेशिक रोजगारमा जाने महिलाले आर्थिक, सामाजिक, शारीरिक एवम् मानसिक शोषण तथा यातना भोग्नु परेका घटना दिनहुँजसो विभिन्न पत्रपत्रिकामा प्रकाशित हुने गरेका छन् । जसअन्तर्गत पारिवारिक विखण्डन, बालबालिका तथा वृद्धवृद्धाहरूको आवश्यक स्याहारसुसारमा कमी, सम्बन्ध विच्छेदका घटनामा बढोत्तरी, विप्रेषणलाई उत्पादनमूलक कार्यमा लगानी नगरिनुलगायतका समस्याहरू पर्दछन् । यस संस्थाले महिलाको गतिशीलता, मर्यादित काम र सुरक्षित स्थानागमन कार्यक्रम अन्तर्गत विशेष गरि सूचना प्रवाह, क्षमता अभिवृद्धि तथा समूह गठन, तथ्यमा आधारित वकालत तथा पैरवी, समस्यामा परेका महिला कामदारहरूको न्यायमा पहुँच र वैकल्पिक जीविकोपार्जनमा सहयोग गर्दै आइरहेको छ ।

## १. सचेतनामूलक कार्यक्रम

### १.१ घरदैलो :



कार्यक्षेत्रमा रहेका सामाजिक कार्यकर्ताहरूद्वारा समुदायका हरेक घरमा  पुगेर सूचना दिने काम घरदैलो कार्यक्रमबाट गरिन्छ । समुदायसँगै वसेर निरन्तर रुपमा सुरक्षित वैदेशिक रोजगारी, महिलाको मर्यादित श्रम र समानता, महिलाको गतिशीलता, घरेलु हिंसा, लैङ्गिक विभेदमा आधारित हिंसा, महिलाको पक्षमा भएका विभिन्न कानुनी प्रावधानको बारेमा यस अवशरमाजानकारी दिइन्छ । घरदैलो कार्यक्रममा जाँदा पहिचान हुन आएका कतिपय महिलामाथि भएका  हिंसाक

घटनाको समाधानका लागि कानूनी प्रक्रियाका वारेमा समेत जानकारी गराईन्छ। घरदैलो भेटघाटका क्रममा खासगरि स्थानीय तहबाट महिलाले पाउने सेवा सुविधाका वारेमा र महिलामाथि हुने हिंसाका घटनामा कसरी न्याय पाईन्छ भन्ने वारेमा महिलाले वढी चासो राख्ने गरेको छन् । यसरी सूचना दिएको कारण स्थानीय सरकारबाट उद्यमशीलताका लागि बजेट सहयोग भएको, लामो समयदेखि घरेलु हिंसाबाट पीडित महिलाले हिंसाविरुद्ध न्यायिक समिति मेलमिलाप केन्द्र तथा ओरेकमा सहयोगका लागि निवेदन दिएको, वैदेशिक रोजगारीमा जाने महिलाहरूले कम्पनीमा काम गर्न जाँदा घरमा एक प्रति अभिलेख छाडेर जाने गरेका छन् ।

यस अवधिमा संस्थाले मोरङमा गरको घरदैलो कार्यक्रमबाट ७९० घरधुरीमा पुगेर  सूचनाहरू सम्प्रेषण गरेको छ । जसमा महिला १७२६ र पुरुष ७२४ गरि जम्मा २४५० जनाबीच सूचना पुऱ्याउन  सफल भएका  छौं । यसरी सूचना तथा सचेतना गराउने क्रममा घरेलु हिंसाका १४ वटा केस र २ वटा बालिकाको जवरजस्ती करणीको केसमा सहयोग गरेको छ। यसैगरि स्थानीय तहसँग समन्वय गरेर पालिकाबाट प्रदान गरिने सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत १४ जना जेष्ठ नागरिकलाई जेष्ठ नागरिकको कार्ड बनाउन, विपन्न ५ घरधुरीलाई घर छाउनका लागि जस्तापाता सहयोग गर्न सफल भएको छ भने ७ जना सुत्केरी महिलालाई खाद्यान्न सहयोग गरिएको छ ।

### १.२ मानव बेचबिखन तथा सुरक्षित स्थानागमन र लैङ्गिक विभेद सम्बन्धि अभिमुखीकरण तथा समूह छलफल

विभिन्न समूहहरू जस्तै टोल विकास संस्थाहरू, महिला सञ्जाल युवा सञ्जाल , महिला सहकारी तथा महिला बचत समूह, वैदेशिक रोजगारमा गएका कामदारका परिवारमा लैङ्गिक समानता, लैङ्गिक हिंसा, व्यक्तिगत घटना दर्ता, मानव बेचबिखन, हिंसा अन्त्यका लागि भएका नीतिगत तथा कानुनी व्यवस्था (बालविवाह, वहुविवाह, जवरजस्ती करणी, घरेलु हिंसाआदि) कृषि तथा व्यवसायमा सरकारले व्यवस्था गरेका सेवा सुविधाहरू, महिलाको श्रम अधिकारको बारेमा समूह छलफल गर्ने गरिएको छ। स्थानीय समुदायको मागका आधारमा समेत समूह छलफल संचालन गर्ने गरिएको छ। महिलाको गतिशीलताको अधिकारलाई समुदायस्तरदेखि नै सुरक्षित  वनाउन  महिला समूह, कृषक समूह, किशोरी समूहका  सदस्यहरूलाई  सचेत गराइ वैदेशिक रोजगारमा गएकै कारण महिला सदस्यहरूमाथि



हुने हिंसा र वैदेशिक रोजगारले समाजमा पारेको प्रभाव वारे जानकारी गराइएको छ। यसवर्ष यो कार्यक्रम दाङ, कैलाली, मोरङ र सिराहामा गरिएको छ।

महिलाहरूको गतिशीलताकोक्रममा मानव बेचबिखन हुने संम्भावना धेरैभएकाले अव कुनैपनि व्यक्ति समुदायवाट विदेश जान चाहेमा पर्याप्त सूचनाका लागि स्थानीय सरकारले व्यवस्था गर्न पहल गर्ने र ठगीको आशंका भएमा स्थानीय सरकार तथा प्रहरी प्रशासनमा जानकारी गराउने । प्रत्येक वडामा विदेश जान चाहने  महिला तथा युवाहरूलाई वारम्वार भेटघाट गरि वैदेशिक रोजगार सम्वन्धी जानकारी दिने। वैदेशिक रोजगार सम्बन्धी जनचेतनाको लागि पत्रपत्रिका र रेडियोबाट चेतनामूलक सामग्री उत्पादन र प्रकासन प्रसारण गर्न  सबै सरोकारवालाहरूले ध्यान दिन जरुरी रहेको  सुझाव तथा निष्कर्ष रहेको थियो । मोरङका विभिन्न पालिकाका समुदायमा गरिएका.छलफलपछि सहभागीहरूले कृषि शाखामा योजना पेश गरेका छन्, वडा कार्यालयमा महिला शसक्तिकरण कार्यक्रमका लागि प्रस्ताव पेश गरि बजेट पाएर कार्यक्रम गर्न सफल भएका छन् । यसैगरि व्यक्तिगत घटना दर्ता तथा अपाङ्गता परिचय पत्र बनाउन सहयोग पुगेको छ । श्रम तथा कार्यस्थलमा हुने यौन दूर्व्यव्यहार सम्बन्धि गरिएको छलफलमा दिइएको सूचनाले नागरिकहरू सचेत भएका छन् ।  कतारमा कम्पनीले काम नदिइ यौन दूर्व्यवहार गरेको घटनामा श्रम तथा रोजगार कार्यालय, मोरङ र कतारस्थित नेपाली राजदुतावाससँग सहकार्य गरेर दूर्व्यवहारमा परेकी महिलालाई सकुशल नेपाल फिर्ता ल्याइएको छ भने एजेण्टबाट क्षतिपूर्ति समेत उपलब्ध गराउन सफल भएको छ। यो एक वर्षमा मोरङमा ५ वटा समूह छलफल भएको छ जसमा महिला २२३३ र पुरुष ४३९ गरि जम्मा २६७२ जना सहभागी भएका छन् ।

### १.३ समानता र श्रमको बारेमा १ दिने अभिमुखीकरण :



वडा कार्यालयको योजना छनौटमा प्रत्यक्ष रुपमा भूमिका खेल्ने टोलविकास समिति, महिला समूह, युवा समूह, महिला स्वास्थ्य स्वयमसेविका तथा जनप्रतिनिधिहरूको उपस्थितिमा समानता र महिलाको श्रम  विषयक १ दिने अभिमुखीकरण कार्यक्रम कार्यक्षेत्रका समुदायमा गर्ने गरिन्छ। यस कार्यक्रममा लैङ्गिक समानता , महिलाको श्रम, मर्यादित काम र  महिलाको पक्षमा  संविधानमा  भएका प्रावधान, स्थानीय तहले महिलाको अधिकारको कार्यान्वयनका सवालमा गर्नुपर्ने कामहरूको बारेमा अभिमुखीकरण गरिन्छ। यस अभिमुखीकरण कार्यक्रम विशेष गरेर वडाका टोल टोलमा संचालन हुने भएकाले वडा तहका कार्यक्रममा समावेश नहुनेहरूको समेत सहभागिता भएको हुन्छ। अभिमुखीकरण कार्यक्रम विशेष गरि निम्न बुँदाहरूमा केन्द्रित हुन्छ  ।

- लैङ्गिक समानता र महिला अधिकार
- महिलाको काम र यसलाई प्रभाव पार्ने तत्वहरू
- महिलाको गतिशीलता र मूल्य मान्यता
- महिलाको कामको निम्ति गतिशीलताको अधिकार (नेपालको संविधानमा भएको महिलाको अधिकार )
- महिलाका लागि रोजगारी र जीविकोपार्जनका अवसरहरू
- देश भित्र र  बाहिर महिलालाई रोजगारीमा भएका चूनौतीहरू
- यस वाहेक समसामयिक र सहभागीहरूको प्रत्यक्षरुपमा सरोकार राख्ने विषयहरूमा समेत छलफल गरिन्छ।

मोरङका विभिन्न पालिकाहरूमा विविध विषयमा संचालन भएको एक दिने अभिमुखीकरण कार्यक्रममा दिइएको जानकारीपछि न्यायिक समितिमा श्रमको ज्याला नपाएको घटनाको उजुरी भएको छ । टोल विकास समितिमा सदस्यको रुपमा जिम्मेवारी लिएको, विवाहदर्ता गराएको, अंशबण्डा, घरेलुहिंसाका घटनाहरू न्यायिक समितिमा उजुरी भएका छन् भने वैदेशिक रोजगारीमा जाने महिलाले घरमा एकप्रति अभिलेख छाडी परिवार र सामुदायिककार्यकर्तासँग नियमित सम्पर्कमा रहने गरेका छन् ।

**केही महत्वपूर्ण सम्पर्क नम्बरहरु**

- सबै जिल्लाको जिल्ला प्रहरी कार्यालय – १००
- सबै जिल्लाको जिल्ला ट्राफिक प्रहरी कार्यालय – १०३
- सबै जिल्लाको जिल्ला प्रहरी कार्यालय,  (महिला तथा बाल बालिका सेवा केन्द्र) – १०४
- राष्ट्रिय महिला आयोगको टोल फ्रि टेलिफोन (ब्यालेन्स नकाट्ने) – ११४५ (महिलालाई अप्ठ्यारो पर्दा, हिंसा हुँदा सहयोग र सम्न्वयकालागि सम्पर्क गर्ने नि:शुल्क फोन)
- बाल हेल्पलाइन (ब्यालेन्स नकाट्ने)  – १०९८ (बालबालिकालाई अप्ठ्यारो पर्दा, हिंसा हुँदा सम्पर्क गर्ने नि:शुल्क फोन)
- ओरेक नेपालको हटलाइन टेलिफोन (ब्यालेन्स नकाट्ने) – १६६० २१ ५२००० विराटनगर, १६६० ०१ ७८९१० काठमाण्डौ. (NTC बाट पैसा नलाग्ने फोन तर Ncell बाट फोन नै लाग्दैन।)
- हिंसा प्रभावित पीडितको निशुल्क उपचार सेवाका लागि कोशी अस्पताल, विराटनगर (OCMC) को सम्पर्क नं.९८५२०४४६६०
- माईती नेपाल (ब्यालेन्स नकाट्ने)१६६० ०१ ९९९९९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हटलाइन १०७, टोल फ्रि सम्पर्क नं. (ब्यालेन्स नकाट्ने) १६६० ०१ २२२३३
- आफन्त नेपाल, रानी, विराटनगर ९८११०००९८३ (सूचना तथा जानकारीका लागि)
- वैदेशिक रोजगार प्रर्वद्धन बोर्डको हट लाइन नं. १६६० ०१ ५०००५
- वैदेशिक रोजगार विभागको हट लाईन नं. १६६० ०१०९९९९
- वैदेशिक रोजगारीको क्रममा ठगीमा परेमा जिल्ला प्रहरी कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा समेत उजुरी दिन सकिन्छ।

यो १ वर्षको अवधिमा जम्मा ६६ वटा कार्यक्रम संचालन गरिएको छ जसमा १७५३ महिला तथा १३६ पुरुष गरि जम्मा १९०० जना सहभागी भएका छन् ।

### १.४ महिलाको गतिशीलता, स्थानीय तहको सेवा सुविधामा पहुँच सम्बन्धि २ दिने अभिमुखीकरण :

वैदेशिक रोजगारीमा जाने सम्भावित महिलाहरूको पहिचान गरेर २५ जना महिलाको  सहभागितामा महिलाको गतिशीलता, समानता, कानुनी व्यवस्था, सुरक्षित वैदेशिक रोजगार, वैदेशिक रोजगारमा जाँदा लाग्ने खर्चको लेखाजोखा

र स्थानीयस्तरमा भएको सेवा सुविधाहरूमा पहुँच सम्बन्धि २ दिने अभिमुखीकरण कार्यक्रमको आयोजना गरिन्छ । खासगरि महिला श्रमिकहरूको हकमा एकदम थोरैमात्रामा नेपाल सरकारबाट मान्यता प्राप्त वैदेशिक रोजगार व्यवसायीहरूबाट गएको पाइन्छ । अधिकांश महिला कामदारहरू घरेलु कामदारको रुपमा जानुपर्ने वाध्यतात्मक अवस्था भएको र नेपालबाट जान प्रतिवन्ध लगाइएका कारण भारतलगायतका तेश्रो मुलुकबाट वैदेशिक रोजगारीमा जानुपर्ने वाध्यता रहेको देखिन्छ । यस २ दिने अभिमुखीकरण कार्यक्रममा वैदेशिक रोजगारीमा गई फर्किएकाहरूको अनुभव आदानप्रदान पनि गराईन्छ । नेपालको विमानस्थल वा अन्य राष्ट्रबाट गन्तव्य मुलुकमा श्रमका लागि गएपनि सो मुलुकको भाषा, संस्कृति, कानून आदिको वारेमा जानकारी गराईने भएकाले वैदेशिक रोजगारीमा जाने संभावित महिलाहरूलाई व्यावहारिक ज्ञानको समेत जानकारी हुन सहयोग पुगेको छ । साथै पहिले विदेश जादा लुकिछिपी जाने गरेपनि अहिले भने आफू विदेश जान लागेको सार्वजनिक रुपमा भन्नेहरू बढेका छन् । यसले गर्दा महिला पनि बाहिर गएर काम गर्न सक्छन् भन्ने कुराको बारेमा सबैलाई जानकारी हुन थालेको छ ।

यो वर्ष १६ वटा दुई दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ । जसमा ६०८ महिला तथा १९ जना पुरुष गरि जम्मा ६२७ जना सहभागी भएका छन् ।

### १.५ विद्यालय शिक्षा

विभिन्न सामुदायिक विद्यालयहरूमा कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीलाई विद्यालयको खाली समयको सदुपयोग गरि सामाजिक कार्यकर्ता मार्फत ४५ मिनेटसम्म कम उमेरमा हुने विवाह, लागु पर्दाथ दुर्व्यसन, लैङ्गिक समानता , लैङ्गिक हिंसा, मानव बेचबिखन, दिगो विकासका लक्ष्यहरू, आत्महत्या, बाल यौन दुर्व्यवहारको वारेमा शिक्षा कार्यक्रम संचालन गर्ने गरिन्छ । छलफलका क्रममा विद्यार्थीसँग माथि उल्लेखित विषयहरूमा विद्यार्थीले आफूले भोगेको वा देखेको समस्याको पहिचान गर्ने (उनीहरूले भनेको समस्याको बारे कुरा गर्ने), यो कुन उमेर, कक्षा, लिङ्ग, समुदायका विद्यार्थीले भोग्नु परेको छ र किन ? यसले के कस्तो प्रभाव/असरहरू पार्दछ भन्ने वारेमा छलफल गरि विद्यार्थीकै सहभागितामा समस्या समाधानका उपायहरू खोजिन्छ ।

विद्यालय शिक्षामा स्थानीय तहमा बालबालिकाको बजेट रहने बारेमा कक्षा संचालनपछि लेटाङ्ग न.पा ५ का शिक्षा विकास मा.वि.का बालक्लवले वडामा ५ हजार र पालिकामा १५ हजार रुपैयाँ बजेट माग गरि बालविवाह तथा लागुऔषध सम्बन्धि सडक नाटक प्रदर्शन गरेका छन् । विद्यालय शिक्षापछि विद्यालयहरूमा बालिकाहरूले यौनिकताका बारेमा साथीहरूसँग खुलेर आफ्ना कुराहरू राख्ने तथा विद्यालयमा महिनावारी हुँदा नलजाई आफैं प्याड माग्न थालेका छन् । यस किसिमको विद्यालय शिक्षा कार्यक्रमबाट प्रभावित भएर ओरेकसँग विद्यालय शिक्षाको अवधारणापत्रमा सहकार्य गरि कानेपोखरी गा.पाले 'छात्रासँग उपाध्यक्ष' कार्यक्रम संचालन गर्न थालेको छ ।

यो वर्ष ३४ वटा विद्यालय शिक्षा संचालन गरिएको छ । जसमा ५६५ छात्रा र ४८२ छात्र गरेर जम्मा १०४७ विद्यार्थी सहभागी भएका छन् ।

### १.६. वैदेशिक रोजगार सम्बन्धि सूचना केन्द्र संचालन (जिल्ला प्रशासन कार्यालय, सुन्दरहरैचा न.पा र कानेपोखरी गा.पा.)

जिल्ला प्रशासन कार्यालय, मोरङमा ओरेक , साना हातहरू र सामी परियोजनाले संयुक्त रुपमा आप्रवासन सूचना केन्द्र संचालन गरिरहेको छ । कोरोना भाइरस महामारीको कारण देश नै लकडाउन भएका कारण जिल्ला प्रशासन कार्यालय लगभग ३ महिना बन्द भएर सेवा प्रदान गर्न सक्ने अवस्था रहेन । यद्यपी बन्दाबन्दीको अवस्था केही सहज भएपछि सेवा नियमित गरिएको छ । यस अवधिमा ५५९ पुरुष ८८१ गरि जम्मा १४४० लाई सुरक्षित वैदेशिक रोजगारीका वारेमा जानकारी गराईएको छ । सूचना केन्द्रमा सेवा लिन आउने सेवाग्राहीहरूलाई सूचना केन्द्रबाट वैदेशिक रोजगारीलाई सुरक्षित गर्न दर्ता भएको वैदेशिक रोजगार कम्पनी तथा एजेन्टबाट जाने , पैसा दिँदा भरपाई गरेर दिने , गन्तब्य मुलुकको कानुन , भाषा संस्कृति र गन्तब्य मुलुकको दुतावासको सर्म्पक नम्वरहरूको बारेमा जानकारी लिएर जाने , सीप सिकेर जाने र नेपालको विमानस्थल प्रयोग गर्ने जस्ता सूचनाहरू प्रदान गरिन्छ । साथै सूचना केन्द्रबाट सूचना लिएर गएका सेवाग्राहीहरूलाई वैदेशिक रोजगारमा गए नगएको फलोअप पनि गरिन्छ ।वैदेशिक रोजगारीमा जाने क्रममा ठगीमा परेकाको केसमा सूचना

केन्द्रमा छलफल गराईन्छ। यदि सूचना केन्द्रमा सहमति नभए न्यायका लागि कानुनी प्रक्रियामा जान सम्बन्धित निकायमा सिफारिस गरिन्छ। यस प्रतिवेदनको अवधिमा १० जना पुरुषलाई वैदेशिक रोजगारीको ठगीको केसमा सहयोग गरिएको छ। जसमा ३ जना पुरुषको पैसा फिर्ता गराउन सफल भएको छ साथै एउटा केसलाई एल्ऋाऋ काठमान्डौमा सिफारिस गरिएको छ, अरु केस न्यायिक प्रक्रियामा र छन्।

### १.७ वैदेशिक रोजगारीबाट फर्किएका महिलाहरूको सञ्जाल (RMW) सुदृढीकरण

वैदेशिक रोजगारबाट फर्किएका महिलाहरू संगठित भई आफ्ना अधिकारका बारेमा स्थानीय तहमा आफै पैरवी गर्न सक्ने क्षमताको विकासमा सहयोग गर्ने उद्देश्यले यस सञ्जालको निर्माण गरिएको हो । यस्ता सञ्जाल मोरङ, उदयपुर, दाङ र कैलालीमा रहेका छन्। यसवर्ष उर्लाबारी नगरपालिका वडा नं ४ मा वडास्तरीय, कानेपोखरी र केराबारी गाँउपालिकामा पालिकास्तरीय र सुन्दरहरैचा, उर्लाबारी र लेटाङ्ग नगरपालिकामा नगरस्तरीय RMW सन्जाल गठन गरि विभिन्न सवालहरूमा अभिमुखीकरण तथा छलफल गर्न सुरु गरिएको छ । यस किसिमको गतिविधिले उनीहरूको सशक्तिकरणमा सहयोग पुगेको छ।

RMW सञ्जालका सदस्यहरू पालिकाका महिला फेडरेसन, टोल विकास संस्था तथा सामुदायिक बन जस्ता समूह तथा सञ्जालमा निर्णायक पदमा बसेर सामाजिक कार्यहरूमा नेतृत्व गरिरहेका छन्। सञ्जालले विपन्न तथा व्यवसाय गर्न इच्छुक सदस्यलाई पालिकासँग समन्वय गरि सीप तथा व्यवसायका लागि सहयोग गरेको छ।

दाङ र कैलालीमा रहेका सञ्जालले कोभिड १९ मा वैदेशिक रोजगारवाट फर्केका महिलाहरूको अवस्था वारे जानकारीका लागि तथ्याङ्क संकलन गरेको थियो। यस अवधिमा १३ जनाको तथ्याङ्कसंकलन भएको छ।

कोभिड १९ को संक्रमणलाई न्यून गर्नका लागि विश्वका विभिन्न ठाँउमा लकडाउन (बन्दाबन्दी)गरिएको छ, यसले गर्दा वैदेशिक रोजगारीमा जाने व्यक्तिहरू मर्कामा परेका छन्, कतिपयले काम नपाएको, खासगरी गर्भवती महिलाहरूले नियमित चेक जाँचका सेवाहरू नपाएको, तलव नपाएको, आम्दानी भन्दा खर्च बढी भई घाटामा रहेको, ऋणमा डुबेको, मृत्यु भएको, विभिन्न रोगहरूको संक्रमण समेत भएको अवस्था छ। धेरै संख्यामा विदेशमा अलपत्र परेर फर्किन बाध्य हुनु परेको छ। क्वारेन्टिनमा बसेका महिलाहरूले अप्ठ्यारो अवस्था भोग्नु परेको साथै विभिन्न प्रकारको दुर्व्यवहार पनि भोग्नु परेको अवस्थालाई स्थानीय सरकार समक्ष ध्यानाकर्षण गराउन सञ्जालसँग अन्तरकृयात्मक छलफल गरि मोरङ., उदयपुर र दाङका विभिन्न पालिकाका प्रमुखलाई सञ्जालद्वारा ध्यानाकर्षण पत्र बुझाईएको छ।

ध्यानाकर्षण पत्र पालिकालाई बुझाएपश्चात सुन्दरहरैचा न.पा ले RMW हरूको जिवीकोपार्जन कार्यक्रमका लागि १ लाख रुपैयाँबजेट विनियोज गरेको छ। साथै कानेपोखरी गा.पा वडा न : २ को वडा कार्यालयबाट वैदेशिक रोजगारीबाट फर्किएका २ जनालाई उन्नत जातको सुंगुर सहयोग गरेको छ।

## २. पैरवी

### २.१ महिलावादी मञ्च

कानेपोखरी गा.पा र कानेपोखरी महिला सञ्जाल र ओरेक नेपालको संयुक्त आयोजनामा पालिकामा “कानेपोखरी गाउँपालिकास्तरीय महिला मञ्च” कार्यक्रमको आयोजना गरिएको थियो। महिलाको अवस्था र महिलाको कामको सम्मानमा गाउँपालिकाको भूमिकालाई उजागर गर्न सहजीकरण गर्ने उद्देश्यले कानेपोखरी गाउँपालिकाको वडा नं २ मा २०७६ फागुनको २१ र २२ मा दुई दिने महिला मञ्च कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा स्थानीय जनप्रतिनिधि महिलाहरू, अधिकारकर्मीहरू, समुदायका महिलाहरू, संघसंस्था तथा RMW का सदस्यहरू गरी १०० जनाको उपस्थिति रहेको थियो।

दुईदिने महिला मन्च कार्यक्रममा निम्न अनुसारका विषयवस्तुहरूमा छलफल तथा सहजीकरण भएको थियो।





| क.सं. | विषयवस्तुहरू |
|---|---|
| १ | लैङ्गिक विभेदमा आधारित हिंसा |
| २ | घरेलु हिंसा र महिला |
| ३ | पछाडी पारिएका विभिन्न जातीका महिलाहरू (दलित सहितअन्य अल्पसंख्यक) र यौनिक अल्पसंख्यक) का सवाल |
| ४ | महिलाको गतिशीलता र मर्यादित श्रम (महिलाको सेवामूलक काम, मान्यता र पहिचान) |
| ५ | महिलाविरुद्ध हुने विभेदका घटना र अभ्यास गरिएका विभिन्न कानुनी उपचार र प्रक्रिया (मेलमिलाप केन्द्र, न्यायिक समितिसहित अदालत) |
| ६ | अपाङ्गता भएका महिलाहरूको अवस्था |

कार्यक्रममा पहिलो दिन प्रस्तुत विषयवस्तुमा बुझाई तथा धारणागत स्पष्टता र सवालहरू कस्तो रहेको छ भन्ने विषयमा ६ वटा समूह बनाई समूहकार्य गराएको थियो । समूहकार्यबाट आएकाकुरालाई ग्यालरी वाक गरेर प्रस्तुत गरिएको थियो । कार्यक्रमको दोस्रो दिन समूहकार्यबाट आएका सवालहरूमा सम्वोधन गर्ने निकायहरू कहाँ कहाँ छन् ? स्थानीय निकाय तथा संघसंस्थाको भूमिका के के हुन्छ ? भन्ने बारेमा समूह कार्य गरि प्रस्तुत गरिएको थियो । अन्तिममा सबै जातजाती, वर्ग, समुदाय, लिङ्ग र अपाङ्गता भएका महिलाहरूको समान र अर्थपूर्ण सहभागिताका साथै प्रतिफल प्राप्तिका निम्ति यी सबै कुराहरूलाई सम्बोधन गर्न पालिकाले के के गर्न सक्छ भन्ने विषयमा प्रतिबद्धता पत्र सार्वजानिक गरिएको थियो । यस कार्यक्रमको प्रभावकारिताले अन्य पालिकाहरू सुन्दरहरैचा नगरपालिका, केराबारी गाँउपालिका र लेटाङ्ग नगरपालिकाले वजेट विनियोजन गरि महिलावादी मन्च कार्यक्रम आयोजना गर्न सहकार्यका लागि तयारी भएको थियो । कोरोना भाईरसको संभावित संक्रमणका कारण हाललाई उक्त सबै कार्यक्रमहरू अवस्था सामान्य भएपछि गर्ने गरि स्थगित गरिएको छ ।

### २.२ जोखिममा परेका महिलाहरूलाई जीविकोपार्जन सहयोगका लागि स्थानीय जनप्रतिनिधि, महिला समूह, किशोरी समूहलाई अभिमुखीकरण कार्यक्रम :

मोरङ जिल्लाको उर्लाबारी, लेटाङ्ग, केराबारी, कानेपोखरी र सुन्दरहरैचा गरि ५ वटा कार्यक्षेत्रको स्थानीय तहकाहरूमा जोखिममा परेका महिलाहरूलाई जीविकोपार्जन सहयोगको लागि स्थानीय जनप्रतिनिधिहरू, महिला समूह र किशोरी समूहलाई ५ वटा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । यस कार्यक्रम विशेष गरि जोखिममा परेका महिलाहरूको पहिचान गरि ओरेकको सहकार्यमा महिलाहरूलाई सहयोग गर्ने प्रतिवद्धता जनप्रतिनिधिबाट गरिएको थियो । कार्यक्रममा ८३ महिला र ७७ जना पुरुष गरि १६० जना सहभागी थिए ।

### २.३ निष्पक्ष श्रमिक भर्ना प्रक्रिया सम्बन्धि अन्तरक्रिया :

ओरेकको मोरङका विभिन्न कार्यक्षेत्रहरूमा रहेको रोजगार दर्ता, एजेन्ट र मेनपवार कम्पनीसँग निष्पक्ष श्रमिक भर्ना प्रक्रिया सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । यस कार्यक्रममा अनौपचारिक रुपमा नियुक्ति नदिईकन कामदार राख्ने रोजगारदाताहरू सहभागी भएका थिए । कार्यक्रममा अहिले आएको नयाँ श्रमऐनक बारेमा र सामाजिक सुरक्षा कार्यक्रमको बारेमा रोजगारदाताले जानकारी पाएका थिए । कार्यक्रममा सहभागीहरूले आफ्नै देशमा र आफ्नै ठाउँमा रोजगार सिर्जना गर्न, नभए घरेलु कामदार मै भएपनि खाडी मुलुक जान नरोक्न माग गरेको थिए ।। यसैगरी दाङमा पनि शुन्य लागत तथा सुरक्षित स्थानागमन र अधिकार सम्वन्धी छलफल गरिएको थियो । कार्यक्रममा मोरङ र दाङमा महिला ५७ र पुरुष ३२ गरेर जम्मा ११९ जना उपस्थित थिए ।

### २.४. महिलाको घरेलु श्रमको पहिचान सम्बन्धि छलफल कार्यक्रम

यस वर्ष ३ वटा न.पा तथा २ वटा गा.पा मा महिलाको काम (घरेलु श्रम) को पहिचान सम्बन्धि छलफल कार्यक्रम सम्पन्न गरिएको छ । यस कार्यक्रम विशेष गरि महिलाको घरेलु श्रमलाई मुल्याङ्कन र मर्यादित कामको रुपमा लिनुपर्छ भन्ने कुराको पैरवी गरिएको थियो । स्थानीय तहले संघीय सरकारलाई घरेलु श्रम सम्बन्धि महासन्धि क्षिइ ज्ञङढ



को अनुमोदन गर्नुपर्ने विषयमा पनि छलफल गरिएको थियो। कार्यक्रममा वैदेशिक रोजगारमा जाने महिला घरेलु कामदारको मात्र होइन स्थानीय घरेलु कामदार र उनीहरूको कामलाई मर्यादित कामको रुपमा लिनुपर्ने विषयमा स्थानीय सरोकारवालाहरूमा छलफल गरिएको थियो। अनौपचारिक श्रम क्षेत्रको महत्वपूर्ण हिस्सा ओगट्न सफल श्रमिकहरूलाई पहिचान दिने, अधिकार दिने, बाध्यकारी श्रमको अन्त्यका लागि घरेलु श्रम सम्बन्धि महासन्धि ILO 189 को अनुमोदनगर्न अपरिहार्य भएको कुरामा सहभागीले जोड दिएका थिए। । महिलाहरूले घरमा गर्ने काम पनि उत्पादनमूलक हो भन्ने धारणाको विकास गर्न यस कार्यक्रमले सहयोग गरेको छ। यस सम्बन्धि ९ वटा कार्यक्रम वडाका जनप्रतिनिधिहरू, महिला सञ्जाल र टोलविकास संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न गरिएको छ । जसमा २२० महिला र ७८ जना पुरुष गरि २९८ जना सहभागी भएका थिए।

**२.५. श्रम ऐन २०७४ को बारेमा अन्तरक्रिया :**

विभिन्न रोजगारदाता, कारखानाका मालिक, होटेल व्यवसायी संघ, र अन्य रोजगार दाताहरू (ठेकेदार, ग्रील पसल, टायल तथा व्लक कारखानाका मालिक), हरूसँग श्रम ऐन २०७४ तथा सामाजिक सुरक्षा कोषको बारेमा अन्तरक्रिया कार्यक्रम मोरङ र दाङमा सम्पन्न भएको छ। कार्यक्रम श्रम ऐन २०७४ ले श्रमिकको पक्षमा गरेको व्यवस्था, स्थानीय तहमा रोजगारीको अवस्था र सामाजिक सुरक्षा कोषको बारेमा जानकारी गराइएको थियो। छलफलका क्रममा कार्यक्षेत्रका रोजगारदाताहरूले श्रमिकको सम्झौता पत्र नवनाएको साथै यस्ता श्रम क्षेत्रसँग सम्वन्धित श्रमिकहरू संगठित समेत भएको पाईएन। मोरङमा भएको कार्यक्रममा ८ महिला तथा १९ पुरुष गरि जम्मा २७ जना सहभागी भएका थिए।

त्यस्तै, दाङमा ओरेक र सामुदायिक संस्थाको आयोजना तुलसीपुर उपमहानगरपालिका र दङ्गीशरण गाउँपालिकाका महिला समूह, युवा, कृषक र किशोर किशोरीहरूलाई श्रम ऐन २०७४ मा गरिएको व्यवस्था सम्वन्धी जानकारी गराउन एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ जसमा १९२ जना को उपस्थिति रहेको थियो।

**छलफलमा आएका महत्वपूर्ण कुराहरू:**

- श्रम ऐनको वारेमा जानकारी नभएका कारणले श्रम गर्दा जति ज्याला दिएपनि चुप लागेर वस्ने गरेको।
- महिला भन्दा पुरुष वलियो हुन्छन्, धेरै काम गर्दछन्, त्यसैले उनीहरूलाई ज्याला धेरै दिनुपर्छ भन्ने मान्यता गाउँघरमा रहेकाले महिला र पुरुषलाई असमान ज्याला दिने गरेको र यसबारेमा कसैले पनि आवाज नउठाएको ।
- श्रमिक महिलाहरूले तलवसहितको सुत्केरी विदा नपाएको।
- महिला कमजोर हुदैनन्। पुरुष सरह काम गरिरहेका हुन्छन् त्यसैले समान कामका लागि समान ज्यालाको व्यवस्था हुनुपर्छ भन्ने सवाल उठाउने प्रतिवद्धता गरेको ।
- श्रम ऐन २०७४ कार्यान्वयनका लागि आफूदेखि लाग्ने र स्थानीय सरकारलाई कानुन कार्यान्वयनका लागि पहल गर्ने प्रतिवद्धता गरेको।

**२.६ सहभागितामूलक ग्रामीण लेखाजोखा (PRA)**

यो कार्यक्रमको सुरुमा वडाअध्यक्ष र अन्य वडाका जनप्रतिनिधिसँग (Key Information Interview)अर्न्तवार्ता लिइएको थियो। दोस्रो चरणमा वडाको टोल विकास संस्था, महिला सञ्जाल, बाल क्लब, सामुदायिक बन जस्ता संस्थाहरूका प्रतिनिधिहरूलाई सहभागी गराई वडाको सामाजिक नक्साङ्कन गरियो। उक्त वडाको वस्तुस्थिति र लक्षित समूह पत्ता लगाएर छनौट गरिएको टोलमा गएर १६ जना महिलाबीच समूह केन्द्रित छलफल गरिएको थियो। उक्त छलफलमा टोलमा भएका सामाजिक सुरक्षा कार्यक्रम महिलाको काम, सहभगिता, वैदेशिक रोजगारीमा जाने महिलाको बारेमा समुदायको धारणा कस्तो छ भन्ने विषयमा छलफल गरिएको थियो। छलफल गर्दा अझै पनि महिलालाई आफ्नो गाउँघर भन्दा पर वा विदेश गएर काम गर्नुलाई समाजले नराम्रो दृष्टिले नै हेर्ने गरेको पाइएको छ। PRA गरेपछि टोलविकास संस्था गठन नभएको वडा तथा बस्तीमा वडा कार्यालयहरूले टोलविकास संस्थाहरू गठन गरेका छन्। सहभागितामूलक लेखाजोखा कार्यक्रम

सुन्दरहरैचा ३,४,१०, लेटाङ्ग ३, ५, ६, केराबारी ३, ७, ८ उर्लाबारी १, ३, ४ र कानेपोखरी २, ३, ६ गरी १५ वटा वडामा सम्पन्न भएको छ ।

### २.७ वैदेशिक रोजगारबाट फर्किएका महिलाहरूलाई जीविकोपार्जन का लागि बीउ पूँजी सहयोग

वैदेशिक रोजगारबाट फर्किएका महिलालाई जीविकोपार्जन का लागि बीउ पूँजी सहयोग कार्यक्रम अर्न्तगत उर्लाबारी न.पा ३, केराबारी गा.पा ३, लेटाङ्ग न.पा ३ र सुन्दरहरैचा न.पा २ जम्मा ११ जना RMW महिलाहरूलाई पालिकाका उप्रमुख, वडा अध्यक्ष, वडा सदस्य, महिला फेडेरेसन, टोल विकास संस्थाहरूको रोहवरमा बीउ पूँजी हस्तान्तरण गरिएको छ ।

## ३. विभिन्न समन्वय बैठक

गा.पा तथा न.पामा यस अवधिमा विभिन्न कार्यक्रमको आयोजनाका लागि समन्वय वैठकहरू गरिएको छ। जस्तैः वडा कार्यालय र वडा अध्यक्षसँग सामाजिक सुरक्षा कार्ड बनाउन सहयोग गर्न, न.पा तथा गा.पा का प्रमुख तथा उपप्रमुख, कार्यकारी अधिकृतसँग महिला मञ्च कार्यक्रमको लागि समन्वय गरिएको, एक दिने अभिमुखीकरण तथा २ दिने अभिमुखीकरण कार्यक्रम आयोजना गर्न आवश्यक हलका लागि स्थानीय सामुदायिक वन समितिहरूसँग सहकार्य गरिएको छ। निरन्तर सहकार्य र समन्वयका कारण लेटाङ न.पाले महिला मञ्चका लागि दुई लाख रुपैयाँ र ओरेकसँगको साझेदारीमा कार्यक्रम गर्ने भनेर आगामी आर्थिक वर्ष २०७७/७८को नीति तथा कार्यक्रममा बजेट विनियोज गरिएको छ। यस्तै आ.व.२०७७/७८ मा लैङ्गिक समानताको सवालमा विभिन्न कार्यक्रम संचालन गर्न साझेदारीको लागि सुन्दरहरैचा नगरपालिकार कानेपोखरी गाँउपालिकाले ५/५ लाख रुपैयाँविनियोजन गरिसकेका छन् ।

आर्थिक वर्ष २०७७/७८ को नीति कार्यक्रम तथा बजेटमा छुटाइएका समुदायको सुझाव र सवालसहित प्रदेश नं. १ का १४ वटा जिल्लाका महिला अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाका प्रतिनिधिहरूलेछलफल कार्यक्रम गरे । उक्त कार्यक्रममा आर्थिक मामिला मन्त्री इन्द्र आङ्बो र सामाजिक विकास राज्य मन्त्री जसमाया गजमेरको समेत सहभागिता थियो । उक्त अन्तरक्रिया कार्यक्रममा आएका सुझावलाई समेटेर तयार गरिएको २३ बुँदे ध्यानाकर्षणपत्र प्रदेश न १ को सामाजिक विकास मन्त्री जीवन घिमिरेलाई बुझाइएको छ। केराबारी गा.पाले यो आर्थिक वर्ष २०७७/७८मा सुरक्षा आवासको लागि ५० हजार र महिला मंचको लागि ३६ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ। साथै सुन्दरहरैचा न.पा र लेटाङ्ग न.पाले ओरेकको कार्यक्रम संचालनका लागि १००/१०० थान मास्क र सेनिटाइजर प्रदान गरेको छ। यो एक वर्षको अवधिमा पालिका तथा वडा तहमा गरि १०९ वटा समन्वय बैठक गरिएको छ जसमा ३७७ महिला तथा ३७७ जना पुरुष गरि ७५४ जनाको प्रत्यक्ष सहभागिता रहेको थियो ।

### ३.१. स्थानीय तह तथा सरोकारवाला निकायसँग सीपमूलक तालिम , सामाजिक मुद्दामा समन्वयः

न.पा तथा गा.पा , न्यायिक समिति, श्रम कार्यालय, वडा कार्यालय, समुदायिक बन, स्थानीय संघसंस्थासँग समन्वय गरेर समुदायका महिला तथा RMW हरूको सामाजिक मुद्दाहरूमा कानुनी सहयोग र सीपमूलक तालिमका लागि निरन्तर समन्वय र सहकार्य गरिएको छ। योसँगै महिला हिंसाका केसहरूमा सहजीकरण मनोविमर्श सेवा, परामर्श सेवा तथा कानुनी सहयोग पनि गरिएको छ। यसैगरी पालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रममा ओरेकले समुदायका महिलालाई रोजगार दिलाउन सफल भएको छ। महिलाहरूलाई गा.पा, न.पा तथा स्थानीय संघसंस्थाहरूमा सीपमूलक तालिमका लागि सिफारिस गरी दक्षता अभिवृद्धि तथा आत्मनिर्भर र सशक्तिकरणमा सहयोग गरिएको छ ।

### ३.२ कोभिड १९ का कारण उत्पन्न विषम परिस्थितिमा संचालन गरिएका विभिन्न कार्यक्रमको विवरणः

- कार्यक्षेत्रका गा.पा तथा मा वडाहरूमा RMW का सदस्यहरू र टोल विकास समितिलाई दैनिक ज्यालादारी श्रमिकमा सूचिकृत हुन सूचना दिएको। दैनिक ज्यालादारीमा काम गर्ने ५५ जना श्रमिकलाई वडा कार्यालयमा सूचिकृत गर्नका लागि सिफारिस गरेको ।

- कानेपोखरी गाउँपालिकामा पालिकास्तरीय विपद व्यवस्थापन समिति र केराबारी गा.पाको वडा नं. ३ को कोरोनाको विपद व्यवस्थापन समितिको सदस्यमा ओरेकको

सामाजिक कार्यकर्तालाई मनोनयन गरिएको छ ।

- कोभिड १९ का कारण उत्पन्न संकटको समयमा मन्त्रिपरिषदबाट भएको निर्णय अनुसार खाद्यान्नमा १० प्रतिशत छुटको बारेमा कार्यक्षेत्रको गा.पा तथा न.पाका वडाहरूमा जानकारी प्रदान गरिएको छ ।
- कोभिड १९ का कारण लकडाउन भई वैदेशिक रोजगारीमा जान नपाएकाहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुनका लागि प्रचार प्रसार गर्न च्द्द सदस्य तथा टोलविकासमा जानकारी गराएको र लकडाउनको समयमा भारतसहित अन्य देशबाट फर्किएकाहरूको पहिचान तथा नामवली तयार गर्न गा.पालाई सहयोग गरिएको छ। सुकुम्वासी बस्तीमा गएर महामारी र मास्कको प्रयोगको बारेमा सचेतना गरिएको छ। ।
- कार्यक्षेत्रका गा.पा तथा न.पा र वडा कार्यालयहरूसँग समन्वयमा राहत संकलन, सरसफाइ सुरक्षा सामग्री वितरण, सूचना प्रवाह, आपत्कालिन फोन नम्बरहरूको बारेमा जानकारी दिइएको थियो ।
- ऊर्लाबारी न.पामा RMW हरू तथा महिला फेडेरेसनका सदस्यहरूले मास्क बनाइ वजार मूल्य भन्दा कममा बिक्री वितरण गरिरहेका छन् ।

## ४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस

### ४.१ अन्तर्राष्ट्रिय अप्रवासी कामदार दिवस २०१९

आप्रवासी कामदार दिवसको अवसरमा आप्रवासी कामदार हरूको अवस्था र चूनौतीमा सरोकारवालाहरूको भूमिका विषयमा अन्तरक्रिया कार्यक्रम

मिति २०७६/८/३० गतेका दिन ओरेक दाङ र तुलसीपुर उपमहानगरपालिकाको नमुना युवा सांसदको संयुक्त आयोजनामा आप्रवासी कामदार दिवस २०१९ मनाइएको छ । सीप र रोजगार : आर्थिक समृद्धिको आधार भन्ने मूल नारासहित आप्रवासी कामदारहरूको अवस्था र चूनौतीमा सरोकारवालालाई जिम्मेवार वोध गराउने उद्देश्यले कार्यक्रम गरिएको हो । कार्यक्रममा तुलसीपुर उपमहानगरपालीकाका मेयर, स्वाथ्य महाशाखा, महिला तथा वालवालिका कार्यालय प्रमुख, इलाका प्रहरी कार्यलये प्रमुखलगायत सरकारी तथा गैरसरकारी संघ संस्था र तुलसीपुर उपमहानगरपालिकाको १९ वटा वडा र शान्तिनगर गाउँपालिकावाट आप्रवासी कामदारहरू उनीहरूका श्रीमतीहरूको उपस्थिति थियो । । कार्यक्रममा आइ. एलो ओ महासन्धिसम्बन्धि जानकारी दिइएको थियो । कार्यक्रममा वैदेशिक रोजगारीका कारण मानसिक, शारीरिक सामाजिक लगायतका समस्याहरू दिनप्रतिदिन बढिरहेको र यसले गम्भीर सामाजिक समस्या उत्पन्न गरेको बताइएको थियो । कार्यक्रमपछि स्थानीय निकायका प्रतिनिधिले आउँदा दिनमा आप्रवासी कामदार हरूको समस्या सम्वोधन हुनेगरी कार्ययोजना वनाउने र कार्यक्रम संचालन गर्ने प्रतिवद्धता जनाएका थिए । कार्यक्रममा महिला ४६ र पुरुष २८ गरी जम्मा ७४ जना को उपस्थिति रहेको थियो । यसैगरी कैलालीको घोडाघोडी नगरपालिकामा अन्तर्राष्ट्रिय आप्रवासन दिवसको अवसरमा वैदेशिक रोजगारवाट फर्केका व्यक्तिहरूले भोगेका समस्या तथा चूनौती विषयक अन्तरकिया कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमका प्रमुख अतिथि घोडाघोडी नगरपालिकाका उपप्रमुख प्रेम कुमारी थापाले महिलाको वैदेशिक यात्रा अन्त्यका लागि नीति निमार्ण र कार्ययोजनासहित अघि बढ्ने बताउनुभयो । उहाँले महिलाहरू वैदेशिक रोजगारमा नजान र जान परे ज्ञान र सीप सिकी र कानुनी प्रक्रिया पुरा गरेर मात्र जान सुझाव दिनुभएको थियो । कार्यक्रममा ४२ जनाको सहभागिता रहेको थियो ।

यसैगरी सिराहा जिल्लामा आप्रवासी कामदारहरूको पारिवारिक समस्या र सामाधानका उपाय विषयक जिल्लास्तरिय अन्तरकृया कार्यक्रम भएको छ। जसमा ११४ जनाको सहभागिता रहेको थियो भने धनगढीमाई नगरपालिका, बिष्णुपुर गाउँपालिकामा यसै विषयमा पालिकास्तरको छलफल कार्यक्रम सम्पन्न भएको थियो ।

### ४.२. १३ औं राष्ट्रिय मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण विरुद्धको दिवसः

दाङको तुलसीपुर उपमहानगरपालिकाको आयोजना र सरकारी तथा गैरसरकारी संस्थाहरूको सहकार्यमा मिति २०७६ भाद्र २० गते मानव बेचबिखनविरुद्धको दिवसमा जनचेतनामूलक कार्यक्रम गरियो । मानव बेचबिखनलाई न्यूनीकरण गर्न तथा मानवबेचबिखनविरुद्धको दिवसको बारेमा जानकारी गराउने उद्देश्यले र्‍याली तथा कोणसभा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रम तुलसीपुर उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेको अध्यक्षतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा इलाका प्रहरी कार्यालयका प्रमुखले उपमहानगरपालिकामा २०७३ देखि हालसम्म १३ जना मानव बेचबिखनमा परेको दावी गर्दै यी मध्ये १२ जना महिला र १ जना वालक रहेको जानकारी गराउनु भएको थियो। तुलसीपुर उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेले मानव बेचबिखन गर्ने व्यक्ति र दलाल हाम्रो घरभित्रै र हाम्रै वरिपरी हुनसक्ने भन्दै उनीहरूवाट वच्न सबैजना सजग र चनाखो रहनुपर्ने बताउनुभयो। मानव बेचबिखन देश बाहिर मात्र नभै देशभित्र तथा स्थानियस्तरमा नै भैरहेको उहाँको भनाइ थियो। बेचबिखन यौनशोषणमात्र नभै श्रमशोषण पनि हो भन्दै कुनै पनि व्यक्तिले मानव बेचबिखन हुन थालेको सुने देखेमा सम्वन्धित निकायमा जानकारी गराउन उहाँको आग्रह थियो। मानव बेचबिखनलाई नियन्त्रण गर्न वडास्तरमा योजना वनाइ हरेक टोल टोलमा सचेतनामूलक कार्यक्रम गर्न उहाँले सुझाव दिनु भयो। उक्त कार्यक्रममा ४५० जनाको उपस्थिति रहेको थियो ।

यसैगरि सिराहाको लहानमा यस दिवसको अवसरमा दलित, सिमान्तकृत समुदायका महिला तथा वालवालिकाहरूको मानव बेचबिखन तथा ठगीको अवस्था विषयक सरोकारवालाहरूसँग अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा बोल्दै सहभागीहरूले भारतसँगको खुल्ला सिमाना, महिलाहरू घरेलु हिंसाका कारण दलालको चपेटामा पर्ने, दलित विपन्नहरूलाई विभिन्न प्रलोभन तथा बाध्यतामा पारी जोखिमपूर्ण काममा लगाउने र बच्चाहरू भागेर हिंड्दा बेचबिखनमा पर्ने गरेको तथ्य औंल्याइएको थियो। यसैगरी यौनिक तथा लैङ्गिक अल्पसंख्यकमाथि हुनेविभेदकारी व्यवहार, यौनकर्मीहरूका लागि कानुनी बन्देजका र वैकल्पिक रोजगारी नहुनुको कारण पनि बेचबिखनमा पर्नुको मुख्य कारण रहेको भनाई सहभागीले राखेका थिए कार्यक्रममा लहान नगरपालिकाका प्रमुखले समस्या समाधानका लागि मानव बेचबिखन तथा ओसार पोसारविरुद्ध सचेतनामूलक कार्यक्रम गर्ने, सीपको आधारमा रोजगारका लाीग पहल गरि मानव बेचबिखनलाई रोकथाम गर्न संघ संस्थाको सहयोगमा निरन्तर रुपमा सहकार्य गर्ने प्रतिबद्धता गर्नुभएको थियो।

४.३. १०९ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा श्रम ऐन २०७४ कार्यान्वयनमा सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम

"लैङ्गिक समानताका लागि समान सोच र व्यवहार: समृद्धिको आधार भन्ने राष्ट्रिय नाराका साथ १०९ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा ओरेक र तुलसीपुर उपमहानगरपालिका वडा नं ११ गौरीगाउँको आर्थिक सहयोग तथा जनचेतना महिला सामुदायिक संस्थाको आयोजनामा श्रम ऐन २०७४ मा गरिएको व्यवस्था र कार्यान्वयनका लागि सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया कार्यकम सम्पन्न भएको थियो । श्रमिकहरूको कामको पहिचान र समान कामको समान ज्याला सुनिश्चिततासहित श्रम ऐन २०७४ कार्यान्वयनका लागि पैरवी गर्ने उद्देश्यका साथ यस कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रममा स्थानीय जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी संघ संस्थाको प्रमुख तथा प्रतिनिधिहरू, विभिन्न वडाका महिला सदस्यहरू, टोल विकास संस्थाका संयोजक, महिला स्वास्थ्य स्वयम्सेविकाहरू र महिला समूहका सदस्यहरूको सहभागिता रहेको थियो। कार्यक्रममा महिला ६० र पुरुष ५ गरि ६५ जनाको उपस्थिति रहेको थियो ।

- कार्यक्रममा श्रम ऐनलाई स्थानीयस्तरमा कार्यान्वयन गराउन स्थानीय तहले सूचना डेस्कको व्यवस्था गर्नुपर्ने साथै यस सम्बन्धि नीति तथा कार्यविधि बनाई लागू गर्नुपर्ने र समान कामको समान ज्यालाका लागि अभियान नै चलाउनु पर्छ भन्ने सुझाव आएको थियो।
- युवाहरूलाई स्वदेशमा रोजगारी सृजना गर्नका लागि वैदेशिक रोजगारमा गएको वा फर्केका युवाहरूको अवस्था, योग्यता, सीप र दक्षता पहिचान गरि स्थानीय तहले तथ्याङ्क संकलन गर्ने र योजना वनाइ काम गर्दा युवाहरू उद्यमशील वन्न सक्ने तर्फ ध्यानाकर्षण गराइएको थियो। साथै आप्रवासी कामदार मार्फत नै वैदेशिक रोजगार सम्वन्धी सचेतनामूलक कार्यक्रम गर्न लगाउँदा प्रभावकारी हुने सहभागीले बताएका थिए।

## ५. अध्ययन तथा अनुसन्धान

कोभिड महामारीका कारण मानव जीवनको हरेक पक्षमा प्रभाव परेको छ। कोभिडले काम गर्ने नयाँ प्रविधि र अवसर पनि सृजना गरेको छ। कोभिडका कारण भएको बन्दाबन्दीको समयमा संस्थाले कर्मचारीहरूको कामको दायरालाई फराकिलो पारी यस वर्ष अनलाइन मार्फत विभिन्न अध्ययन तथा अनुसन्धानका कार्यहरू गरेको छ। यसै सन्दर्भमा निम्न विषयमा संस्थाले अनलाइन तथा

विभिन्न संचारका माध्यमबाट अध्ययन तथा अनुसन्धानका कार्यहरू गरेको छ ।

**५.१ कोभिड १९ को प्रभावले गरिएको बन्दाबन्दीमा महिलामाथि परेको कामको बोझ विश्लेषण गर्नेबारे अनलाइन सर्वेक्षणः**
कोभिड १९ को प्रकोप बढेसँगै यस महामारीले मानव जीवनको हरेक पक्षमा प्रभाव पारेको छ। यसबाट श्रम संसार पनि अछुतो रहेको छैन । महिला श्रमिकहरू श्रमका दुवै क्षेत्र(निजी र सार्वजानिक) मा काम गर्दछन् । यस बन्दाबन्दीमा घरबाट गरिने कार्यालयको काम र घरको काम लाई सन्तुलन गर्दा महिलाको कार्यबोझ बढेको आँकलन गरि अनलाइनका माध्यमबाट अनुसन्धानात्मक अध्ययन गरिएको थियो। यस अनुसन्धानमा ७ वटै प्रदेशका २९ जिल्लाका महिला सहभागी भएका थिए । सहभागी महिलाको औसत उमेर २१ देखि ३५ वर्ष रहेको छ ।

मुख्य उद्देश्यः नीजि र सार्वजानिक दुबै क्षेत्रमा काम गरिरहेका महिलाहरूलाई कोभिड १९ का कारण गरिएको बन्दाबन्दीले गर्दा कामको बोझमा वृद्धि भएको छ छैन भनि वस्तुस्थिति अध्ययन गर्ने ।

- यस्तो बेला महिलाले गर्ने घरेलु काम र पारिश्रमिक बिनाको सेवामूलक कामको बोझको अवस्था र यी कामको बाँडफाँडको विश्लेषण गर्ने,
- महिलाहरूले कामको बोझको बारेमा व्यक्त गरेका सुझावलाई विश्लेषण गर्ने ।
- महिलाको घरेलु काम र पारिश्रमिक बिनाको सेवामूलक कामको पहिचान र मान्यतालाई स्थापित गर्न ओरेकले गरिरहेको अभियानलाई सहयोग गर्ने ।

**१ विषयवस्तुसाग सम्बन्धित नतिजाको वस्तुस्थिति विश्लेषण (Situational Analysis)**

**१.१ बन्दाबन्दीमा महिलामा परेको कामको बोझको अवस्था**
- ४५.७% महिलाले घरको काम यस बन्दाबन्दीको समयमा चुनौतीपूर्ण भएको
- ४७% उत्तरदाताले उहाँहरूको घरबाट गर्ने कार्यालयको काम पहिला भन्दा बढेको
- ६४.६६% (२०५) ले घरको काम र घरबाट गरिरहेको कार्यालयको काम बीच सन्तुलन ल्याउन चुनौती रहेको (चुनौति रहेको तथा केही हदसम्म रहेको)
- ७९.५% उत्तरदाताले आफूले गर्ने कामको समय एकदेखि चार घण्टा भन्दा बढी बढेको

**१.२ महिलाहरू बीचमा रहेको कामको बोझबारे रहेको अन्तर**
- घरबाट गर्ने कार्यालयको कामको समय बढेको भन्नेमा अविवाहित महिलाको प्रतिशत विवाहित महिला भन्दा बढी देखिन्छ । (४९.३०% > ४५.३%)
- घरको काम चुनौतिपूर्ण रहेको भन्नेमा तुलनात्मक रूपमा विवाहित महिलाको प्रतिशत धेरै देखिन्छ । (५०% >३१.९%)
- घरको काम सँगसँगै कार्यालयको काम सम्पन्न गर्न तुलनात्मक रुपमा विवाहित महिलालाई अविवाहित महिलाभन्दा धेरै कठिनाइरचुनौती रहेको (६९.३% >४७.८%) देखिन्छ ।

**१.३ महिला र अन्य घरका सदस्यबीच रहेको कामको बोझ**
- ८% (३२) उत्तरदाताले घरका कुनैपनि सदस्यबाट घरको काम गर्न मद्दत पाउनुभएको छैन
- घरका अन्य सदस्यहरूमा महिलालाई सबैभन्दा बढी श्रीमानेले नै सहयोग गरेको देखिन्छ
- २३४ विवाहित उत्तरदातामा १५६ (६६.६६%)ले मात्र घरको काममा आफ्नो श्रीमानबाट मद्दत लिने गर्नुभएको छ ।
- यसले यो देखाउँछ कि बाँकी एक तिहाइ महिलालाई घरेलु काम तथा पारिश्रमिक बिनाको सेवामूलक काम गर्दा श्रीमान बाहेक अन्य घरपरिवारका सदस्यको मद्दत लिनुपर्ने वा सबै काम आफैं गर्नुपर्ने अवस्था रहेको छ ।
- बन्दाबन्दीमा कामको बोझ बढेको वा केही बढेको भन्नेमा तुलनात्मक रूपमा महिलाको संख्या धेरै देखिन्छ
- कामको बोझ नबढेको भन्नेमा तुलनात्मक रूपमा घरका अन्य सदस्यको संख्या धेरै देखिन्छ ।

**१.४ बन्दाबन्दीले महिलालाई पारेको असर**
- ४६.०५% (१४६)उत्तरदाताले बन्दाबन्दीको समयमा धेरै काम एकैचोटी गर्नुपर्ने हुँदा कामको बोझ बढेको बताउनुभएको छ ।
- त्यस्तै, ३०.२८% (९६) उत्तरदाताले आफूमा मानसिक तनाव बढेको बताउनु भएको छ। यस्तै घरका सदस्यले बन्दाबन्दीको समयमा घरधन्दाका सम्पूर्ण

काम उहाँहरुबाट सम्पन्न गर्नुपर्ने आशा राखेको बताउनुभएको छ ।

- त्यस्तै ३.९४ (११) जना उत्तरदाताले यस बन्दाबन्दीको समयमा आफूलाई हिंसा गर्ने व्यक्तिसँग पूरा समय बिताउनु परेको उल्लेख गर्नुभएको छ ।
- ८२% (२६०) ले केही राम्रो अनुभव महशुस गर्नुभएको छ भने १३.२ % (४२) ले केही पनि राम्रो महशुस गर्नुभएको छैन ।
- ५९.६२% (१८९)उत्तरदाताले कोभिड १९ बाट सुरक्षित रहेको बताउनुभएको छ ।
- यसपछि ४९.२१% (१५६)ले कामको लागि यात्रा गर्नु नपरेको राम्रो पक्ष रहेको बताउनुभएको छ। त्यस्तै कार्यालयको काम आफ्नो हिसाबले गर्न पाउनु अर्को राम्रो पक्ष भएको
- २१.४५%(६८) ले मात्र घरको काम र घरबाट गरिरहेको कार्यालयको काम सन्तुलित भएको देखिन्छ ।
- सबै भन्दा बढी ३७.५३% मानसिक तथा मनोवैज्ञानिक स्वास्थ्य समस्या देखिन्छ ।
- यसपछि शारीरिक स्वास्थ्य ३०.९५% र यौन तथा प्रजनन् स्वास्थ्य समस्या ७.५७% रहेका छन्

## निष्कर्ष

- नेपाली घर परिवारमा घरेलु काम र पारिश्रमिक बिनाको सेवामूलक कामको बराबर बाँडफाँड रहेको छैन र यो बोझ स्वतः धेरै मात्रामा महिलाले व्यहोरेका छन् ।
- नेपालमा पितृसत्तात्मक समाज भएकोले घरेलु काम र पारिश्रमिक बिनाको सेवामूलक कामको अधिकांश जिम्मेवारी महिलामा रहेको छ। यस बन्दाबन्दीको समयमा महिलाहरूमा अन्य घर परिवारको सदस्य भन्दा बढी कामको बोझ देखिन्छ ।
- घरको काम को बोझको मात्रा महिलाको वैवाहिक स्थिति अनुसार पनि फरक रहेको पाइयो । समग्रमा, विवाहित महिलाहरूमा अविवाहित भन्दा घरको कामको बोझ धेरै रहेको देखिन्छ ।
- महिलाहरूले बन्दाबन्दीमा दुवै क्षेत्रको काम सकाउन एकै समयमा धेरै काम गर्ने गरेको (multitasking as coping mechanism) पाइयो। यसकारणले महिलाहरूमा अहिले तुलनात्मक रूपमा मानसिक तनाव बढेको र उनीहरूको मानसिक स्वास्थमा थप समस्या परेको देखिन्छ ।

**मूख्य उपलब्धीहरूः**

(१) स्थानिय निकायसँग समन्वय र साझेदारी गर्दै ओरकेको कार्यक्रमको लागि स्थानीय तहबाट रकम विनियोजन भएको ।

- स्थानीय तहहरूले ओरेकको कार्यक्रममा साझेदारी गर्दै २ दिने महिला मञ्चका लागि बजेट विनियोजन गरेको छ । सुन्दरहरैचा नगरपालिकाले रु. ३० हजार , केराबारी गाँउपालिकाले रु. ३६ हजार र लेटाङ्ग नगरपालिकाले रु. २ लाख वजेट विनियोजन गरि ओरेकसँग सहकार्य गर्ने गरि सम्झौता गरेको ।
- मोरङ जिल्लाको लेटाङ्ग, कानेपोखरी र सुन्दरहरैचा गरि ३ वटा कार्यक्षेत्रका स्थानीय तहले महिला विकास शिर्षकमा महिलाको जीविकोपार्जनको लागि ३ लाख रुपैयाँ बजेट विनियोजन गरेका छन्। त्यस्तै, केरावारीले पनि ४६ हजार रुपैयाँ रकम विनियोजन गरेको छ ।

(२) वहस पैरवी र नीति निर्माण :

- ओरेकले आफू कार्यरत जिल्लामा घरेलु श्रम मर्यादित श्रम भन्ने मान्यता स्थापित गर्न अन्तरक्रिया कार्यक्रम, गोष्ठी र अभिमुखीकरणहरू गरिरहेको छ । सोही सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम संगठन र ओरेकको संयुक्त आयोजनामा घरेलु श्रमिक र कोभिड १९ को प्रभाव सम्बन्धि वेबिनार सम्पन्न भएको छ । कार्यक्रममाँ सहभागी श्रमिक, ट्रेड युनियन, विज्ञ र नागरिक समाजका प्रतिनिधिबाट आएका प्रतिक्रियालाई समेटेर घरेलु श्रमिकको आर्थिक तथा सामाजिक अधिकारका लागि संक्षिप्त नीति (Policy brief) बनाउन सफल भएको ।
- ओरेक "A joint response to the draft CEDAW general recommendation on trafficking in women & girls in the context of global migration" मा सहभागी भएको र सो कार्यपत्र सिड कमिटीलाइ बुझाइएको छ। सो पश्चात "Feminist approach to counter trafficking : A manifesto" अनलाइन मार्फत सार्वजनिक गरिएको छ ।

(३) वैदेशिक रोजगारबाट फर्किएका महिलाहरूलाई जीविकोपार्जन का लागि बीउ पूँजी सहयोग :

- वैदेशिक रोजगारबाट फर्किएका महिलाहरूलाई जीविकोपार्जन का लागि पालिकाको समन्वयमा बीउ पूँजी सहयोग कार्यक्रम उर्लाबारी न.पा ३, केराबारी गा.पा ३,

लेटाङ्ग न.पा ३ र सुन्दरहरैचा न.पा २ गरि जम्मा ११ जना RMW महिलालाई बीउ पूँजी हस्तान्तरण गरिएको छ ।

(४) कोभिड १९ का कारण उत्पन्न विषम परिस्थितिमा सहयोग तथा सहकार्य गरिएका विभिन्न कार्यक्रमको विवरण :

- विराटनगर महानगरपालिका ११ का ७ घरका दैनिक ज्यालादारी गर्ने मजदुरलाई राहतका लागि वडा कार्यालय र विराटनगर महानगरपालिकासँग समन्वय गरेर सिफारिस गरि खाद्यान्न राहत सहयोग जुटाइएको छ ।
- त्यस्तै, कानेपोखरी गा.पाका RMW हरूले आफू बसेका वडाहरूमा लकडाउनको समयमा भारतसहित अन्य देशबाट वैदेशिक रोजगार गरि फर्किएकाहरूको पहिचान तथा नामावली तयार गर्न गा.पालाई सहयोग गरिहेको छ ।
- कोभिड १९ का विषम परिस्थितिमा समयानुसार अध्ययन र अनुसन्धान भएको ।

**चूनौती**

- कोरोना भाईरसको संभावित संक्रमणका कारण महिला मञ्चको आयोजनाका लागि पालिकासँग सम्झौता भएतापनि काम गर्न नसकिएको, अवस्था सामान्य भएपछि गर्ने गरि सारिएको छ ।
- दैनिक रुपमा ज्याला मजदुरी गर्ने श्रमिक, आप्रवासनबाट फर्किएर आएका श्रमिक, वैदेशिक रोजिगारीमा जान चाहने महिला श्रमिकहरूलाई थप आर्थिक र सामाजिक समस्या आइपरेकोमा उनीहरूको समस्या सम्बोधन हुने कार्यक्रम सञ्चालन गर्न गाह्रो भएको ।
- सरकारी नीतिहरूले नवसिर्जित समस्याहरूलाई समाधान गर्न नसकेको र जोखिमयुक्त अवस्थामा रहेका श्रमिकहरू थप समस्यामा परेको ।

**सिकाई**

- कोभिड १९ को समयमा पहिले नै निश्चित गरिएका कार्यक्रम तथा गतिविधिहरू सोचे अनुरुप सञ्चालन गर्न नसकेपनि बदलिदो समयको मागलाई पहिचान गर्दै पुन : गतिविधिहरूको योजना बनाउँदै काम गरेको र नव सिर्जित समस्याहरूलाई चूनौती दिँदै कार्यक्रम अघि बढेको ।
- ओरेकका कर्मचारीहरूको काम गर्ने सीप र दायरा पहिले भन्दा बढेको । जस्तै, अनलाइन मार्फत् स्थानीय , जिल्ला तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गातिविधि तथा कार्यक्रम सम्पन्न भएको ।
- सरकारको नीति तथा कार्यक्रमहरूको अध्ययन तथा जानकार भई समुदायलाई सो सम्बन्धित सुसूचित तथा संप्रेषण सेवाले सेवाग्राहीलाई मद्दत गर्न सकेको । (प्रधानमन्त्री रोजगार कार्यक्रममा रोजगारी पाएको, राहत वितरण भएको, अप्ठ्यारोमा रहेका कामदारलाई उद्दार गर्न सकेको, वैदेशिक रोजगारीबाट आएका कारणले राहत प्राप्त गर्न नसकेकाहरूलाई स्थानीय निकायमा पहल गरि राहतमा उनीहरूलाई समावेश गरेको ।)
- समाजमा वैदेशिक रोजगारीबाट फर्किएका महिलालाई सामान्य अवस्थामा पनि फरक दृष्टिले हेर्ने गरेकोमा कोभिडको समयमा विदेशबाट फर्केकालाई समाजले गर्ने दुर्व्यवहार अझ जटिल भएको र उनीहरूलाई संस्थाले मनोसामाजिक परामर्श सेवा सञ्चालन तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दा सामाजिक सद्भाव तथा ऐक्यबद्धतालाई सुदृढ पार्न सफल भएको ।

# दिगो जीविकोपार्जन कार्यक्रम

ओरेकबाट सञ्चालित दिगो जीविकोपार्जन कार्यक्रमले कृषि, पशुको उत्पादन तथा उत्पादकत्व वृद्धि, जीवनउपयोगी सीपकलाको विकास तथा प्रवर्द्धन, खाद्य अधिकार तथा खाद्यमा पहुँच वृद्धिको लागि पहल तथा समन्वय गरि गरिवीको कु-चक्रलाई सम्बोधन गर्ने, स्रोत तथा साधनमाथिको नियन्त्रण तथा समान पहुँच, खानाको नियमित उपलब्धताको सुनिश्चितता गरि आत्मनिर्भर हुँदा दिगो जीवनयापन गर्न सहयोग गर्दछ। यस कार्यक्रम अन्तर्गत सचेतनामूलक अभिमुखीकरण, उद्यमशीलता विकास, सघन जैविक खेती प्रणाली, पर्यावरणमैत्री नमुना गाउँ निर्माण तथा प्रवर्द्धन, जलवायु अनुकूलन र प्राकृतिक श्रोत व्यवस्थापनका लागि सरोकारवालासँग समन्वय र सहकार्य गर्दै कार्यक्रम संचालन तथा पैरवी गर्दै आइरहेको छ। यस कार्यक्रमको माध्यमबाट विशेषगरि कृषिकार्यमा संलग्न महिला तथा विपन्नहरूलाई कृषक हक अधिकार तथा कृषि सम्बन्धी सेवा सुविधाको बारेमा सुसूचित गराई कृषकको रुपमा पहिचान स्थापित गर्नु रहेको छ।

दिगो जीविकोपार्जन कार्यक्रम अन्तर्गत समूहहरूलाई सवलीकरण गर्दै संगठित बनाउने, महिला उत्पादक तथा कृषक सञ्जालहरूको नक्साङ्कन र आवश्यकता पहिचानद्वारा उद्यमशीलता विकास र बजारीकरणका लागि सम्बन्धित सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्ने, हिंसा प्रभावित महिलाहरूको सामाजिक न्याय प्राप्त गर्ने अधिकार सुनिश्चितताका लागि स्थानीय सेवा प्रदायक संस्थाहरूमा लैङ्गिक संवेदनशीलताको विकास गरि उपलब्ध सेवाको प्रभावकारिता र सूचनामा पहुँच बढाइ अन्य आवश्यक सहयोगी संयन्त्रको विकासका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने कार्यहरू ओरेकले गर्दै आईरहेको छ।

यस आ.व. २०७६/७७ मा यो कार्यक्रम प्रदेश नं. १, प्रदेश नं. २, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशका जिल्लाहरू (मोरङ, उदयपुर, सिराहा, महोत्तरी, धनुषा, सर्लाही, दाङ, पश्चिम रुकुम र कैलाली) मा संचालन भएका थिए। कार्यक्रमबाट ९,९४१ जना लाभान्वित भएका थिए। जसमध्ये ८,३१३ जना महिला र १,६२८ जना पुरुष रहेका छन्।

**आर्थिक सामाजिक र सांस्कृतिक अधिकार अभियानको लक्ष्य :** महिलाहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारमा पहुँच बढाउँदै महिला हिंसा न्यूनीकरणमा सरोकारवालाहरूको भूमिका शसक्त बनाउन सहकार्य तथा सहजीकरण गर्दै पैरवी गर्ने।

**आर्थिक सामाजिक र सांस्कृतिक अधिकार अभियानको उद्देश्य :** संगठित सञ्जालहरूको सवलीकरण गर्दै उनीहरूको अगुवाईमा महिलाको कामको मान्यता (उत्पादन र पुनर्उत्पादनलगायत) र श्रोतमा पहुँच बढाउनका लागि सवै तहमा पैरवी गर्ने र पूर्ण स्वास्थ्यका लागि अनुकूल वातावरण तयार गर्न सहजीकरण तथा नीतिगत व्यवस्थाको लागि पैरवी गर्ने।

**ओरेकबाट सन्चालित दिगो जीविकोपार्जन कार्यक्रमले निम्न उद्देश्यहरू पुरा गर्न सहयोग गरेको छ।**

- स्थानीयस्तरका श्रोत साधनको दिगो उपयोग र व्यवस्थापन गर्दै प्राविधिक र व्यावसायिक सीपको माध्यमबाट महिलाहरूलाई उद्यमशील तथा आत्मनिर्भर बनाउन सहकार्य र सहजीकरण गर्ने।
- महिलाको उद्यमशीलता विकास र स्थानीय बजार प्रवर्द्धनका लागि स्थानीय तहसँग सहकार्य गर्ने।
- खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता ऐनमा प्रत्याभुत व्यवस्था, महिलाका निम्ति कार्यान्वयनका लागि सवै तहमा वहस र पैरवी गर्ने।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उल्लङ्घनका घटना अभिलेखिकरण गर्ने र स्थानीय सरकार र सरोकारवालाहरूलाई आवश्यकता अनुरुप रिपोर्टिङ गर्ने।
- संगठित सञ्जालहरूको सवलीकरण गर्दै उनीहरूको अगुवाइमा महिलाहरूको स्वास्थ्यको लागि अनुकूल वातावरण तयार गर्न सहजीकरण तथा नीतिगत स्वस्थताका लागि पैरवी गर्ने।

दिगो जीविकोपार्जन कार्यक्रम अन्तर्गत

आ.व. २०७६/०७७ मा सम्पन्न कृयाकलापहरू

| क) रुकुम पश्चिमः | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कृयाकलाप | वार्षिक उपलब्धि | महिला | पुरुष |
| | अभिमुखीकरण | | | |
| १ | सघन जैविक खेती प्रणाली विषयक अभिमुखीकरण | ६ | १३१ | ० |
| २. | जलवायु परिवर्तनले कृषिमा पर्ने असर विषयक अभिमुखीकरण | १५ | ५३४ | ० |
| ३ | करेसाबारी व्यवस्थापन विषयकअभिमुखीकरण कार्यक्रम | १५ | २७२ | ४ |
| ४ | मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धिअभिमुखीकरण | १८ | ५३१ | ४ |
| ५. | भकारो सुधार सम्बन्धी अभिमुखीकरण | १२ | ३०० | ० |
| ६ | सुधारिएको चुलो निर्माण सम्बन्धी अभिमुखीकरण | १९ | ५०९ | ० |
| ७. | सहकारीको अवधारणा विषयक अन्तरक्रिया कार्यक्रम | ४ | ७६ | ० |
| | समूह छलफल | | | |
| १. | सघन जैविक खेती प्रणाली बारे छलफल | १३ | १२१ | ० |
| २. | करेसाबारी व्यवस्थापन विषयक छलफल | १४ | ३५७ | ० |
| ३ | करेसाबारीमा लाग्ने रोग किरा व्यवस्थापन बिषयक छलफल | १२ | २६१ | ० |
| ४ | मौसमी तथा बेमौसमी तरकारी खेती विषयक छलफल | १८ | ३६२ | ० |
| ५ | जलवायु परिवर्तनले कृषिमा पर्ने असर बारे छलफल | २० | ५३१ | ० |
| ६ | सुधारिएको गोठ व्यवस्थापन विषयक छलफल | ५ | १२८ | ० |
| ७ | भकारो सुधार तथा गोठ व्यवस्थापन छलफल | २ | ३० | ० |
| ८ | सिलाई कटाईको मासिक बैठक छलफल | ४ | ३५ | ० |
| ९ | च्याउ खेतीको बारेमा छलफल | ३ | ८२ | ० |
| १० | नर्सरी ब्याड सम्बन्धी छलफल | ३ | ६० | ० |
| ११ | ईकोभिलेज निर्माण तथा व्यवस्थापनका लागि बैठक | ५ | ३७ | ० |
| | तलिम | | | |
| १. | व्यावसायिक योजनाको तालिम | १ | २३ | ० |
| २. | सुधारिएको गोठ व्यवस्थापन सम्बन्धी तालिम | १ | ३५ | ० |
| | अन्तरक्रिया कार्यक्रम | | | |
| १ | एक घर एक  करेसाबारीको अवधारणा अन्तरक्रिया | १ | २८ | ० |
| | सहयोग कार्यक्रम | | | |
| १ | तरकारीको बीउ सहयोग | ४ | १३१ | ३ |
| २ | हिंसा प्रभावित महिलाहरूलाई व्यावसायिक तालिम तथाबीउ पुँजी सहयोग | १ | २३ | ० |
| | अनुगमन | | | |
| १ | करेसाबारी निर्माण पश्चातको अनुगमन | १५० | १४६ | ७४ |
| २ | सहयोग गरिएको बीउपूँजी कोषबाट प्राप्त उपलब्धी (सुधारिएको गोठको अनुगमन | १५ | ४० | ० |

| | | | | |
|---|---|---|---|---|
| ३ | सिलाई कटाई सेन्टर अवस्था विश्लेषणका लागि अनुगमन | १४ | १४ | ० |
| ४ | सहयोग गरिएको बीउपूँजी कोषबाट प्राप्त उपलब्धि र समस्या समाधानका लागि छलफल तथा अनुगमन | ३० | ३० | ० |

| ख) दाङ्ग | | | | |
|---|---|---|---|---|
| क स. | क्रियाकलाप | वार्षिक उपलब्धी | महिला | पुरुष |
| १ | दिगोविकास लक्ष्य कार्यान्वयन तथा नमुना गाउँ दिगोपन सम्वन्धी सरोकारवालाहरू को भूमिका विषयक अन्तरक्रिया कार्यक्रम | २ | ६१ | १५ |
| २ | नमुना गाउँमा लागू दुर्व्यशन र यौन तथा प्रजनन् स्वास्थ्यमा पार्ने असर सम्वन्धी अन्तर क्रिया कार्यक्रम | १ | २५ | २४ |
| ३ | नमुना गाउँको आवश्यक्ता र महिला हिंसा न्यूनीकरणमा समुदायको भूमिका सम्वन्धि टोल भेला | १ | २१ | ४५ |
| ४ | कृषक समूह वैठक तथा छलफल | ३० | २०० | ४५ |
| ५ | इकोभिलेज व्यवस्थापन समितिको वैठक तथा छलफल | १० | ५० | ४० |
| ६ | राहत वितरणको लागि विपत व्यवस्थापन समितिसँग वैठक तुलसीपुर | १ | ३ | ४ |
| ७ | सुधारिएको गोठ व्यवस्थापन सम्वन्धी अभिमुखिकरण | १० | ७९ | ४४ |
| ८ | रासायनिक विषादी तथा जलवायु परिवर्तन ले यौन तथा प्रजनन् स्वास्थ्यमा पार्ने असर सम्वन्धी समूह छलफल | ८ | ६७ | २५ |
| ९ | च्याउ खेती को आवश्यक्ता र महत्व सम्वन्धी समूह छलफल | ६ | ६६ | १७ |
| १० | करेसाबारी व्यवस्थापन सम्बन्धि समूह छलफल | ७ | ६२ | २९ |
| ११ | कोभिड .१९ बारे जानकारी | २ | २१ | १० |
| १२ | कोभिड १९ मा सावुन पानीले हात धुने नमुना कर्नर स्थापना नमुनागाउँ पड्डा | १ | ९ | २ |
| १३ | १६ औं धान दिवस | १ | ११ | १० |
| १४ | स्थानीय बीउ विजनको महत्व सम्वन्धि समूह छलफल | १० | १५० | ५५ |
| १५ | मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धी समूह छलफल | ३ | ३० | ७ |
| १६ | सामुदायिक पशु क्लिनिक संचालन पशुपंक्षीको उपचार | ३१८ | | |
| १७ | अगामी वर्ष को योजनाको लागि सुझाव संकलन | ३ | २२ | ४० |
| १८ | कोभिड १९ मा २ उपमहा नगरपालिका र ८ गाउँपालिका को तयारी अवस्था वारे जानकारी | ३ | १८ | २५ |
| १९ | नमुना फार्म व्यवस्थापन तथा अनुगमन | ८ | ४ | ४ |

| ग) धनुषा, महोत्तरी र सर्लाही (दिगो जीविकोपार्जन  कार्यक्रम) | | | | |
|---|---|---|---|---|
| **क स.** | **क्रियाकलाप** | **वार्षिक उपलब्धी** | **महिला** | **पुरुष** |
| १ | अभिमुखीकरण विभिन्न विषयहरू (महिला हिंसा, वाल विवाह, बोक्सीको आरोप, उपयुक्त व्यवसायको छनौट, जीवनउपयोगी सीप) विभिन्न समूहहरूमा | १४ | ५५१ | ३१ |
| २ | समुदायका किशोरी र महिलाहरूलाई प्रजनन् र यौनस्वास्थ्य सम्बन्धी अभिमुखीकरण | १ | ५१ | ० |
| ३ | विद्यालयका किशोर किशोरीहरूलाई प्रजनन् र यौनस्वास्थ्य सम्बन्धी अभिमुखीकरण | १ | २५ | ३५ |
| ४ | महिला हिंसा तथा वालविवाह सम्बन्धी किशोर किशोरीहरूलाई अभिमुखीकरण | ४ | ११६ | ५८ |
| ५ | समुदायस्तरमा अभियान सम्बन्धी कियाकलापहरू | ३ | ५८८ | ५७५ |
| ६ | वडास्तरीय मनोसामाजिक परामर्श केन्द्र स्थापना | २ | ० | ० |
| ७ | जिविको पार्जन स्थितिको प्रारम्भीक सर्वेक्षण | १ | ३०० | ० |
| ८ | महिला, किशोरी, कृषक समूह गठन | ३६ | ९०० | ० |

| घ) उदयपुर | | | | |
|---|---|---|---|---|
| **क्र.स.** | **कृयाकलाप** | **वार्षिक उपलब्धि** | **महिला** | **पुरुष** |
| १ | **अभिमुखीकरण** | | | |
| १.१ | आँप खेती सम्वन्धी अभिमुखीकरण कार्यक्रम | १ | ०७ | १५ |
| १.२ | करेसाबारी व्यवस्थापन सम्बन्धि  अभिमुखीकरण कार्यक्रम | १ | १७ | १५ |
| १.३ | सघन जैबिक खेती प्रविधि सम्बन्धि अभिमुखीकरण | २ | ५२ | ८ |
| १.४ | रसायनिक मल तथा बिषादिको नकारात्मक असर बिषयक अभिमुखीकरण | १ | ११ | ६ |
| १.५ | च्याउ खेती सम्बन्धी अभिमुखीकरण कार्यक्रम | १ | १८ | ० |
| २ | **अन्तरक्रिया** | | | |
| २.१ | पर्यावरणमैत्री नमुना गाँउको अवधारणा विषयक वडास्तरीय अन्तरक्रिया कार्यक्रम | ४ | ६७ | ३१ |
| ३ | | | | |
| ३.१ | बगर खेती प्रवर्द्धन तथा प्राविधिक सहयोग | २ | १ | ३ |
| ३.२ | पर्यावरणमैत्री नमुना गाँउलाई प्राविधिक सहयोग | | | |
| ३.३.१ | फौजी कीराको पहिचान र व्यस्थापन प्रक्रियाहरू | ६ वटै पर्यवरणमैत्री नमुना गाँउ | ७९ | ४१ |
| ३.३.२ | विभिन्न ढुसीजन्य  रोगहरूको पहिचान र व्यवस्थापन | २ वटा पर्यवरणमैत्री नमुना गाँउ | १४ | ६ |
| ३.३.३ | बाली पात्रो र नर्सरी व्यवस्थापन सम्बन्धी जानकारी | ३ वटा पर्यवरणमैत्री नमुना गाँउ | २८ | १७ |
| ३.३.४ | जैविक मल( गड्यौले मल र कम्पोष्ट मल) बनाउने र प्रयोग गर्ने प्रक्रियाहरू | २ वटा पर्यवरणमैत्री नमुना गाँउ | १८ | ६ |
| ३.३.५ | फर्म दर्ताको आवश्यकता र यसका लागि  आवश्यक कागजातहरू | ३ वटा पर्यवरणमैत्री नमुना गाँउ | ३८ | १७ |

| | | | | |
|---|---|---|---|---|
| ३.३.६ | सलह किरा पहिचान र व्यस्थापन प्रक्रियाहरू | २ वटा पर्यवरणमैत्री नमुना गाँउ | १७ | ८ |
| ३.३.७ | धानका जात र धानको बीउको उपचार विधिहरू | ३ वटा पर्यवरणमैत्री नमुना गाँउ | ४७ | ६ |
| ३.३.८ | घर दैलो कार्यक्रम | २५ | २३ | ०२ |
| ३.३.९ | बीउ बिजनका निम्ति सहजीकरण | १ | १७ | ८ |
| ३.३.१० | अनुदान कार्यक्रमको लागि सहयोग | २ वटा कृषक समूह | १४ | ३३ |
| ४ | **अनुगमन** | | | |
| ४.१ | राष्ट्रिय सीप परीक्षण परिषदले ओरेकद्वारा संचालित प्राविधिक परीक्षा केन्द्रमा गरिएको अनुगमन | १ | | ०३ |
| ४.२ | मुकुर्चीे नमुना फार्म अनुगमन | ०१ | | ०१ |
| ४.३ | नव उदयटोल नमुना फार्मको अनुगमन | ०१ | | ०२ |
| ४.४ | सुधारिएको पानीघट्ट सामुदायिक विद्युतीकरण अनुगमन | ०१ | १० | १० |
| ५ | **तालिम** | | | |
| ५.१ | कृषि जेटिए तालिम | हाल पनि संचालित | ११ | |
| ५.२ | व्यसायिक फलफुल खेती सम्बन्धि तालिम (सुन्तला) | | | |
| ६ | **घरदैलो कार्यक्रम** | | | |
| ६.१ | पर्यावरण मैत्री नमुना गाँउका १२ वटा सूचकाङ्क जानकारीको लागि घरदैलो कार्यक्रम | | ७ | २५ |
| ६.२ | नवउदयटोल र थारुहट पर्यावरण मैत्री नमुना गाँउमा घरदैलो कार्यक्रम | | १९ | ६ |
| ७ | **ऋभियान** | | | |
| ७.१ | कृषि मेला प्रदर्शनी | १ | २३६ | २८३ |
| ७.२ | १७ औं राष्ट्रिय धान दिवस | १ | १२० | १५३ |
| ७.३ | समन्वय बैठक | ०६ | २८ | २५ |
| **जम्मा** | | **७१५** | **६४४** | |

## १. आम सचेतीकरण कार्यक्रम :


समाजमा विद्यमान विभेदपूर्ण सामाजिक संरचना, हिंसा र श्रोतको अव्यस्थित प्रयोगले गर्दा गरिवी, भोकमरी जतातती भयावह रुपमा रहेको छ। यसको साथ साथै कृषि बालीका रैथाने जातहरू मासिंदै गइरहेका छन्। पशु चौपायामा संक्रामक रोगहरू व्यापक भई साना किसानलाई जीवनयापन गर्न एकदमै कठिनाइ भइरहेको अवस्था छ। समाजमा शुद्ध खानेपानीको चरम अभाव , जैविक विषादी तथा प्रविधिको अभाव र प्राकृतिक श्रोत व्यवस्थापन सम्वन्धि चेतना सामुदायिकस्तरमा अति न्यून देखिएको छ। हानिकारक रसायनिक मलखादको व्यापकताको कारण क्षणिक रुपमा अति आर्थिक फाइदा, उत्पादन तथा उत्पादकत्व वृद्धि भइरहेपनि यसले वातावरण तथा मानिसको स्वास्थ्यमा पार्ने नकारात्मक प्रभाव बारे समुदाय जानकार नरहेकाले आम सचेतीकरण बहुउपयोगी सावित भएको छ।

ओरेकले यस्तै समस्याहरू र चुनौतीलाई राम्ररी आँकलन गरी आफ्नो दिगो जीविकोपार्जन कार्यक्रम मार्फत सघन जैविक खेती प्रणालीको अवधारणालाई प्राथमिकताका साथ उदयपुर र दाङ जिल्लामा लागू गरिरहेको छ। सवै खालको खाद्यान्न उत्पादनले साना सिमान्तकृत किसानहरूमा जोखिम पक्ष बढी हुने हुँदा किसानको दिगो जीविकोपार्जन गर्न सघन

वाली प्रणाली बहुउपयोगी रहेको सावित भएको छ। साथ साथै ओरेकले श्रोत, साधन, प्रविधि र ज्ञानलाई जोड दिँदै पौष्टिक र स्वस्थकर खाद्य उत्पादन प्रशोधन र प्रयोगमा विशेष प्राथमिकता दिँदै आइरहेको छ। ओरेकले समय समयमा पशु घुम्ती शिविरहरू संचालन पनि गर्ने गरको छ। कृषकहरूको भेला गराई जलवायु परिवर्तनले दिगो जीविकोपार्जन  र महिलाको स्वास्थ्यमा परेको नकरात्मक प्रभाव  न्यूनीकरण गर्न समुदायले अपनाएका अनुकूलनका रणनीतिहरूलाई अभिलेखीकरण पनि गर्ने गरेको छ।

ओरेकले समुदायस्तरमा अभिमुखीकरण, घरधुरी मै पुगी छलफल र भेटघाट तथा समूहगत रुपमा छलफल गरि आमसचेतीकरण गर्ने कार्यहरू गर्दै आईरहेको छ, जसबाट ५६२० जना लाभान्वित भएका छन।

| गतिविधिका प्रकार | छलफलका विषयवस्तु | जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| अभिमुखीकरण | विषादी रहित कृषि प्रणाली, निर्माण, पर्यावरणमैत्री गाउँ निर्माण, करेसावारी निर्माण, व्यवस्थापन, सुधारिएको गोठ निर्माण, मौसमी तरकारी खेती | रुकुम (पश्चिम) | २३५८ | ० | २३५८ |
| | | दाङ | २०० | ४५ | २४५ |
| | | उदयपुर | ४८ | ४७ | ९० |
| | किशोरीहरूलाई प्रजनन् स्वास्थ्य तथा महिला हिंसा वालविवाह सम्बन्धी अभिमुखीकरण | सर्लाही, महोत्तरी र धनुषा | ७६५ | ० | ७६५ |
| समूहगत छलफल | पर्यावरणमैत्री गाउँ, कृषि, पशुपालन, प्रकोप, सुधारिएको गोठ, करेसावारी, मल बनाउने र प्रयोग, वातावरण परिवर्तन सम्बन्धी समूहगत छलफल | रुकुम (पश्चिम) | १९६७ | ० | १९६७ |
| | | उदयपुर | ६४ | ७५ | १३९ |
| अन्तरक्रिया | समुदायस्तरमा गरिएका क्रियाकलापहरूलाई अझ प्रभावकारी बनाउन र आगामी योजनाका लागि अन्तरक्रिया कार्यक्रम | रुकुम (पश्चिम) | २८ | ० | २८ |
| | | उदयपुर | ३ | २५ | २८ |



## २. महिला उद्यमशीलता विकास सम्वन्धी गतिविधिहरु :

यस गतिविधि अन्तर्गत स्थानीय श्रोत साधनमा महिलाको समान पहुँच र अधिकारलाई समेटिने खालका गतिविधिहरू मुख्यतः ओरेकले गर्दै आइरहेको छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि महासन्धि र सम्मेलनहरूमा महिलाका विभिन्न अधिकार र सामाजिक न्यायका लागि कुरा उठेपनि नेपालमा जरो गाडेर रहेको पितृसतात्मक सोच व्यवहार र देशले अपनाएको खुल्ला बजार आर्थिक नीतिको कारणले सम्पूर्ण नेपाली कृषि मजदुर र मुख्यतः महिलाहरू प्रत्यक्ष रुपमा आर्थिक समाजिक र साँस्कृतिक अधिकारको वन्चितीकरणमा पारिएका छन् । हिंसा प्रभावित महिला, विपन्न समुदायको महिलाको स्थिति अरु भन्दा पनि अझ कष्टकर रहेकोले यस किसिमका गतिविधिहरू अपरिहार्य छन् ।

यस्ता तालिमले सम्पतिमाथि महिलाहरूको अधिकार स्थापित गर्न स्थानीय तहमा योजना र बजेट तर्जुमामा महिलाका सवाल समेटिन तथा श्रोत साधनहरूमा पहुँच बढाई आर्थिक रुपमा शसक्त बनाउन सहयोग पुऱ्याएको छ । यसवर्ष संस्थाले १३ जना महिलालाई कृषि जेटिए (१८ महिने) स्तर २ वटा तालिम उपलब्ध गराएको छ ।

## ३. समुदायको क्षमता अभिवृद्धि सम्वन्धि गतिविधि:

ग्रामीण महिलाहरू जोसँग थोरै जग्गा जमिन छन्, उनीहरू कृषि पेशामा नै आकर्षित हुने गरेका छन् तथा जग्गा जमिन नहुनेहरू सानाखाले पशुपालन वा अन्य रोजगारमुखी जीवन सीप, कलामा रुची राख्ने गरेका छन् । तर उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि ज्ञान कला तथा पहुँचको कमीले गर्दा सवल दिगो जीवन यापन गर्न जहिले पनि धौ धौ परिरहेको हुन्छ । यस कार्यक्रमले महिलाहरूलाई व्यवसाय अघि बढाउन मद्दत गरेको छ । यसमा छनौटमा परेका महिलाहरूलाई व्यावसायिक योजना, उत्पादन योजना, विक्री योजना, बजारीकरण योजना समाजिक, आर्थिक तथा वातावरणीय पक्ष सम्वन्धि योजनाका लागि स्थानीय सरकारको समन्वयमा रुकुम पश्चिम, मोरङर उदयपुरका गरि ८९ जना महिलालाई बीउपूँजी उपलब्ध गराइएको छ ।

## ४. पर्यावरणमैत्री गाउँ प्रवर्द्धन कार्यक्रम :

हाल यो कार्यक्रम उदयपुर, सिराहा, र दाङ जिल्लामा संचालनमा छ । यस कार्यक्रम अन्तर्गत उदयपुरमा ५ वटा, सिराहामा २ वटा र दाङमा ३ वटा क्षेत्रहरू पर्यावरणीय नमुना गाउँ निर्माणका लागि स्थानीय तहसँग सहकार्य गरि कार्यक्रम संचालन भैरहेको छ । यस कार्यक्रमले गर्दा परम्परागत असल अभ्यासहरू र कृषि प्रविधिको सरक्षण एवं समुचित प्रयोगमा सहयोग भईरहेको छ । पर्यावरणमैत्री टोलका घर परिवारमा शान्ति र सन्तुष्टिको वातावरण बन्न सहयोग भएको तथा सवै परिवारका सदस्यलाई निर्दिष्ट अवसर र जिम्मेवार बनाउन सहयोग पुगेको छ । यो कार्यक्रमको प्रभावकारिता मापनका लागि १२ वटा सूचक (बाल विकास केन्द्र, महिला परामर्श केन्द्र, बाल केन्द्र, किशोर किशोरी समूह, महिला समूह, सहकारी कृषक समूह, गोठ सुधार र व्यवस्थापन, घुम्ती कोष परिचालन) लाई आधार मानी लेखाजोखा गर्ने गरिएको छ । पर्यावरणमैत्री गाउँ प्रवर्द्धन कार्यक्रमले समुदायको स्थितिलाई प्रकृति तथा पर्यावरणमैत्री स्याहार र प्रविधिको प्रयोग गर्ने क्षमतामा अभिवृद्धि गर्न उत्प्रेरित गर्दछ । यो एक एकिकृत प्रयास (सामूहिक र समावेसी) ले समुदायका व्यक्तिहरूमा निर्णय प्रकृया, उपलब्ध श्रोत साधनको व्यवस्थापन गर्न र दिगो उपयोग गर्न सक्षम र सचेत बनाउँछ ।

सहस्राब्दी विकास लक्ष्यको प्रगति र सिकाइमा आधारित रहि संयुक्त राष्ट्रसंघको ७० औं महासभाले सन् २०१५ सेप्टेम्बरमा सबै सदस्य राष्ट्रहरूलाई समान रुपले लागू हुने गरि तयार गरेको नयाँ विकास लक्ष्यको ढाँचा हो दिगो विकास लक्ष्य । दिगो विकास लक्ष्यको बारेमा केन्द्रीय तहमा मात्र बहस तथा छलफल भइरहको अवस्थामा स्थानीय तह वा समुदायमा यस सम्बन्धि जानकारी दिई दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्नका लागि ओरेकले विभिन्न स्थानमा यस सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरिरहेको छ । स्थानीय तहमा योजना निर्माण गर्ने समयमा समुदायमा योजना छनौट गर्दा दिगो विकास लक्ष्यमा आधारित रही योजना छनौट गर्न सहजीकरण गर्ने उद्देश्यले अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो । स्थानीय जन प्रतिनिधि तथा समुदायले आर्थिक वर्ष २०७६/७७ को योजना माग गर्दा दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग पुग्ने गरि योजना माग गर्ने प्रतिवद्धता जनाएका छन् ।

भेटनरी क्लिनिक संचालनः दाङको तुलसीपुर

उपमहानगरपालिकाको पढ्ढामा रहेको इको भिलेजलाई सहयोग पुग्ने उद्देश्यले ओरेकले पशु उपचार क्लिनिक संचालन गरिरहेको छ । यस क्लिनिकबाट हाल कोभिड १९ को महामारीमा विशेष सावधानी अपनाउँदै पखाला, ज्वरो, दिसा पिसाव रोकिएका, अपच भएका, आन्तरिक र बाहय परजीवि सम्बन्धि रोग लागेका पशुहरूको उपचार तथा आवश्यक सेवाहरू प्रवाह भईरहेका छन् ।

## कार्यक्रम विवरण:

| | जिल्लाहरू | गतिविधिका प्रकार | छलफलका विषयवस्तु | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| क | रुकुम (पश्चिम) | अभिमुखीकरण | नमुना अर्गानिक खेती, मौसम परिवर्तनले तरकारी वालीमा पारेको असर, भान्छा बगैंचा व्यवस्थापन, मौसमी र बेमौसमी तरकारी खेती, गोठ सुधार | २३५८ | ० | २३५८ |
| | दाङ | अभिमुखीकरण | | २०० | ४५ | २४५ |
| | उदयपुर | अभिमुखीकरण | | ४८ | ४७ | ९५ |
| | सर्लाही, महोत्तरी र धनुषा | अभिमुखीकरण | विद्यालय र किशोर बीच समुदायहरूमा अभिमुखीकरण कार्यक्रम | ७४३ | १२४ | ८६७ |
| | **जम्मा अभिमुखीकरण** | **३३४९** | **२१६** | **३५६५** | | |
| ख | रुकुम (पश्चिम) | सामूहिक छलफल | पर्यावरणमैत्री नमुना गाउँ, आजीविका र आपतकाल, सुधारिएको गोठ भान्छा बगैचा, मल गठन र प्रयोग, मौसम परिवर्तन | १९६७ | ० | १९६७ |
| | उदयपुर | सामूहिक छलफल | | ६४ | ७५ | १३९ |
| | **जम्मा सामूहिक** | **२०३१** | **७५** | **२१०६** | | |
| ग | रुकुम (पश्चिम) | तालिमहरू | व्यावसायिक तरकारी खेती, मोबाइल कार्यशाला कसरी गर्ने, गोठ व्यवस्थापन र मौसमी र बेमौसमी तरकारी खेती | ५८ | ० | ५८ |
| | उदयपुर | तालिमहरू | | ० | ११ | ११ |
| | उदयपुर | कृषि प्राविधिक तालिम | प्राविधिक दिशानिर्देश र ज्ञान प्रदान गर्ने | २५ | १५ | ४० |
| | **जम्मा तालिमहरू** | **८३** | **२६** | **१०९** | | |
| घ | रुकुम (पश्चिम) | अन्तरक्रिया | स्थानीय निकयहरूसँग समन्वय सहकार्य | २८ | ० | २८ |
| | उदयपुर | अन्तरक्रिया | | ३ | २५ | २८ |
| | **जम्मा अन्तरक्रिया** | **३१** | **२५** | **५६** | | |
| ङ | रुकुम (पश्चिम) | बीउ पूँजी कोष सहयोग | हिंसामा परेका व्यक्तिहरू छनौट तथा स्थानीय निकाय सँग सहकार्य गरि | २३ | ० | २३ |
| | मोरङ | बीउ पूँजीकोष सहयोग | | ३३ | २८ | ६१ |
| | उदयपुर | बीउ पूँजी कोष सहयोग | | ० | ५ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **जम्मा बीउपूजी कोष सहयोग** | **५६** | **३३** | **८९** | | |
| च | रुकुम (पश्चिम) | अनुगमन | परियोजना कार्यान्वयन स्थिति मूल्यांकन | २१६ | ८९ | ३०५ |
| | उदयपुर | अनुगमन | | ६ | ० | ६ |
| | **जम्मा अनुगमन** | २२२ | ८९ | ३११ | | |
| छ | रुकुम (पश्चिम) | विउ विजन सहयोग | उन्नत जातको बीउसहयोग गरि उत्पादन गर्न | २१६ | ८९ | ३०५ |
| | जम्मा बीउ सहयोग | २१६ | ८९ | ३०५ | | |
| ज | रुकुम (पश्चिम) | नमुना गाउँ निर्माणका लागि समूह गठन, | नमुना गाउँ निर्माणका लागि | ११ | १० | २१ |
| | उदयपुर | नमुना गाउँ निर्माणका लागि समूह गठन | | १ | ३२ | ३३ |
| | **जम्मा नमुना गाउा निर्माणका लागी समूह गठन** | १२ | ४२ | **५४** | | |
| झ | दाङ | अभियान तथा दिवसहरू | धान दिवस | ११ | १० | २९७ |
| | उदयपुर | अभियान तथा दिवसहरू | धान दिवस | १५७ | १४० | २९७ |
| | रुकुम (पश्चिम) | अभियान तथा दिवसहरू | धान दिवस | ५० | ५८ | १०८ |
| | महोत्तरी | अभियान तथा दिवसहरू | धान दिवस | ५३२ | ३८५ | ९१७ |
| | जम्मा अभियान तथा दिवसहरू | ७५० | ५९३ | १६१९ | | |
| ञ | दाङ | प्रतिक्रिया संकलन | आगामी वर्ष दिगोजीविकोपार्जन कार्यक्रम र कोभिड १९,प्रतिक्रिया:कार्यक्रमहरू कस्तो हुनुपर्छ भन्ने बारेमा | १८ | २५ | ४३ |
| | दाङ | डेमो फार्म व्यवस्थापन | | ४ | ४ | ८ |
| | दाङ | घर भेट कार्यक्रम | | ११० | ५५ | १६५ |
| | दाङ | समन्वयात्मक बैठक | जीवनयापन सम्बन्धित गतिविधिका लागि समन्वय बैठकहरू | ३३ | २८ | ६१ |
| | दाङ | कृषि मेला | | २६६ | २३० | ४९६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **समूह गठन तथा दर्ता जम्मा** | ४३१ | ३४२ | ७७३ | | |
| | दाङ | कृषि समूह दर्ता | ९ समूह दर्ता तथा गठन | १० | ९ | १९ |
| | सर्लाही, महोत्तरी र धनुषा | किसान, किशोरी तथा महिला समूह गठन | ६० समूह गठन | ९०० | ० | ९०० |
| | दाङ | पशु चिकित्सक क्लिनिक | पशुपालन सम्बन्धी सेवाहरू ३१८ वटा | ० | ० | ० |
| | **जम्मा समूह गठन** | ९१० | ९ | ९१९ | | |

विभिन्न जिल्लाका समुदाय तथा सरोकारवाला निकायसँग दिगोजीविकोपार्जन को सवालसँग सम्बन्धित रहेर आ.व. २०७६/०७७ मा संचालन भएका गतिविधिहरूबाट समग्रमा निम्न उपलब्धीहरू हासिल गर्न सफल भएको छ ।

**उपलब्धीहरू:**

(क) कृषि तथा पशुपालन क्षेत्र छनौट गरेका ३,५६५ जना कृषकलाई अभिमुखीकरण मार्फत कृषि तथा पशु उत्पादन तथा उत्पादकत्व वृद्धिमा संलग्न गराउन सफल भएको ।

(ख) १०९ जना कृषकलाई मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धी तालिम तथा प्राविधिक दिशानिर्देश गराई समूहगतरुपमा व्यावसायिक खेती गर्न उत्प्रेरित गरेको ।

(ग) १० वटा पर्यावरणमैत्री नमुना गाउँका सूचकहरू सुदृढ गर्दै सूचक प्राप्तिका लागि विभिन्न ५४ वटा उपसमूह निर्माण गरि काम भएको । २,१०६ जना समूहका सदस्यसँग छलफल गरि गोठ सुधार, भान्छा बगैंचा निर्माण र जैविक मल खाडल सुदृढिकरण गर्न सफल भएको ।

(घ) ८९ जना हिंसा प्रभावित तथा विपन्न महिला तथा पुरुष छनौट गरी स्थानीय तहको सहकार्यमा बीउपूँजी प्रदान गरी कृषि तथा लघु उद्यमको शुरुवात तथा प्रवर्द्धन गर्न सफल भएको । साथ-साथै ३०५ जना तरकारी उत्पादक कृषकलाई उन्नत जातको बीउ विजन तथा प्राविधिक सहयोग गरि उत्पादन क्रियाकलापमा सामेल गराइएको ।

(ङ) जीविकोपार्जन मा सघाउ पुग्ने हेतुले सरोकारवालासँग समन्वय बैठक गरेको, विभिन्न अभियान तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरूमा २,११५ जनालाई सहभागी गराई सचेतना वृद्धि भएको ।

(च) १३ जनालाई कृषि प्राविधिक (जे.टि.ए स्तर २) सम्बन्धी कक्षासंचालन गर्न सकेको । राष्ट्रिय सीप प्रशिक्षण समितिबाट ओरेक उदयपुरलाई परिक्षा केन्द्रको रुपमा प्रमाणीकरण गर्न सफल भएको ।

(छ) कृषक समूहलाई कृषि ज्ञान केन्द्र, संघीय सरकार/प्रादेशिक सरकारको अनुदान कार्यक्रमहरूमा सहभागी गराउन सहयोग गरेको ।

**चुनौतीहरू:**

- दिगो जीविकोपार्जन कार्यक्रमका लागि योजना अनुसारको गतिविधि गर्न बजेट अपर्याप्त भएका कारण कार्यक्रमलाई व्यापकता दिन नसकेको।
- पर्यावरणमैत्री नमुना गाउँको सूचक सुदृढिकरण, समय अनुसार सूचक परिमार्जन र स्थानीय सरकारसँगको सहकार्यलाई आवश्यकता अनुसार सुदृढ गर्न नसक्नु ।
- कृषि प्राविधिक (जे.टि.ए.-स्तर २) को अध्ययन सम्पन्न भएपनि तोकिएको परिक्षा कोभिड १९ को कारण समयमा हुन नसकेकाले समयमा प्राविधिक जनशक्ति उत्पादन गर्न असहज भएको ।
- तालिम केन्द्र(उदयपुर) ले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद सिटीइभीटीले तोके बमोजिम तालिम प्रदान गर्ने अनुमति प्राप्त नभएका कारण लक्षित कार्यक्रम कृषि प्राविधिक (जे.टि.ए.-१८ महिने) तालिमलाई निरन्तरता दिन नसकेको ।

**सिकाईः**

- एक पटकको तालिमले कृषकमा प्रविधिको बुझाई राम्रोसँग नहुने भएकाले, तालिममा सैद्धान्तिक पक्षलाई कम गरि प्रयोगात्मक पक्षलाई जोड दिनुपर्ने देखिन्छ ।
- तालिम सकिएपछि कृषकहरूलाई प्राविधिक सहयोग निरन्तर रुपमा दिने वातावरण बनाई कृषि उत्पादन निर्दिष्ट गर्दै बजारीकरणको सोचको विकास गर्नुपर्ने देखिन्छ ।
- बीउपूँजी वितरण गर्नु अगाडी व्यावसायिक योजना सम्बन्धी तालिम प्रदान गर्ने र बीउपूँजी प्रदान गरी पूँजीको सहि उपयोगका लागि प्राविधिक सहयोगको निरन्तरता आवश्यक देखिन्छ ।
- अनुगमन तथा मूल्यांकन गतिविधिलाई जोड दिँदै सुधार गर्नुपर्ने पक्षहरूका लागि आवश्यक आर्थिक योजना बनाइ कार्यन्वयनमा जोड दिनुपर्ने देखिन्छ। साथ-साथै स्थानीय तहको कार्यक्रमसँग ओरेकले आफ्नो जीविकोपार्जन कार्यक्रम पनि जोड्दै जानुपर्ने देखिन्छ ।
- स्थानीय तहमा किसान, हिंसा प्रभावित तथा पछाडि पारिएका वर्गहरूलाई केन्द्रित गरि निर्माण गरिएका विशेष कार्यक्रमहरूमा ओरेकले आफ्ना लाभान्वित कृषकहरूलाई समन्वय सहकार्य गरी अझ धेरै समूह तथा व्यक्तिहरूलाई आवद्ध गराउन सहयोग गर्नुपर्ने देखिन्छ ।
- ओरेकबाट गठित समुदायस्तरका (स्थानीय) समूहरूलाई सवलीकरण गराउँदै दिगोजीवनयापनका लागि बचत गर्ने तथा व्यवसाय तर्फ उन्मुख गर्न सहकारी तर्फ आवद्धता गराउन जोड दिनुपर्ने देखिन्छ ।

# महिलावादी नेतृत्व

## कार्यक्रमको समग्र उद्देश्य

महिलावादी नेतृत्व कार्यक्रमको उद्देश्य साझेदार संस्थाहरु र समुदायमा आधारित संस्थाहरुको कार्यक्रम र अभ्यासहरुमा महिलावादी दृष्टिकोण विकास गर्नु हो ।

### कार्यक्रमको निर्दिष्ट उद्देश्य

- साझेदार संस्थाको अधिकारमा आधारित विकास कार्यक्रमहरूमा महिलावादी नेतृत्व सिद्धान्तहरू लागू गर्न संस्थागत क्षमता विकास गर्ने ।
- स्थानीयस्तरमा लैङ्गिकतामा आधारित अवरोध र अड्चनका सम्बन्धमा ज्ञान उत्पादन गर्ने जसले दिगो विकास लक्ष्यको कसैलाई पछाडी नछोड्ने सिद्वान्त अनुरुप स्थानीय समावेशी सुसासनका गतिविधिहरुमा क्षमता सवलीकरण गर्छ ।
- साझेदार संस्थाहरुले स्थानियतहमा गर्ने महिलावादी नेतृत्व कार्यक्रममा प्राविधिक सहयोग र सहकार्य गर्ने जुन दिगो विकास लक्ष्यको कसैलाई पछाडी नछोड्ने सिद्दान्त अनुरुप हुनेछ ।

## मुख्य गतिविधिहरू

| बिषय सुची | गतिविधिहरू |
|---|---|
| | गतिविधि १: ओरेकले महिलावादी नेतृत्वमा साझेदार संस्थाहरूको क्षमताको “Appreciative inquiry” द्वारा मुल्यांकन गर्यो । यसमा संस्थाको, रणनीतिक योजना, प्रशिक्षण अभ्यास र समावेशी सुशासनका स्रोत सामग्रीको समीक्षा सहित अनुसन्धान गर्यो। |
| | गतिविधि २: महिलावादी दृष्टिकोणबाट ४ RPs को १९ भन्दा बढी संगठनात्मक नीति र रणनीति समीक्षा गरियो । (जस्तैःयौन उत्पीडन, सुरक्षा नीति, बाल संरक्षण नीति, प्रशासनिक र मानव संसाधन नीति, सुशासन नीति, अनुगमन र मूल्यांकन नीति, सञ्चार नीति, रणनीतिक योजना र वकालत रणनीति) |
| | गतिविधि ३: “Appreciative inquiry” अनुसन्धानको निष्कर्षको आधारमा, ओरेकले समावेशी सुशासनका लागि LNOB को SDG सिद्धान्तको आधारमा महिलावादी नेतृत्वमा चार RPs हरूको प्रशिक्षण सामग्री, प्रशिक्षणको कार्यान्वयन (पद्धति सहित) र शिक्षा प्याकेजहरू को आधारमा क्षमता विकास योजनाको विकास गर्यो । |
| | गतिविधि ४: महिलावादी नेतृत्व र समावेशी सुशासनका लागि RPs हरूको लागि पाँच दिनको आधारभूत प्रशिक्षण म्यानुअल र टूलकिट विकसित गरियो । |

| | |
|---|---|
| | गतिविधि ५: RPs सदस्यहरूका लागि महिलावादी नेतृत्व र समावेशी सुशासनका बारे पाँच दिनको आधारभूत प्रशिक्षण आयोजना गरियो । |
| | गतिविधि ६: चार RPs हरुको लागि महिलावादी नेतृत्व र समावेशी सुसासनका लागि बृहत संचार र वकालत रणनीति बनायो । |
| | गतिविधि ८: ओरक  सहित प्रत्येक RPs का लागि महिलावादी अनुगमन, मुल्यांकन र सिक्ने योजनाको विकास भयो। महिलावादी अनुगमन, मूल्यांकन, उत्तरदायित्व र सिकाई योजनाले व्यवहारगत तथा संरचनागत रुपमा आएका परिवर्तनहरुलाई दस्तावेजीकरण गर्नेछ । |
| बिषय २, ज्ञान उत्पादन (क्षेत्रः राष्ट्रिय र प्रदेश २, ३ र ७) | गतिबिधि १: ओरेकले समावेशी सुसासनका चार प्रमुख विषयगत क्षेत्रहरूमा २६ अनुसन्धान कागजातहरूको समीक्षा गर्यो (जस्तैः राजनीतिक सहभागिता र शासन, न्यायमा पहुँच, महिला विरुद्ध हिंसा, र शान्ति र सुरक्षा) । |
| बिषय ३, प्राबिधिक र अन्य सहयोग (क्षेत्रः प्रदेश २, ३, र ७) | गतिविधि ३: ओरेकले RPs द्वारा विकसित छ वटा  प्रशिक्षण निर्देशिका र ज्ञान सामग्रीहरुको महिलावादी नेतृत्व तथा कसैलाई पछाडी नछोड्ने सिद्धान्त अनुरुप समीक्षा गर्यो । |
| | गतिविधि ७: ओरेकले महिलावादी नेतृत्व कार्यक्रमको लागि आधारभूत अध्ययन सञ्चालन गर्यो। रिपोर्टले परियोजनाको सहभागीको वर्तमान मनोवृत्ति र व्यवहार (चयन गरिएको RPsबाट) साथै समुदाय स्तरमा परिवर्तनको प्रक्रियालाई दःतावेजीकरण गर्नेछ । |

# प्रकाशन


लैङ्गिक समानता तथा सामाजिक न्यायको परिकल्पना गरी ओरेकले हरेक नागरिकको मानवअधिकार सुनिश्चित गर्न स्थानीयस्तरदेखि नीति नियम बनाउने तहसम्म चेतनामूलक, उत्पादनशील तथा पैरवीमूलक कार्यक्रमहरू गर्दै आएको छ । यसै सन्दर्भमा संस्थाले महिला, बालबालिका तथा पछाडि पारिएका समुदायलाई आफ्नो अधिकारप्रति सुसूचित गर्न, संस्थाले उठान गरेका विषयहरू र सञ्चालित कार्यक्रमहरूका बारेमा सूचना प्रवाह गर्न तथा सरोकारवालाहरूसँग पैरवी गर्नका लागि आवश्यक अनुसन्धानहरू गर्नुका साथै अनुसन्धनात्मक प्रतिवेदन, तालिम निर्देशिका, स्रोत सामग्री, समाचार पत्रहरू, ब्रोसर, बुकलेट, पर्चा, फ्याक्टसिट लगायत अन्य आवश्यक सञ्चार सामग्रीहरु प्रकाशन तथा वितरण गर्दै आइरहेको छ। यस वर्ष २०७६/७७ मा प्रकाशित सामग्रीहरू निम्न रहेका छन् :

### प्रतिवेदन/पुस्तक

- ओरेक वार्षिक प्रतिवेदन
- अन्वेषी २०७६

### तालिम निर्देशिका

- न्यायिक समितिका पदाधिकारीहरुकालागि लैङ्गिक समानता सम्बन्धि ३ दिने तालिम निर्देशिका







### बुकलेट

- संविधानमा श्रमिकको अधिकार सम्बन्धि पुस्तिका
- बालविवाह सम्बन्धि सचेतना पुस्तिका
- दाइजोप्रथा सँग सम्बन्धि सचेतना पुस्तिका
- लैङ्गिक विभेदमा आधारित हिंसाका बारेमा सचेत बनौं, सचेत बनाऔं
- १६ दिवशीय अभियानका बारेमा अवधारणापत्र
- सुरक्षित स्थानागमन सम्बन्धित जानकारी पुस्तिका (पुनप्रकाशन)

### पोष्टर

- मेरो शरीर मेरो अधिकार
- किशोरकिशोरी र यौनिकता सम्बन्धि
- यौन दुर्व्यवहार हुनुमा मेरो कुनै दोष छैन
- लैङ्गिक विभेदमा आधारित हिंसा (पुनप्रकाशन)
- प्रजनन् स्वास्थ समस्या र समाधानका उपायहरु (पुनप्रकाशन)
- बालयौन दुर्व्यवहार सम्बन्धि जानकारी






**ब्रोसर/पर्चा**

- नेपालमा महिला स्वास्थ सम्बन्धित तथ्यहरु
- बलात्कार तथा घरेलु हिंसा सम्बन्धी जान्नै पर्ने कुराहरु
- लैङ्गिक विभेदमा आधारित हिंसा तथ्य र वास्तविकता




**स्टिकर**

- बालयौन दुर्व्यवहार सम्बन्धि सचेतनामुलक स्टिकर
- बालबालिका तथा महिलामाथि हुने हिंसा सम्बन्धि सचेतनामुलक स्टिकर



# पत्रपत्रिकामा प्रकाशित ओरेकसँग सम्बन्धित केही समाचारहरु

## समाचारहरु २०७६




## समाचारहरु २०७७




**Man charged with raping daughters**

DHANGADI: A case was filed against a man for involvement in raping his two daughters at Dhangadi Area Police Office in Ghodaghodi Municipality, Kailali on Sunday. The accused raped his 14 and 16-year-old daughters, said police. Police said a search was under way for the absconding person. The victims have been handed over to Worek Nepal. Police said the victims' mother had been employed abroad for some years. — HNS






# आ.व. २०७५/०७६ को आयव्ययको विवरण

**Women's Rehabilitation Centre (WOREC Nepal)**

**Statement of Financial Position**
**As on 31 Ashad 2077 (15 July 2020)**

*Amount in NPR*

| Particulars | Schedule | 2076 / 77 | 2075 / 76 |
|---|---|---|---|
| **Assets** | | | |
| **Fixed Assets** | 1 | **20,038,881.81** | **22,140,085.50** |
| Opening WDV | | 22,140,085.50 | 24,694,424.09 |
| Add: Addition During the Period | | - | - |
| Less: Deletion During the Period | | - | - |
| Less: Depreciation | | (2,101,203.69) | (2,554,338.59) |
| **Current Assets** | | **57,123,008.01** | **45,083,587.66** |
| Advance | 2 | 8,442,133.63 | 2,445,048.75 |
| Cash and Bank Balances | 3 | 48,680,874.38 | 42,638,538.91 |
| **Current Liabilities** | | **11,720,611.13** | **3,284,089.44** |
| Payables | 4 | 11,720,611.13 | 3,284,089.44 |
| **Net Current Asset** | | **45,402,396.88** | **41,799,498.22** |
| **Net Assets** | | **65,441,278.69** | **63,939,583.72** |
| **Balance of Fund** | 5 | **45,402,396.88** | **41,799,498.22** |
| **Capital Fund (Fixed Assets)** | | **20,038,881.81** | **22,140,085.50** |
| **Total** | | **65,441,278.69** | **63,939,583.72** |

Schedules 1-7 and Notes to Account (Schedule-8) forms an integral part of this statement.

As per our report of even date

Ms.Rambati Chaudhary
Chairperson

Ms. Urmila Shrestha
Treasurer

CA Suraj Basnet
For S.Basnet & Co.
*Chartered Accountants*

Mr. Lubha Raj Neupane
Executive Director

Ms.Renu Maharjan
Finance Coordinator

Date: 15 October 2020 / 29 Asoj 2077
Place: Lalitpur, Nepal

**Women's Rehabilitation Centre (WOREC Nepal)**

**Receipt and Expenditure Statement**
**For the Financial Year 1 Sharwan 2076 to 31 Ashad 2077 (17 Jul 2019 to 15 Jul 2020)**

***Amount in NPR***

| **Particulars** | **Schedule** | **2076 / 77** | **2075 / 76** |
|---|---|---|---|
| **Receipt** | | | |
| Donors Grants | ***Table - I*** | 127,265,498.77 | 125,868,211.44 |
| WOREC Contribution to Donor Programmes | ***Table - I*** | 253,553.08 | 139,487.15 |
| WOREC Core | **6** | 4,820,048.80 | 8,144,523.39 |
| **Total Receipt** | | **132,339,100.65** | **134,152,221.98** |
| **Expenditure** | | | |
| Donors Grants | ***Table - I*** | 124,985,694.94 | 125,392,229.93 |
| **WOREC Core** | | | |
| General Administration & Program Operation Expenses | **7** | 6,839,092.64 | 8,102,371.80 |
| **Total Expenditures** | | **131,824,787.58** | **133,494,601.73** |
| **Excess of Receipt over Expenditure** | | **514,313.07** | **657,620.25** |
| **Refund to Donor** | | - | 75,303.00 |
| **Fund Balance** | | **514,313.07** | **582,317.25** |

Schedules 1-7 and Notes to Account (Schedule-8) forms an integral part of this statement.

As per our report of even date

Ms.Rambati Chaudhary
Chairperson

CA Suraj Basnet
For S.Basnet & Co.
*Chartered Accountants*

Mr. Lubha Raj Neupane
Executive Director

Ms.Renu Maharjan
Finance Coordinator

Date: 15 October 2020 / 29 Asoj 2077
Place: Lalitpur, Nepal

**Women's Rehabilitation Centre (WOREC Nepal)**

**Cash Flow Statement**

**For the Financial Year 1 Sharwan 2076 to 31 Ashad 2077 (17 Jul 2019 to 15 Jul 2020)**

***Amount in NPR***

| Particulars | 2076 / 77 | 2075 / 76 |
|---|---|---|
| **Cash from Operational Activities** | **514,313.07** | **582,317.25** |
| 1. Excess over the Expenditures (Surplus) | 514,313.07 | 582,317.25 |
| **2. Cash Before change in changeable Capital** | **2,439,436.81** | **7,432,187.19** |
| (Increase)/decrease in current assets | (5,997,084.88) | 9,029,679.99 |
| Increase (decrease) in current liabilities | 8,436,521.69 | (1,597,492.80) |
| **Net Cash from Operational Activities(1+2)** | **2,953,749.85** | **8,014,504.44** |
| **Cash from Investing activities** | | |
| (Purchase) of Fixed Assets | - | - |
| Depreciation on Fixed Assets | 2,101,203.82 | 2,554,338.59 |
| Sale of fixed assets | | |
| **Net Cash from Investing Activities** | **2,101,203.82** | **2,554,338.59** |
| **Cash from Financing Activities / Funds** | | |
| a. Increase (decrease) in Capital Fund (Fixed Assets) | (2,101,203.69) | (2,554,338.59) |
| b. Changes in Short Term Grants | 3,088,585.49 | 3,161,426.87 |
| c. Changes in Restricted Fund | | |
| **Net Cash from financing Activities** | **987,381.80** | **607,088.28** |
| Increase/(Decrease) in Net Cash Flow (A+B+C) | 6,042,335.47 | 11,175,931.31 |
| Opening Balance of Cash & Bank Balance | 42,638,538.91 | 31,462,607.60 |
| **Closing Balance of Cash and bank balance** | **48,680,874.38** | **42,638,538.91** |

As per our report of even date

Ms.Rambati Chaudhary
Chairperson

Ms. Urmila Shrestha
Treasurer


CA Suraj Basnet
For S.Basnet & Co.
*Chartered Accountants*

Mr. Lubha Raj Neupane
Executive Director

Ms.Renu Maharjan
Finance Coordinator

Date: 15 October 2020 / 29 Asoj 2077
Place: Lalitpur, Nepal

## संस्थाको खर्च विवरण




| | |
|---|---|
| कार्यक्रम खर्च | ८०,३२७,३७६.३२ |
| प्रशासनिक खर्च | १३,०५५,८९१.१६ |
| परिश्रमिक खर्च | ३१,६०२,४२७.४६ |
| | १२४,९८५,६९४.९४ |

---

**संस्थाका कार्यसमिति पदाधिकारी विवरण:**

अध्यक्ष, रामवती चौधरी (थारु)
उपाध्यक्ष, गोमावती पुन (सृजना)
सचिव, चाँदनी राना
कोषाध्यक्ष, उर्मीला श्रेष्ठ
सदस्य, टिका दाहाल
सदस्य, श्याम कुमारी साह
सदस्य, बसन्ती चौधरी
सदस्य, श्री दुर्गा कार्की

### सल्लाहकार:

बरिष्ठ सल्लाहकार डा. रेणु अधिकारी (संस्थापक अध्यक्ष)
सल्लाहकार बिन्दु पोखरेल गौतम
सल्लाहकार डा. पुनम रिसाल

WOREC

ओरेक
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
फोन: (९७७) ०१ ५१८६३७४, ०१ ५१८६०७३
Email :ics@worecnepal.org
Website :www.worecnepal.org